साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क २५ ✪ ३० असार २०८३, मङ्गलबार ✪ 14 July 2026, Tuesday ✪ मूल्य रु. १०/-

## सुकुमवासी के हो र के होइन ? भोट बैङ्क हो ?

पञ्चायतको पतनको परिणामले नै प्रचारमा नदेखिने सामन्तवादी आउरेबाउरे, एमाले, नेपाली काङ्ग्रेस, भारतबाट 'जनयुद्ध' सुरु गरेका 'माओवादी' हरूले काठमाडौं उपत्यकामा आफ्नो मताधिकार सुरक्षित गर्न जिल्ला जिल्लाबाट ओइरेका साधारण व्यापारी, घर-जग्गा व्यापारी, युवाहरूलाई विदेश पठाउने धन्दामा लागेका व्यक्तिहरूसमेत 'सुकुमवासी' मा पारेका छन् ।

**सुकुमवासी को हुन् र को होइनन् ?**

एक, सुकुमवासी के रोजगार गरी (जीविका गरी) खाने गरिबहरू हुन् ? होइन, तिनीहरू रोजगारीको माग लिएर आएका होइनन् ।

दुई, के तिनीहरूको अन्य जिल्लामा एक धुर पनि जग्गा नभएका जोताहा किसान हुन् ? त्यो पनि होइन ।

पशुपति मन्दिरको दक्षिणतिर वाग्मतीको दुवै किनारका पुराना सुकुमवासी भनिने धनाढ्यहरू नै हुन् । ६० वर्षदेखि त्यो ठाउँलाई हेर्दै आएका हरेक उपत्यकाका गरिब, धनी, व्यापारी, साधारण जनता सबैलाई थाहा छ । तिनीहरूले सार्वजनिक भूमि हत्याएर सुकुमवासी समस्या देखाउँदै मालपोतमा रीत पुऱ्याएर लालपुर्जा लिएर नाम मात्रको भूमिकर तिरी बसेका व्यक्तिहरू हुन् ।


काठमाडौंतिरको खोलाका किनाराहरूमध्ये त्यहाँको सिनेमा हल र 'जडीबुटी' कार्यालयसमेत मनोहराका किनारमा थिए । 'जडीबुटी' कार्यालय त सरकारी वा सार्वजनिक सम्पत्ति नै हो । तर, दायाँ-बायाँका ती सबै भूमि तथाकथित सुकुमवासीको नाममा काठमाडौं उपत्यकाको महँगो जग्गालाई सस्तोमा लिई महँगोमा बेच्न पल्केकालाई 'सुकुमवासी' भनियो भने विरोध नहोला ।

यसको अर्को उदाहरण हो - 'सरकारले खोला किनारबाट जोगाउन भन्दै लगिएका सुकुमवासीको सेल्टर ...' (कान्तिपुर, २८ असार २०८३) का परिवारहरू मागी खाने गरिब, काम गरी खान तयार नेपाली हुन् वा अरू नै हुन् ? किन छानबिन हुँदैन ? आश्चर्य छ !

भएका 'सुकुमवासी' पुरानो भाषामा 'हुकुमवासी' वा काठमाडौंको सार्वजनिक भूमि सस्तोमा हात पार्न दिने वचन दिइएका सरकारहरूका एजेन्टहरूबाट ठगिएका परिवार हुन् । २४ घण्टाभित्र थाहा पाउने विषयमा सरकारहरू ८-१० वर्षदेखि किन ढिलो गर्दै छन् भन्ने प्रश्नको उत्तर दिन्छन् - कुन जिल्ला, कुन गाउँ

बाँकी पृष्ठ १२ मा

## भ्रष्ट र पक्षपाती सरकारहरू लामो समय नटिक्ने



भक्तपुर । नेपाल मजदुर किसान पार्टी कोसी प्रदेश समितिको आयोजनामा काठमाडौं उपत्यकामा रहेका कोसी प्रदेशका कार्यकर्ताहरूबिच असार २८ गते भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा पार्टीका सचिव प्रेम सुवालले देश र जनतालाई दुःख दिने राणा शासन र निर्दलीय पञ्चायती व्यवस्था समाप्त भएजस्तै सरकारमा गएर भ्रष्टाचार र पक्षपात गर्ने शासक दलहरू जुनसुकै नामबाट आए पनि समाप्त हुने बताउनुभयो । उहाँले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले लेख्नुभएको 'राजनीतिक कार्यकर्ता बन्ने भाइबहिनीहरूलाई चिठी' पुस्तक अध्ययन गरी देश र जनताको निःस्वार्थ सेवामा पार्टीका साथीहरू समर्पित हुनु जरुरी छ भन्नुभयो ।

सचिव सुवालले जोड दिँदै भन्नुभयो, "भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनीमा संलग्न भएकाहरूलाई जहाँ भए पनि खोजेर कारबाही हुनु आवश्यक छ ।"

उहाँले भन्नुभयो, "पच्चीस सय सत्तरी वर्षअघि नेपालमा जन्मनुभएका गौतम बुद्धले वर्गीय समाजको अध्ययन गरी व्यक्तिगत सम्पत्ति राख्ने बन्दोबस्तको विरोध गर्नुभएको हो । विश्व सर्वहारावर्गका महान नेताद्वय मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादको अपरिहार्यतासम्बन्धी नियम पत्ता लगाउनुभएको हो ।"

उहाँले भन्नुभयो, "विदेशीको गोटी भएर सरकारमा पुगेकाहरूबाट देश र जनताको हित नहुने स्पष्ट छ ।"

नेमकिपा कोसी प्रदेशका संयोजक एवं कार्यक्रमका सभापति उकेश कवांले जबसम्म कामदारवर्ग एक भएर शोषणको विरुद्धमा लाग्दैन तबसम्म शोषकवर्गले दुःख दिइरहने बताउनुभयो ।

अहिलेको सरकारले काम गरी खाने वर्गको हितमा कुनै पनि कानुन निर्माण नगर्ने भएकोले निर्वाचनको समयमा झुटो आश्वासन र विदेशी चलखेलबाट नै चुनाव जितेको उहाँले आरोप लगाउनुभयो ।

संयोजक कवांले भन्नुभयो, "शिक्षा, स्वास्थ्य, विद्युत्जस्ता आधारभूत आवश्यकता निःशुल्क गर्नुपर्नेमा सरकारले थप कर लगाउनाले जनताको जनजीविकामा ठूलो असर पर्नेछ ।"

कार्यक्रममा दिनेश खड्गी, भोजराज बस्नेत, ढकराज थापा, सुनिल शाक्य, वेदप्रकाश श्रेष्ठ, तारानाथ कट्टेल, विष्णुबहादुर खत्रीले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

## भक्तपुर नपाको बीसौं नगरसभा सम्पन्न




भक्तपुर । २०८३ असार ७ गतेबाट सुरु भएको भक्तपुर नगरपालिकाको बीसौं नगरसभा असार २९ गते सम्पन्न भयो ।

नगरसभाका सभाध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिको अध्यक्षतामा सोही दिन बसेको नगरसभाले भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०८३ सर्वसम्मतिले पारित गऱ्यो ।

सभाले भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को खरिद गुरु योजना र वार्षिक खरिद योजना, भक्तपुर नगरपालिकाबाट कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८३, देको मिवा इतापाके जग्गा एकीकरण आयोजनासम्बन्धी घरलाइन र साविक क्षेत्रफलबमोजिम नक्सा पाससम्बन्धी प्रस्ताव र नगरपालिकाको कर्मचारी म्याद थप, तलबी प्रतिवेदन, विकास निर्माण र योजनाहरूको फरफारकसम्बन्धी विविध प्रस्तावहरू पारित गऱ्यो । सभाले भक्तपुर नगरपालिका, भौतिक पूर्वाधार तथा निर्माण मापदण्डसम्बन्धी विनियम, २०६० को परिच्छेद-५ अन्तर्गत रहेको विशेष व्यवस्थामा नयाँ बुँदा नं. १४ थप गर्ने प्रस्ताव पारित गऱ्यो ।

सभामार्फत सभाध्यक्ष प्रजापतिले २० औं नगरसभा उद्घाटन समारोहका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि गण, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी, नगरबासीलगायतमा नगरसभा सफलतापूर्वक सम्पन्न गर्न योगदान पुऱ्याउनुहुने सभासद्हरूलाई समेत धन्यवादज्ञापन गर्नुभयो ।

उहाँले जनप्रतिनिधि जुनसुकै अवस्थामा पनि जनताको सेवाका लागि सधैं तयारी अवस्थामा रहनुपर्ने उल्लेख गर्दै जनप्रतिनिधि र कर्मचारीहरूले जनताको हितलाई केन्द्रमा राखेर जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले गरेका हरेक काम र गतिविधिलाई जनताले सूक्ष्म रूपमा मूल्याङ्कन गरिरहेको उल्लेख गर्दै उहाँले जनविश्वास कायम राख्न पारदर्शी, उत्तरदायी र प्रभावकारी ढङ्गले काम गर्नुपर्ने बताउनुभयो ।

उक्त सभामा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाको २० औं नगरसभाको सङ्क्षिप्त प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

## टेटेले मस्तिष्कको तीक्ष्णता बढ्ने हात र आँखाको समन्वय हुने

भक्तपुर । प्रभात इङ्गलिश सेकेन्डरी स्कूलको आयोजनामा भक्तपुर जिल्लाव्यापी टेबुलटेनिस प्रतियोगिता असार २८ गते सुरु भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रभात इङ्गलिस सेकेन्डरी स्कूल व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले भन्नुभयो, "खेलकुद विज्ञहरूले टेबुल टेनिस खेललाई मस्तिष्कको तीक्ष्णता बढ्ने, हात र आँखाको समन्वय हुने बताएका छन् । यो खेलमा पूरै शरीरको कसरत हुनेछ ।"

टेबुल टेनिस खेलले मानिसको जीवनमा धैर्य भएर सेवा गर्ने सोचाइको विकास गर्ने र कुनै पनि काममा नियमित सेवा गर्ने भावना यो खेलले जगाउने धारणा उहाँले व्यक्त गर्नुभयो ।

राष्ट्रिय भलिबल सङ्घका उपाध्यक्ष एवं विद्यालय व्यवस्थापन समितिका सदस्य गौतमप्रसाद लासिवा, भनपा १० वडाका अध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखा र भक्तपुर टेबुलटेनिस सङ्घका अध्यक्ष प्रेमकृष्ण खर्बुजा, वरदायणी आ.वि.का प्र.अ. कृष्णगोपाल आचार्य, जेन्युइन सेकेण्डरी स्कूलमा प्रिन्सिपल राजन धौभडेलले प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

प्रतियोगिता सञ्चालक समितिका संयोजक मुना बासुकलाको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा आयोजक विद्यालयका प्रिन्सिपल स्वर्णिमा मूललले स्वागत गर्नुभएको थियो ।

प्रतियोगितातर्फ छात्रा टिम इभेन्टसमा प्रभात इङ्गलिश सेकेन्डरी स्कूल र लर्नस एकेडेमी फाइनलमा प्रवेश गर्न सफल भएका थिए । त्यस्तै जेन्युइन सेकेण्डरी स्कुल र प्रोक्सिमा एकेडेमी सेमिफाइनलमा पुग्न सफल भएका थिए ।

छात्र इभेन्ट्स तर्फ प्रभात इङ्गलिश सेकेन्डरी स्कूलको टिम र प्रोक्सिमा इन्टरनेसनल एकेडेमीको टिम फाइनलमा प्रवेश गर्न सफल भए । त्यस्तै जेन्युइन सेकेन्डरी स्कूल र लर्नस एकेडेमी दुवै सेमिफाइनलिस्ट भएका छन् ।

१६ वर्षमुनि छात्रतर्फ उरबी सुवाल (प्रभात इङ्गलिश सेकेन्डरी स्कूल) र सिमोन दुवाल (लर्नस एकेडेमी) सेमिफाइनल प्रवेश गर्न सफल भए । छात्रा १६ वर्षमुनीतर्फ श्रोना बासुकला (प्रभात इङ्गलिश सेकेन्डरी स्कूल) र मालाश्री सुवाल (लर्नस एकेडेमी) सेमिफाइनलमा प्रवेश गर्न सफल भए ।

छात्र १६ वर्षतर्फमा प्रि-क्वाटर राउन्ड सम्मको खेल सम्पन्न भएको थियो ।

छात्र १२ वर्ष मुनितर्फको क्वार्टर फाइनलसम्मका खेलहरू सम्पन्न भएको छ भने छात्रा १२ वर्षमुनितर्फको सेमिफाइनलमा आरोही सुवाल (प्रभात इङ्गलिश सेकेन्डरी स्कूल), आशिका बजगाई (वरदायणी स्कूल), एलिसिया न्ह्छे (प्रभात इङ्गलिश सेकेण्डरी स्कूल), साइना लिवी (प्रोक्सिमा स्कूल) प्रवेश गर्न सफल भएका छन् ।


## ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनबाट प्रेरित हुनुपर्ने



भक्तपुर । नेमकिपा सूर्यविनायक ९ काँकाबारी समितिको आयोजनामा भ्रष्टाचारविरोधी आन्दोलनको संस्मरण कार्यक्रम असार २८ गते सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले २०२५/०२६ सालको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनबारे चर्चा गर्दै त्यसबेला किसानहरूले थोरै थोरै र सङ्गठित नभएका भए किसानहरूले थोरै थोरै बचत गरेको रकम केही टाठाबाठा भ्रष्टाचारीहरूले खाइदिने स्मरण गर्नुभयो ।

बाँकी पृष्ठ १२ मा



कुनै पनि कुरा असम्भव भने छैन । जबसम्म कुनै काम गरिँदैन तबसम्म सधैँजसो त्यो असम्भवझैँ लाग्छ ।

-नेल्सन मन्डेला

## सम्पादकीय

# स्थानीय तह र प्रदेशको बजेटबारे

२००७ सालको राणाविरोधी परिवर्तन, २०१५ सालको पहिलो निर्वाचनबाट बनेको बीपी कोइरालाको प्रजातान्त्रिक सरकार र पछिल्ला प्रजातन्त्र तथा गणतन्त्रका सरकारहरूको समेत हिसाब गर्दा झण्डै नेपाली राजनीतिक नेता र कार्यकर्ताहरूले बजेट र शासन गरेको सालाखाला ५०-६० वर्ष भयो । तर, अहिले पनि शासक राजनीतिक नेताहरू र स्थानीय कार्यकर्ताहरूसमेत 'माल पाएर के गर्नु चाल पाए पो' भन्ने अवस्थामै रुमलिरहेकै छन् ।

के स्थानीय तहको बजेटबारे छलफल गर्दा जनप्रतिनिधिहरूले आ-आफ्ना नगरपालिकाहरूमा 'प्राथमिकताबारे पहिले निर्णय गरेकै हुन् ?' त्यस्तै प्रदेशसभामा पनि सांसदहरूले आ-आफ्ना प्रदेशहरूमा के विषयमा प्राथमिकता दिनेबारे टुङ्गो लगाउने गरेका हुन् ?

सायद चारैतिर आफ्ना गाउँ, नगर क्षेत्र र वडाहरूमा रकमको अङ्क तोक्नेबारे भएको छलफलमा मतभेद र चर्काचर्की हुँदै आएको प्रस्ट छ । अमूक प्रदेशले आफ्नो क्षेत्रको आयस्रोतबारे कहिले एक दुई हप्ता गम्भीर छलफल गर्ने गरेको हो वा होइन भन्ने निर्क्यौल गर्दा हामी कहाँ कहाँ चुक्यौँ भन्ने अनुमान र अनुभव गर्न सकिने सम्भावना हुन्छ ।

प्रदेशको आवश्यकता देशको 'सन्तुलित' विकासको उद्देश्यले घच्घच्याइएको थियो । हिमाली क्षेत्रमा कृषि विकासको निम्ति, सिँचाइको निम्ति नहर निर्माणको रकमबारे विवाद भएको कमै होला । तर, तराईमा त्यो विषय महत्त्वपूर्ण हुन सक्छ । २०४८ सालदेखि नै सदनमा 'सुरुङ मार्ग' र 'रोप वे' (रज्जुमार्ग) बारे चर्चा सुनिएको थियो । तर, पछिल्ला जनप्रतिनिधिहरू किन मौन रहे भन्ने प्रश्न अनुत्तरित छ । साथै सम्बन्धित मन्त्रीहरू पनि मौन नै रहेका छन् ।

त्यस्तै नेपालमा पेट्रोलियम पदार्थपछि सबैभन्दा बढी आयात हुने रासायनिक मल हो । तर, यसबारे सरकारहरू ३५ वर्षसम्म अर्थात् एक पुस्ता मौन बसे । सानो स्वरमा एक दुई जना बुद्धिजीवी बोल्थे - 'नेपालमा रासायनिक मल कारखानाको निम्ति विद्युत् छैन ।' तर, आज विद्युत् भएर पनि 'मल कारखाना' बारे वर्तमान सरकारहरू किन मौन बस्छन् ? उत्तर प्रस्ट छ - भारतले रासायनिक मलको आफ्नो बजार (नेपाल) छोड्दैन र मल कारखाना बनाउन दिइरहेका छैनन् भारतीय पुँजी र व्यापारीहरूले । भारतीय मल कारखानाहरू अर्थात् भारतीय एकाधिकार पुँजीले नेपालमा मल कारखाना बनाउन दिने छैन ।

सत्य त्यही हो भने नेपाली जनताले आ-आफ्ना पालिका र प्रदेशहरूमा विविध ढङ्गका मल कारखानाहरू निर्माण गर्न बुद्धिजीवी र विशेषज्ञहरूको छलफल आवश्यक छ । त्यतातिर किन ध्यान गएन होला ?

बजेटको अर्थ निर्वाचनमा भएको खर्च उठाउने उद्देश्यले ठुलो बजेट आ-आफ्नो क्षेत्रमा विनियोजित हुँदा त्यसबाट उपर गर्ने उद्देश्य अवश्य राखेको होइन होला । नेपाली जनताले त्यसरी सोच्ने छैनन् र जनप्रतिनिधिहरूको दृष्टिकोण त्योभन्दा धेरै उँचो र व्यापक होला भन्ने सोच्नु सकारात्मक होला !

बाहिर सुन्नमा आएअनुसार समस्या 'प्राथमिकता पहिचान' मा होइन बरु नेतृत्वले आफ्नो क्षेत्रमा बजेटको ठुलो भाग खोज्ने विषयको समस्या हो । नेतृत्व उच्च विचार र व्यापक दृष्टिकोण भएको भन्ने अर्थमा जनताले आकलन गरेका हुन्छन् भने छलफलमा चुहिने विषय हो - अर्थतन्त्रको ठुलो भाग नेतृत्वकै पोल्टोमा हुनुपर्छ - जसरी डकैतहरूको रकम बाँडफाँड हुँदा बन्दुकको सङ्ख्या र घटनामा भाग लिने व्यक्तिहरूको सङ्ख्याअनुसार अर्थात् खतरा मोलाइको अर्थमा निर्णय गरिन्छ ।

तर पुँजीवादी व्यवस्थामा राजनीति 'नि:स्वार्थरूपले देश र जनताको सेवा गर्ने' नभई नाफाको भाग वा ठुलै भाग निश्चित गर्न खोजिन्छ ।

हो, त्यसैले देशको विकास अवरुद्ध हुँदै छ र गरिबी पनि हट्दैन र लाखौँ लाख ज्यामी विदेशमा पठाउँदा ज्यामीको 'आवतजावतको रकम' र 'ज्यामीको घरखेत' पनि कम्पनीकै हातमा पर्ने हुँदा समाजका टाठाबाठा र समृद्ध परिवारहरू सानातिना अङ्कलाई हेर्दैनन् बरु हात्तीले जस्तै ससाना पात नटिपी रुखहरूकै हाँगा-बिँगा नै भाँचकुँच गर्दै ठुलै भाग लिन्छन् । बस, बजेटको विवादको नियति पनि त्यस्तै बताइन्छ । नेपाली जनता भने सदा बजेटको रकम त्यही ठाउँमा पुगोस् भन्ने कामना गर्छन् ।

# देशको सन्तुलित विकास आजको आवश्यकता

✍ प्रज्ज्वल

नेपालीलाई देशभित्र रोजगारी नदिने सरकारहरू जनताको हुन सक्दैनन् । रास्वपाको बालेन सरकार गठनको एक सय पन्ध्र दिनयता १ लाखभन्दा बढी नेपालीलाई वैदेशिक रोजगारीमा पठाइयो । २०८० भदौ १७ गते रुसी सेनामा भर्नाको लागि भिजिट भिसामा पठाइएका नेपालीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काइएपछि गोविन्द पन्थीको नेतृत्वमा अनुसन्धान सुरु भयो । सो अनुसन्धानले अध्यागमनका अधिकारी, नेपाल प्रहरी, वैदेशिक रोजगार विभागका अधिकारी, विमान सेवा र ट्राभल एजेन्सीमाथि प्रश्न उठायो । सरकारी सेवाका अधिकारीहरूको सम्पत्ति शुद्धीकरण नहुँदा भिजिट भिसामा ५५ हजारदेखि ७५ हजार रुपैयाँसम्म असुल गर्नेहरू चोखिए । दैनिक १५० देखि २०० जनालाई भिजिट भिसामा पठाइँदा दिनको करिब २ करोड रुपैयाँसम्म उठेको रकम अहिलेसम्म अत्तोपत्तो छैन । त्यसबेला सरकारले ७ जना अध्यागमन अधिकृतसहित ४१ जना माथि सङ्गठित अपराधको मुद्दा चलाएको थियो । सरकारको नेतृत्व फेरिएपछि आर्थिक अपराधसमेतलाई राजनीतिक रङ्ग दिएर मुद्दा फितलो पार्ने वा फिर्ता लिने थप अपराध भयो । देशभरिका वचत तथा ऋण सहकारी संस्थाहरूको अर्बौं रुपैयाँ अपचलनमा रास्वपा सभापति रवि लामिछानेको सङ्गठित अपराधको मुद्दा फिर्ता गरिएको पछिल्लो उदाहरण हो ।

पैतीस वर्षयताका सरकारहरूले सुकुम्वासीको पहिचान गर्न सकेनन् । रास्वपाको बालेन सरकार आएको साढे तीन महिना भयो । बालेन सरकारले पनि सुकुम्वासीको पहिचान गर्न सकेनन् । आजसम्मका सरकारले सुकुम्वासी, भूमिहीन, अव्यवस्थित बसोबासीलाई आ–आफ्नो जिल्लामा व्यवस्थित गर्नु आवश्यक थियो तर गरेनन् । सुकुम्वासी, बेरोजगारी, सङ्गठित अपराध र भ्रष्टाचार व्यवस्थापन गर्न नसक्ने सरकारको औचित्य छैन । बालेन सरकारले वर्तमान सांसद, मन्त्री, न्यायाधीश, सेनाका अधिकारीहरूको सम्पत्ति छानबिन नगर्ने निर्णय गर्नु भ्रष्टाचारीलाई प्रशय दिनु जस्तै हो । पदमा बहाल रहेकाहरूको शुद्धता प्रमाणित गरेर मात्र वालेन सरकार अघि बढ्नु उपयुक्त हुनेछ । मन्त्रीहरूको सम्पत्तिमाथि उठेको प्रश्नको नेपाली जनताले जवाफ पठाएका छैनन् ।

वैदेशिक रोजगार ऐन, २०६४ जारी भएपछि नेपालमा १५०० ओटा म्यानपावर पुग्यो भने परामर्शदाता संस्था ५ हजार बढी पुग्यो । शासक दलका सांसद र मन्त्रीहरू नै यी म्यानपावर कम्पनी र परामर्शदाता संस्थामा प्रत्यक्ष र अप्रत्यक्ष संलग्न भएको सार्वजनिक भइरहेको छ । यसकारण पनि भिजिट भिसाको नाममा वैदेशिक रोजगारीमा पठाइने काममा हालसम्मका सबै गृहमन्त्री संलग्न भएको पनि पुरानो जस्तै भयो । भिजिट भिसाको नाममा वैदेशिक रोजगारीमा परामर्शदाता र म्यानपावर कम्पनीदेखि वैदेशिक रोजगार विभाग, मन्त्रालय र मन्त्रिपरिषदको कार्यालयसम्म आर्थिक लेनदेनको सेटिङमा परेको सार्वजनिक भएको पनि पुरानो भयो ।

मालपोत कार्यालयका एक अधिकारीले २०६५ सालतिर अनियमित आर्थिक लाभ आफूमा मात्र सीमित नहुने यसको भागबन्डा भूमिसुधार मन्त्रीदेखि प्रधानमन्त्रीसम्म पुग्ने, राष्ट्रपतिसम्म पुग्ने नपुग्ने थाहा नहुने बताएका थिए । त्यो सिलसिला अहिले तोडियो वा चालू नै छ, टुङ्गो छैन । भन्सार, मालपोत, यातायात, अदालतसमेतमा आर्थिक कारोवारको अनियमित सेटिङ भइरहेको सार्वजनिक भएको पनि नयाँ होइन । पुँजीवादी राजनीतिक पार्टीहरूले निर्वाचनमा पैसा बाँडेर सरकारमा पुग्ने र सरकारमा पुगेपछि भ्रष्टाचार गर्ने पुरानो परम्परा हो । रास्वपा पनि पुँजीवादी पार्टी भएको हुँदा यसले नेका, एमाले, माओवादी जस्ता पुँजीवादी पार्टीभन्दा कम भ्रष्टाचार गर्ने अपेक्षा गर्न मिल्दैन ।

पैतीस वर्षयताका सरकारहरूले सुकुम्वासीको पहिचान गर्न सकेनन् । रास्वपाको बालेन सरकार आएको साढे तीन महिना भयो । बालेन सरकारले पनि सुकुम्वासीको पहिचान गर्न सकेनन् । आजसम्मका सरकारले सुकुम्वासी, भूमिहीन, अव्यवस्थित बसोबासीलाई आ–आफ्नो जिल्लामा व्यवस्थित गर्नु आवश्यक थियो तर गरेनन् । सुकुम्वासी, बेरोजगारी, सङ्गठित अपराध र भ्रष्टाचार व्यवस्थापन गर्न नसक्ने सरकारको औचित्य छैन । बालेन सरकारले वर्तमान सांसद, मन्त्री, न्यायाधीश, सेनाका अधिकारीहरूको सम्पत्ति छानबिन नगर्ने निर्णय गर्नु भ्रष्टाचारीलाई प्रशय दिनु जस्तै हो । पदमा बहाल रहेकाहरूको शुद्धता प्रमाणित गरेर मात्र वालेन सरकार अघि बढ्नु उपयुक्त हुनेछ । मन्त्रीहरूको सम्पत्तिमाथि उठेको प्रश्नको नेपाली जनताले जवाफ पठाएका छैनन् ।


नवलपरासी जिल्लाको सुस्ता क्षेत्र नेपालको हो । भारतले २०२२ सालमा नेपालको सुस्तामाथि अतिक्रमण गरेको हो । नेपाल मजदुर किसान पार्टीले २०२५ सालमा सुस्तामाथि भारतीय हस्तक्षेपको विरोधमा प्रदर्शन गरेको थियो । नेपालमा भारतीय हस्तक्षेपको यो पहिलो विरोध हो ।

नेपाली सेनाको टोली असार २२ गते सुस्ता पुगेको सार्वजनिक भयो । यस विषयमा भारत सरकारले नेपाल सरकारसँग चासो राख्यो । परराष्ट्र मन्त्रालयले नेपाली सेना विपदको पूर्वतयारी अध्ययन गर्न गएको भारतलाई जवाफ पठायो । रास्वपाको बालेन सरकारले नवलपरासी सुस्ता क्षेत्र नेपालको सार्वभौमिकताभित्रको भएको स्पष्ट लेख्न सकेन । बालेन सरकारले गएको जेठ १७ गते 'नेपालले पनि भारतको सीमा मिचेको छ' बोलेर भारत सरकारसँग आत्मसमर्पण गरेको थियो ।

देशमा रहेका ७५३ स्थानीय तहमा शहरहरू विकास गर्नु जरुरी छ । तर, शहरको विस्तार प्रदेश राजधानी र सङ्घीय राजधानीमा बढ्दो छ । सङ्घीय राजधानी काठमाडौँको मुटु काठमाडौँ महानगरपालिकामा उद्योग–व्यापारको लागि स्थायी र अस्थायी बसोबास बढ्दो छ । सवारी र यात्रुहरूको घुइँचो पनि यही छ । कतिपय नेपाली सडक व्यापार गरी जीवन धान्न यहाँ आएका छन् । महानगरपालिकाका नगर प्रहरी र सडक व्यापारीहरूकोबिच मुठभेड पनि बढ्दो छ । व्यवस्थापनको नाममा महानगरका नगर प्रहरीले असार २५ गते मोटरसाइकलमा 'ह्वील लक' नगरेको भए गणेश नेपाली शरीरमा आफै पेट्रोल खन्याएर आत्मदाह गर्नुपर्ने अवस्थामा पुग्ने थिएन । संविधानले नेपालीलाई देशभरी उद्योग–व्यापार गर्न पाउने अधिकार दिएको छ । यसको अर्थ सरकारले देशको सन्तुलित विकास नगरी केही शहरलाई मात्र अस्तव्यस्त बनाउनु होइन । देशभरिबाट काठमाडौँमा बसाइँसराइ नगराइएको भए नगर प्रहरीको 'ह्वील लक' को सामना यहाँका बसोबासीहरूले गर्नुपर्ने थिएन । झण्डै चार खर्ब रुपैयाँ खर्च हुने र खोना (खोकना) बुङ्गमतीको सम्पदा मासिने बारा–काठमाडौँ द्रुतमार्ग पनि जरुरी हुने थिएन ।

यतिखेर संसारमा स–साना शहर विकासको अवधारणा अघि बढिरहेको छ । नेपाल सरकारले देशभरि नै ७५३ ओटा स्थानीय तहको सदरमुकामलाई व्यवस्थित शहरको रूपमा विकास गरे सडक जाम, प्रदूषण, फोहरमैला, अपराधलगायत हानिकारक अवस्था नेपाली जनताले व्यहोर्नुपर्ने छैन ।

# अतिक्रमणमा परेको जग्गा पशुपतिनाथको नाउँमा ल्याउनु जरुरी




शुक्र

काठमाडौँ पशुपतिनाथको सम्पत्ति तथा गुठी जग्गा अध्ययन एवम् छानबिन समितिले कोष मातहतका तीन कार्यालय र गुठी संस्थानअन्तर्गत पशुपतिनाथको १८ हजार ३८२ रोपनी दुई आना दुई दाम जग्गा रहेको सार्वजनिक गरेको छ ।

सोमध्ये तीन हजार ६ सय ६७ रोपनी चार आना तीन पैसा जग्गा दर्ता प्रमाणित भएको, बैङ्क मौज्दाततर्फ एक अर्ब २९ करोड ३८ लाख ३१ हजार दुई सय १५ रुपैयाँ रहेको र सो रकममध्ये एक अर्बको अक्षय कोष राखिएको उल्लेख छ ।

साबिक लगतअनुसार दर्ता प्रमाणित हुन बाँकी २३१ रोपनी १० आना एक दाम जग्गा छ । एक हजार १६१ रोपनी १४ आना तीन दाम जग्गा ९९ वर्षका लागि त्रिभुवन विमानस्थल र गल्फ खेल्न दिइएको प्रतिवेदनमा उल्लेख छ । मोही जनिएको तारागाउँ रिजेन्सी होटलले १७ रोपनी जग्गा भोग चलन गरिरहेको पनि उल्लेख छ ।

समितिको प्रतिवेदनमा चाबहिलको जोसमणी मठ, गोपीकृष्ण हल नजिकैको नौ रोपनी, बालाजुको नौ रोपनी, सिन्धुपाल्चोकको चार सय रोपनी र गोलढुङ्गाको १५० रोपनी जग्गालाई कोषमातहत ल्याउन तत्काल छानबिन समिति गठन गरी कानुनी प्रक्रिया थाल्नुपर्ने उल्लेख गरिए पनि अहिलेसम्म कुनै प्रक्रिया अघि बढाइएको छैन । प्रतिवेदनमा गौशाला धर्मशालाको कित्ता नम्बर ८३ को चार रोपनी १५ आना दुई पैसा र कित्ता नम्बर ८५ को चार रोपनी १० आना जग्गा पनि कोषमातहतमा ल्याउनुपर्ने उल्लेख छ ।

प्रतिवेदनमा २०५९ वैशाख १५ देखि २०७० जेठ ३० गतेसम्ममा पशुपति क्षेत्रभित्रसहित तिलगङ्गास्थित बी-११, बी-१२, बी-१३ तथा भण्डारखाल, सिफल चौर, कैलाश, पशुपतिनाथ मन्दिर, गुह्येश्वरी मन्दिर, सत्तल, पाटी, शिवालय, मन्दिर, उद्यान, कोष कार्यालय, नदी, बगर, जङ्गलसहित सार्वजनिक क्षेत्रको एक हजार ५०५ रोपनी जग्गा अधिग्रहणमा परेको उल्लेख छ । विभिन्न समयमा जग्गा अधिग्रहण गर्दा गम्भीर लापरबाही भएको कोषका कर्मचारीहरूको मत बाहिरिएको छ । कर्मचारी भन्छन्–"चार आना दिनुपर्ने मोही वा अधिग्रहणमा परेको जग्गाधनीलाई दुई गुणाभन्दा बढी जग्गा दिएर कोषलाई हानि पुऱ्याउने काम भएको छ ।"

कोषका अनुसार करिब एक सय वर्षअघि बनाइएको पशुपतिनाथको नाममा रहेका नौवटा पोखरीमध्ये ६ वटा पोखरीको अस्तित्त्व अहिले छैन । ती पोखरी लोप भएपछि खोजीमा जुटेको भनिए पनि केही पत्तो छैन । पशुपति क्षेत्र विकास कोषले पशुपतिनाथ क्षेत्रअन्तर्गत पर्ने दुई सय ३१ रोपनी १० आना एक दाम जग्गा साबिक लगतबाट दर्ता प्रमाणित हुन बाँकी रहेकोले खोजी कार्य भइरहेको बताएको सार्वजनिक भयो ।

अतिक्रमणमा परेको जग्गा खोज्न विभिन्न समयमा गठन भएको समितिको प्रतिवेदनको आधारमा यसअघि एक हजार पाँच सय पाँच रोपनी जग्गा अतिक्रमणकारीबाट पशुपतिनाथका नाममा ल्याइएको समाचारमा उल्लेख छ । प्रतिवेदनमा उल्लेख भएको दुई सय ३१ रोपनी १० आना जग्गा पहिचान गरी पशुपतिनाथको नाममा ल्याउनु जरुरी छ ।

# शिक्षा नियमावली संशोधन विद्यालय शिक्षा थप सङ्कटमा पर्ने !

विवेक

*विद्यालय व्यवस्थापन समितिमा वडाध्यक्ष, सदस्यहरू रहेकै कारण अभिभावक, शिक्षकहरूसँग समन्वय गर्न सहज भएको छ । शिक्षा विकासमा बाधा पुग्ने विषयहरू छन् भने सुधार गर्नु आवश्यक छ । आफूले जन्माएका बच्चाको माया आमालाई भएजस्तै देशभर विद्यालय स्थापना गर्ने राजनीतिक कार्यकर्ता, समाजसेवी र जनप्रतिनिधिहरूलाई हुनु स्वाभाविक छ । तर, विद्यालय स्थापनामा कुनै योगदान नै नभएका शिक्षामन्त्री र सांसदहरूलाई विद्यालयप्रति केको माया ? महँगा महँगा निजी विद्यालयहरूमा पढेर विदेशी पैसाबाट सञ्चालित गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा काम गरेर विदेशीको इसारामा चल्नेहरूलाई विद्यालयको अवस्थाबारे के थाहा ? सरकारी विद्यालयहरू बन्द नै भए पनि उनीहरूले कुनै मतलब गर्ने छैनन् ।*

सङ्घ सरकारले विद्यालय शिक्षामा गरेको पटक-पटकको हस्तक्षेपले विद्यालय शिक्षा थप कमजोर बन्ने सङ्केत देखिँदै छ । शिक्षा ऐनको निम्ति लामो समयदेखि प्रतिक्षारत शिक्षकहरू शिक्षा नियमावलीमा संशोधनले आश्चर्यमा परेका छन् । यसअघिका सरकारहरूले पनि शिक्षा ऐन ल्याउने वचन दिए पनि पूरा गर्न सकेनन् । शिक्षक आन्दोलनको क्रममा सरकारले शिक्षक सङ्घसित ऐन ल्याउने भनी गरिएको सम्झौता पनि कार्यान्वयन भएन ।

अहिलेसम्मका सरकारहरूले २०२८ सालको पञ्चायतकालीन शिक्षा ऐनलाई नै समयअनुसार संशोधन गर्दै काम चलाउँदै आएका छन् । पञ्चायती व्यवस्था समाप्त भएको ३७ वर्ष, संवैधानिक राजतन्त्र समाप्त भएको २० वर्ष र गणतन्त्र कार्यान्वयनमा आएको १७ वर्ष भयो तर एउटा शिक्षा ऐन पनि ल्याउन सकिएन । यो अहिलेसम्म सरकारमा गएका नेका, एमाले, माओवादीलगायतका शासक दलहरूकै असफलता हो ।

२०८२ साल भदौ २३ र २४ गते भएको अप्रत्यासित घटनापछि फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले झण्डै दुईतिहाइ सीट प्राप्त गर्‍यो । जनताले राजनीतिक स्थायित्व पाउने र नयाँ शिक्षा ऐनमार्फत अहिले शिक्षा क्षेत्रमा देखिएका अन्योल र अस्पष्टताहरू हट्ने अपेक्षा गरेका थिए । शिक्षा मन्त्रालयले ऐन जारी गर्न धेरै समय लाग्ने बहाना देखाउँदै फेरि नियमावली संशोधन गरेर समस्यालाई थप जटिल बनाउँदै छ ।

सरकारले शिक्षा नियमावली २०५९ संशोधन गरेर विद्यालय व्यवस्थापन समितिमा वडाध्यक्ष, वडा सदस्य, शिक्षक र कर्मचारी बस्न नपाउने व्यवस्था गर्‍यो । अझ विद्यालय व्यवस्थापन समितिको सदस्य बन्न कम्तीमा ५ वर्ष अगाडिदेखि कुनै राजनीतिक दलको सदस्यता नलिएको हुनुपर्ने व्यवस्था गरिएको छ । विद्यालय स्थापनामा कुनै योगदानै नभएका व्यक्तिहरूलाई ल्याएर विद्यालय व्यवस्थापन समितिमा राख्नु कति उचित होला ? यस्तो काम गर्न सरकारलाई कुन विदेशी सल्लाहकारले सल्लाह दिएको होला ? नेपालको शिक्षा क्षेत्रको विकास चाहने र नेपाली भावना भएका कुनै पनि नेपाली नागरिकले यस्तो सल्लाह दिन सक्दैन ।

आफूलाई मन परेको राजनीतिक पार्टीको सदस्यता लिन पाउनु बहुदलीय राजनीतिक व्यवस्थाको राम्रो पक्ष हो । यो हरेक नेपाली नागरिकको नैसर्गिक अधिकार हो । आफूलाई मन परेको व्यक्तिलाई मत दिनु, प्रचार प्रसारमा लाग्नु र उम्मेदवार बन्नु उसको इच्छाको कुरा हो । कुनै राजनीतिक पार्टीको सदस्यता लिएकै कारण राज्यले दिएको संवैधानिक अधिकारबाट वञ्चित हुने अवस्था उचित होइन । मन्त्रीस्तरीय निर्णय हालसम्म राजपत्रमा प्रकाशित भइसकेको छैन । नियमावली कार्यान्वयनमा आएपछि पार्टी सदस्य, वडाध्यक्ष र सदस्यहरू, कर्मचारी वा शिक्षक सञ्चालक समितिका लागि अयोग्य मानिने छ । शिक्षा क्षेत्रमा लामो समयसम्म योगदान गर्ने विभिन्न व्यक्तित्वहरू सञ्चालक समितिमा बस्नबाट वञ्चित गर्नु सरकारी विद्यालय शिक्षालाई ध्वस्त पार्ने कदम बन्न सक्छ । यो एकातिर संविधानले प्रत्याभूत गरेको समानताको हकविपरीत हो भने अर्कोतिर जनप्रतिनिधि, वडाध्यक्ष, कर्मचारी र शिक्षकहरूप्रतिको राज्यको तर्फबाट अपमान हो ।

अहिले सञ्चालनमा रहेका अधिकांश विद्यालयहरू गाउँ र सहरका शिक्षाप्रेमी, राजनीतिक अगुवा, समाज सुधारकहरूले स्थापना गरेका हुन् । शिक्षाको माध्यमबाट समाजमा परिवर्तन ल्याउने सपना बोकेर खोलिएका ती विद्यालयहरू नै अहिलेका राम्रा र सफल विद्यालयहरू हुन् । विगतको इतिहासलाई हेर्ने हो भने सत्तल, पाटी, सार्वजनिक भवन, गुठी, घर, चौतारा नै त्यतिबेलाका विद्यालयहरू थिए । त्यसमा धेरै शिक्षक, कर्मचारी, जनप्रतिनिधि, राजनीतिक कार्यकर्ताहरूको योगदान छ । त्यसलाई नकार्न मिल्दैन ।

जनताले मुठीदान, देउसी भैलो, श्रमदान, आर्थिक र जग्गा सहयोग गरेर बनाइएका कैयौँ विद्यालयहरू छन् । त्यसरी योगदान गर्ने कैयौँ व्यक्तित्वहरू अहिले कोही राजनीतिमा, कोही जनप्रतिनिधि, कोही शिक्षक वा कर्मचारी भइरहेका होलान् । के उनीहरूले चाहेर पनि व्यवस्थापन समितिमा बसेर शिक्षा विकासमा योगदान गर्न नपाउने ? सरकारको यो कस्तो बुद्धि हो ?

बेलायत, अमेरिका, जापानजस्ता विकसित देशका ख्यातिप्राप्त विश्वविद्यालयमा अध्ययन गरेर डिग्री लिएर मन्त्री र सांसद बन्दैमा नेपालको शिक्षा बुझ्छन् भन्ने होइन । जसले नेपाल बुझ्छ उसले मात्र नेपालको लागि उचित शिक्षा नीति बनाउन सक्छ । ती देशहरूको पाठ्यक्रमको नक्कल गर्दैमा नेपालको शिक्षा राम्रो हुने होइन । नेपालको लागि नेपालको हावापानी सुहाउँदो शिक्षा आवश्यक छ । शिक्षाको विकास गर्नु सिंहदरबार, सर्वोच्च अदालत र संसद् भवन खरानी बनाउनुजस्तो सजिलो होइन ।

विद्यालय शिक्षा उच्च शिक्षाको जग भएकोले त्यही राम्रो र गुणस्तरीय शिक्षा प्रदान गर्नु आवश्यक छ । नेपालको संविधानले मावि तहसम्मको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएपछि प्रतिस्पर्धाको भावनाको विकास भयो । स्थानीय तहहरूले भौतिक पूर्वाधार निर्माण, शिक्षकको लागि अनुदानको व्यवस्था, निःशुल्क शिक्षाको घोषणाजस्ता शैक्षिक क्षेत्रमा असल अभ्यासहरू गर्न थालियो । यसले विगतको तुलनामा विद्यालय शिक्षा गुणस्तरीय बन्दै गएकोमा कुनै शङ्का छैन ।

विद्यालय व्यवस्थापन समितिमा वडाध्यक्ष, सदस्यहरू रहेकै कारण अभिभावक, शिक्षकहरूसँग समन्वय गर्न सहज भएको छ । शिक्षा विकासमा बाधा पुग्ने विषयहरू छन् भने सुधार गर्नु आवश्यक छ । आफूले जन्माएका बच्चाको माया आमालाई भएजस्तै देशभर विद्यालय स्थापना गर्ने राजनीतिक कार्यकर्ता, समाजसेवी र जनप्रतिनिधिहरूलाई हुनु स्वाभाविक छ । तर, विद्यालय स्थापनामा कुनै योगदान नै नभएका शिक्षामन्त्री र सांसदहरूलाई विद्यालयप्रति केको माया ? महँगा महँगा निजी विद्यालयहरूमा पढेर विदेशी पैसाबाट सञ्चालित गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा काम गरेर विदेशीको इसारामा चल्नेहरूलाई विद्यालयको अवस्थाबारे के थाहा ? सरकारी विद्यालयहरू बन्द नै भए पनि उनीहरूले कुनै मतलब गर्ने छैनन् ।

नेपालको संविधानले आधारभूत शिक्षा अनिवार्य र मावि तहसम्मको शिक्षा निःशुल्क व्यवस्था गरेको छ । सरकारले निःशुल्क शिक्षा ऐन पनि बनाइसकेको छ । निःशुल्कको अर्थ कुनै पनि विद्यालयले कुनै पनि नाउँमा शुल्क लिन नपाउनु हो तर सरकारले निजी विद्यालयलाई स्वीकृति दिएर जथाभावी शुल्क लिन छुट दिएको छ । निजी विद्यालयलाई सरकारले ३ प्रतिशत कर लिने नीतिले अभिभावकहरू थप मारमा परेका छन् । विद्यालयले साउन १ गतेदेखि साबिक लाग्ने शुल्कमा थप ३ प्रतिशत रकम बुझाउन सबै अभिभावकको घर-घरमा बिल पठाइसकेका छन् । यही हो रास्वपा सरकारको शिक्षा नीति ?

अझ शनिबार र आइतबारको बिदाले अभिभावकलाई थप अन्योलमा पारेको छ । बच्चाहरू मोबाइलमा झुम्मिएर उनीहरूको आँखामा समस्या बढेको, पढाइमा ध्यान नदिएको जस्ता गुनासाहरू अभिभावकहरूबाट व्यक्त हुन थालिएको छ । सरकारले बिदालाई घटाउनुको सट्टा नियमावलीमा संशोधन गरी हिउँदे र बर्खे बिदाको कटौती गरेर ४५ दिनको सट्टा ३० दिन दिने गरिएको छ । शिक्षा नियमावलीअनुसार शैक्षिक सत्रभर न्यूनत्तम विद्यालय खुल्ने दिन २२० दिन कायम गरिएको छ ।

कतिपय स्थानीय तहहरूले नियमावलीले तोकेको भन्दा बढी दिन विद्यालय सञ्चालन गरेर पनि शैक्षिक स्तर उठाउने कोसिस गर्दै छन् । सरकारले विद्यालयको लागि जम्मा २२० दिनको मात्र खाजा खर्च पठाउने गरेकोमा बढी दिन चलाएकोमा सोहीअनुसार पालिकाले नै खाजा खर्च व्यहोर्ने गरिएको छ । भक्तपुर नगरपालिकाले हरेक वर्ष ५० लाखभन्दा बढी खाजा खर्च प्रदान गर्दै आएको छ ।

शिक्षा नियमावलीले तीन तहको विद्यालय शिक्षालाई दुई तहमात्र कायम गर्ने गरेको छ- आधारभूत कक्षा १ देखि ८ सम्म र मावि तह ९ देखि १२ सम्म । यसले के कस्तो समस्या ल्याउँछ, राम्रो अध्ययन भएको हो होइन ? धेरै

बाँकी पृष्ठ १० मा

## सन्दर्भ : युगोस्लाभियाको 'बुल्डोजर क्रान्ति'

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन - ३१

रामरतन चौधरी

स्लोबोडान मिलोसेभिच (Slobodan milosevic) सन् १९८९ देखि १९९७ सम्म सर्बियाका राष्ट्रपति थिए । सन् १९९७ जुलाई २३ देखि २००० सम्म सङ्घीय गणतन्त्र युगोस्लाभियाका राष्ट्रपति बने । पश्चिमा सञ्चारमाध्यमहरूले मिलोसेभिचलाई 'कम्युनिस्ट नेता' भनेर प्रचार गर्थे । तर, मिलोसेभिचको शासनकालमा कम्युनिस्ट चरित्रअनुसारको काम भएन । मिलोसेभिचले आफ्नो शासनकालमा उदार अर्थनीतिको नाममा निजीकरणलाई प्राथमिकता दिए । उनको प्रशासनले १९९७ मा सर्बियाको सरकारी स्वामित्वमा रहेको दूरसञ्चार कम्पनी विदेशीलाई बेचेको थियो । इटली र ग्रीसको ओटीई (OTE) समूहले उक्त दूरसञ्चार कम्पनीको ४९ प्रतिशत हिस्सा लगभग १ अर्ब डलर खर्च गरेर किनेका थिए । मिलोसेभिच प्रशासनले सन् १९९८ मा सरकारी स्वामित्वमा रहेको बियोसिन सिमेन्ट कारखाना (Beocin Cement Factory) फ्रान्सेली र बेलायती लगानीकर्ताहरूलाई बेचेको थियो भने राज्यद्वारा सञ्चालित चिनी रिफाइनरीहरू पनि विदेशी लगानीकर्ताहरूले हात पारेका थिए । यसरी मिलोसेभिचले कम्युनिस्ट शासनको नाममा पुँजीपतिवर्गको हितअनुकूल काम गरेका थिए ।

संरा अमेरिका बाल्कन (दक्षिणपूर्वी युरोपको एक भौगोलिक क्षेत्र, जसको नाम बुल्गेरियामा फैलिएको बाल्कन हिमश्रृङ्खलाबाट रहन गएको हो ।) क्षेत्रमाथि आफ्नो पकड बलियो बनाउन चाहन्थ्यो । तर, मिलोसेभिच पुँजीवादी बाटोमा गए पनि अमेरिका र पश्चिमाहरूको कठपुतली बन्न चाहँदैनथे । यसकारण, अमेरिका र पश्चिमाहरूले मिलोसेभिचको शासन उखेलेर युगोस्लाभियालाई छिन्नभिन्न पार्न खोजेका थिए । मिलोसेभिच प्रशासनविरुद्ध सन् १९९१ देखि नै विरोध तथा हडतालहरू भए । संयुक्त राज्य अमेरिकाले मिलोसेभिचको विरोध गर्ने विपक्षी दल, स्वतन्त्र सञ्चार माध्यम र अन्य संस्थाहरूलाई प्रतिवर्ष १० मिलियन डलरसम्म खर्च गरेको थियो । यसकारण, मिलोसेभिचले आफ्नो प्रशासनविरुद्ध लागेका युगोस्लाभियामा क्रियाशील विभिन्न गैरसरकारी संस्था र सञ्चारमाध्यमहरूमाथि कडाइ गर्न खोजेका थिए तर सफल भएनन् ।

सन् २००० सेप्टेम्बर २४ मा युगोस्लाभियाली संसद्को दुवै सदनका लागि निर्वाचन भएको थियो । सो निर्वाचनमा कोसोभो, अल्बानिया र मोन्टेनेग्रोका धरै मतदाताले बहिष्कार गरे । उक्त चुनावको पहिलो चरणमा मिलोसेभिच विपक्षी नेता भोजिस्लाभ कोस्टुनिका (Vojislav Kostunica) सँग पराजित भए । युगोस्लाभ संविधानमा कुनै पनि उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत नपाए शीर्ष दुई उम्मेदवारबिच पुनः चुनाव गर्ने प्रावधान थियो ।

सेप्टेम्बर २५ मा भोजिस्लाभ कोस्टुनिकाको नेतृत्वमा रहेको विपक्षी गठबन्धन Democratic Opposition Serbia ले विजय हासिल गरेको दाबी गर्‍यो । तर, मिलोसेभिचको सर्बियाली समाजवादी पार्टीले हार स्वीकार गरेन । कसैले पनि निर्णायक जित हासिल गर्न नसकेको कारण उनले अक्टोबर ८ मा दोस्रो चरणको मतदान गराउने बताए । सेप्टेम्बर २६ को दिन सङ्घीय निर्वाचन समितिले पनि कुनै उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत नल्याएको कारण पुनः मतदानको आह्वान गर्‍यो । तर, विपक्षी नेता भोजिस्लाभ कोस्टुनिकाले दोस्रो चरणको मतदानमा भाग लिन अस्वीकार गरे । पुनः निर्वाचन गर्ने घोषणाको पश्चिमा मुलुकहरूले पनि विरोध गरे । कोस्टुनिकाले मिलोसेभिचलाई पद त्याग गर्न दबाब दिए ।

सेप्टेम्बर २७ देखि विपक्षीहरूले मिलोसेभिच प्रशासनविरुद्ध विरोध प्रदर्शन सुरु गरे । स्कूलका विद्यार्थीहरूले पैदल यात्रा गरेर मिलोसेभिचको राजीनामा मागे । युगोस्लाभियाका विभिन्न सहरमा हडताल तथा आन्दोलनहरू भए । तर, विपक्षीहरूसँग स्पष्ट विचार तथा योजना थिएन ।

सेप्टेम्बर २९ मा सर्बियाको निम्ति बिजुली उत्पादन गर्ने कोलुबारा कोइला खानीहरूमा हडताल भयो । लाखौँ प्रदर्शनकारीहरूले युगोस्लाभियाको राजधानी बेलग्रेडमा विरोध प्रदर्शन गरे । विरोध प्रदर्शनको क्रममा संसद् भवनमा आगजनी तथा तोडफोड भयो । प्रदर्शनकारीहरूले संसद् भवनको फर्निचर तथा मूल्यवान् सामानहरूसमेत लुटे ।

सन् २००१ अप्रिल १ मा ३६ घण्टाको सशस्त्र भिडन्तपछि मिलोसेभिच पक्राउ परे । संयुक्त राज्य अमेरिकाले मिलोसेभिचलाई 'पूर्व युगोस्लाभियाका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरण' (International Criminal Tribunal for the former Yugoslavia) मा सुपुर्दगी गर्न दबाब दियो । अन्यथा उसले विश्व बैङ्क र IMF को आर्थिक सहयोग रोक्ने धम्की पनि दियो ।

अक्टोबर २ मा मिलोसेभिचले दोस्रो चरणको चुनाव नभएसम्म पद छोड्ने घोषणा गरे । तर, पनि प्रदर्शन रोकिएन । यातायात मजदुरहरूले बेलग्रेडका पुलहरू अवरुद्ध गरे । हडतालको कारण युगोस्लाभियाका धेरै सहर ठप्प भए । असोज ४ मा युगोस्लाभियाको संवैधानिक अदालतले चुनावको नतिजा रद्द गर्‍यो र २००१ मा नयाँ चुनाव आह्वान गर्न आदेश दियो ।

अक्टोबर ५ को दिन विपक्षीले मिलोसेभिचलाई पद त्याग गर्न दिउँसो ३ बजेसम्मको समयसीमा तोक्यो । बेलग्रेडमा विपक्षीले ठूलो जुलुस निकाल्यो । सुरक्षाकर्मीहरूले भिडमाथि अश्रुग्यास प्रहार गरे । यसले प्रदर्शनकारीहरूलाई झन् उत्तेजित बनायो । सोही दिन एउटा बुल्डोजर प्रयोग गरेर हजारौँ कामदार र युवाहरूले संसद् भवन र बेलग्रेडको मुख्य सरकारी टेलिभिजन स्टेसनमा आक्रमण तथा आगजनी गरी संसद् र टेलिभिजन स्टेसन कब्जा गरे । बुलडोजर चालक लुबिसाभ डोकिक थिए । उनले आफ्नो बुलडोजर बेलग्रेडको सार्वजनिक प्रशासन भवनमा ठोकाइदिएका थिए । दङ्गामा ६५ जना घाइते र दुई जनाको मृत्यु भयो । सोही घटनालाई 'बुल्डोजर क्रान्ति' भनेर प्रचार गरियो ।

मिलोसेभिच प्रशासनविरुद्ध विरोध प्रदर्शन बढ्दै गएपछि त्यहाँको सेनासमेत पछि हट्यो । अक्टोबर ६ मा बेलायती सञ्चारमाध्यम 'द गार्जियन' ले प्रदर्शनमा सेना कतै देखा नपरेको र सैन्य अधिकारीहरूले हस्तक्षेप नगर्ने आश्वासन दिएको खुलासा गर्‍यो । त्यसले युगोस्लाभियाली सेना पनि विपक्षीहरूको पक्षमा उभिएको प्रस्ट हुन्छ ।

अक्टोबर ६ मा मिलोसेभिचले आत्मसमर्पण गरे । अक्टोबर ७ मा कोस्टुनिका युगोस्लाभियाको राष्ट्रपति बने । मिलोसेभिचको पतनमा पश्चिमा नेताहरूले हर्षोल्लास मनाए । बेलायतका तत्कालीन प्रधानमन्त्री टोनी ब्लेयर र तत्कालीन अमेरिकी राष्ट्रपति विल क्लिन्टनले टेलिभिजन स्क्रिनमा खुसियालीसमेत मनाए । 'बुलडोजर क्रान्ति' को कारण युगोस्लाभियामा संरा अमेरिकी तथा पश्चिमी कठपुतली सरकार बन्यो ।

जून २८ मा मिलोसेभिचलाई बेलग्रेडबाट हेलिकप्टरमा बोस्निया हर्जगोभिनाको तुज्ला भन्ने ठाउँमा रहेको अमेरिकी एयरबेसमा पुर्‍याएर त्यहाँबाट नेदरल्यान्डको हेग लगियो । संयुक्त राष्ट्र सङ्घको अन्तर्राष्ट्रिय न्यायाधीकरणले मिलोसेभिचलाई बोस्नियाली, क्रोयसियाली र कोसोभो युद्धमा जातीय सफाया गरेको भन्दै युद्ध अपराधको आरोप लगायो । यसरी युगोस्लाभियामा पनि अमेरिकाद्वारा प्रायोजित 'रङ्गीन क्रान्ति' (Colour Revolution) 'बुल्डोजर क्रान्ति' को रूपमा प्रस्तुत भएको देखिन्छ ।

**सन्दर्भ सामग्री**

'The Bulldozer Revolution', 2010 October 5, BalkanInsight
'Revolution and Counter Revolution in Yugoslavia', Alan Woods and Ted Grant, 09 Oct 200, In Defence of Marxism
'A hated regime Crumbles', 6 October 2000,The Guardian

# बालेन सरकारको संविधान संशोधनमा अराजक मार्ग



रामप्रसाद प्रजापति

**रास्वपा एक्लिँदै**

बालेन सरकारको संविधान संशोधनको बहसपत्र तयार गर्न सुझाव सङ्कलन गर्न निर्धारित समयावधि असार मसान्त नजिकिँदै गर्दा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबै दलहरूका प्रतिनिधिहरूलाई सदस्य रहने गरी गठन भएको कार्यदलमा अन्य राजनीतिक दलका प्रतिनिधिहरूले असहमति जनाउँदै फिर्ता भएपछि कार्यदल सङ्कटमा परेको छ ।

संविधान संशोधनका लागि गठित कार्यदलमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रतिनिधि र प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकार असीम शाहको मात्रै प्रतिनिधित्व हुने देखिँदा संविधान संशोधनका लागि गठित कार्यदलको अस्तित्व र वैधानिकतामाथि गम्भीर प्रश्न उठ्नुका साथै संविधान संशोधनको बाटो सङ्कट र अराजकतातर्फ अघि बढ्ने सङ्केत देखिएको विज्ञहरू बताउँछन् ।

कार्यदलमा नेपाली काङ्ग्रेसले सुरुमै आफ्नो प्रतिनिधि पठाएको थिएन । त्यस्तै अन्य राजनीतिक दलहरूले पनि संविधान संशोधनका विषयमा बालेन सरकारको दृष्टिकोणप्रति असन्तुष्टि जनाउँदै कार्यदलबाट आफ्ना प्रतिनिधिहरूलाई फिर्ता बोलाएका छन् ।

अब प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारले एकतर्फी रूपमा संविधान संशोधनसम्बन्धी बहसपत्र प्रस्तुत गर्छन्; कि व्यापक राजनीतिक सहमति जुटाउन कार्यदलको हालसम्मको तयारीलाई स्थगित गर्छन् हेर्न बाँकी छ ।

सुरुमा संविधान संशोधनलाई प्राथमिकतामा राख्ने बालेन सरकारको प्रस्तावलाई दलहरूले स्वागत नै गरेका थिए । तर, रास्वपाको महाधिवेशनका दस्तावेज र प्रधानमन्त्रीका सल्लाहकारका प्रत्यक्ष अप्रत्यक्ष दृष्टिकोणहरूमा एकरूपता, स्पष्टता नदेखिँदा संविधान संशोधनको विषयमा प्रश्न चिह्न खडा भएको हो ।

संविधानसभाले जस्तो वर्तमान प्रतिनिधिसभा (संसद्) ले संविधान निर्माण गर्ने विशेष अधिकार राख्दैन । त्यस्तो शक्ति र क्षमता पनि वर्तमान प्रतिनिधिसभासँग छैन ।

वर्तमान संसद्ले संविधान संशोधन गर्ने अधिकार संविधान प्रदत्त संवैधानिक प्रावधान अनुकूल मात्रै गर्न सक्दछ । जसरी भए पनि संविधान संशोधन गर्ने असीमित अधिकार राख्दैन ।

संविधानसभाले जारी गरेको संविधानको अवधारणा र आधारभूत अपरिवर्तनीय विषय, संरचनालाई परिवर्तन गर्न सक्दैन । जसरी भए पनि संविधान संशोधन गर्ने, प्रदेशसभा विघटन गर्ने, स्थानिय तहको निर्वाचनमा गैरराजनीतिक उम्मेदवार हुनेजस्ता विषय उत्थान हुनु भनेको बालेन सरकारको अराजक यात्रा तय गर्नुजस्तै हो । बालेन सरकारले संविधान संशोधनको मार्ग अराजक रूपमा प्रयोग गर्न मिल्दैन, सक्दैन ।

**कच्चा वैद्यको मात्रा, यमपुरीको यात्रा**

बालेन सरकारले संविधान संशोधनको संयोजन र नेतृत्वको कार्यभार जसरी आफ्नो राजनीतिक सल्लाहकारलाई सुम्पियो, त्यो नै अराजकताको सुरुआती बिन्दुको रूपमा देखिन थाल्यो । सरकारले तोकेको नेतृत्वका कारण सरकारको संविधान संशोधनप्रतिको नियत र परिपक्वतामा कमजोर, अस्थिर रहेको विज्ञहरूको ठम्याइ छ ।

सरकारले वैधानिक र कानुनी रूपमा सार्वजनिक पद धारण नगरेको एवं कुनै सार्वजनिक जवाफदेहिता बहन गर्नु नपर्ने बाह्य व्यक्तिलाई संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदलको संयोजक तोक्नुले सरकारको नियतमाथि प्रश्न उठेको हो ।

त्यस्तै कार्यदलका संयोजकले संविधान संशोधनको स्पष्ट प्राथमिकता र विषयवस्तु निर्धारण नगरी हरेक धारालाई प्रभावित हुने गरी समग्र अन्तर्वस्तुलाई नै एजेन्डाको रूपमा अघि सार्नुले पनि वर्तमान सरकारको नियत संविधानसभा र संविधानकै उपहास गर्ने रहेको भन्दै विज्ञहरूले विरोध गरेका छन् ।

संविधान संशोधनका निश्चित आधार र प्राथमिकता नै तय नगरी संविधानका सम्पूर्ण धाराहरू नै प्रभावित हुने गरी एजेन्डा बनाउँदा सरकारको कार्य अराजक देखिएको विज्ञहरू बताउँछन् । त्यसैले संविधान संशोधनको ठोस प्राथमिकता निर्धारण नगरी सरकारले गरिने कुनै पनि अभ्यास अराजकताको मार्गलाई संस्थागत गर्न खोज्नु हुने संविधानविद्हरू बताउँछन् ।

**प्रतिनिधिसभा नियमावलीमा असंवैधानिक हेरफेर**

बालेन सरकार अराजकतालाई प्रश्रय दिने दिशामा उन्मुख पछिल्लो दृष्टान्त प्रतिनिधिसभा नियमावली, २०८० को नियम १४० को उपनियम ११ लाई संसद्बाट मिति २०८३ जेठ १७ गते पारित गरिनुलाई लिन सकिन्छ ।

नेपालको संविधानको धारा २७४ बमोजिम संविधान संशोधन विधेयक सङ्घीय संसद्का दुवै सदन अर्थात् प्रतिनिधिसभा र राष्ट्रियसभाले छुट्टाछुट्टै आफ्नो तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतले पारित गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ । उक्त धारामा संविधान संशोधनको प्रस्ताव पारित गर्दा दुवै सदनको मत जोड्ने कुनै प्रावधान छैन ।



तर, प्रतिनिधिसभा नियमावलीको नियम १४० को उपनियम ११ मा दुवै सदनको तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको संयुक्त मत जोडेर दुईतिहाइ पुगेमा संविधान संशोधन प्रस्ताव पारित हुने उल्लेख गरेको छ । नियमावलीको यो व्यवस्थाले हरेक सदनमा संविधान संशोधन विधेयक अलग अलग दुईतिहाइ बहुमतले रूपमा पारित हुनुपर्ने अनिवार्यतालाई समाप्त गरेको छ । जसले संविधान संशोधन प्रक्रियामा मुख्य गरी राष्ट्रियसभाको भूमिकालाई सङ्कुचित र निष्क्रिय बनाउन खोजेको प्रस्ट देखिन्छ ।

**संविधान संशोधन कसका लागि हो प्राथमिकता निर्धारण गर**

बालेन सरकारले संविधान संशोधन कसका लागि, कुन वर्गको जनताका लागि गर्न खोजेको हो ? पहिलो प्राथमिकताक्रम निर्धारण गरिनु आवश्यक छ ।

भनिन्छ, यदि सबै कुरा महत्त्वपूर्ण छन् भने वास्तवमा कुनै पनि कुरा महत्त्वपूर्ण छैनन् । त्यसैले व्यापक काम गरिखाने जनताको निःशुल्क शिक्षा, स्वास्थ्य उपचार र रोजगारीको ग्यारेन्टीका लागि सरकारले संविधान संशोधनका विषयवस्तुको प्राथमिकता निर्धारण गर्नु आवश्यक हुन्छ ।

प्राथमिकता निर्धारण नगरी गरिने हरेक काम गन्तव्य थाहा नपाई अघि बढ्ने अराजक प्राणीको जस्तै हुन्छ । जुन आँधीबेहरीको पनि हुन्छ ।

आमूल परिवर्तन व्यापक कामगरि खाने जनताले आफैले सत्ता हासिल गर्न सफलता प्राप्त गरेपछि मात्रै हुने पक्का हो । त्यसैले व्यापक काम गरिखाने जनताको पक्षमा संविधान संशोधनको विषयवस्तु तय गरिनु जरुरी छ न कि मुठीभरका मालपानी, पुँजीपति र निर्वाचन जित्न सहयोग गर्ने लगानीकर्ताको हितलाई प्राथमिकतामा राखी देश हितविरुद्धको संशोधन सह्य हुन्न ।

संविधान संशोधनको अन्तरवस्तु देशको सार्वभौमसत्ता, भूअखण्डता, असंलग्न परराष्ट्र नीति र व्यापक जनताको गाँस, बास, कपासको ग्यारेन्टीतर्फ उन्मुख हुनु जरुरी छ ।

*२०८३ असार २८*

# बुढानीलकण्ठ नगरपालिकाका उपप्रमुख अनिता लामासहितको टोली भक्तपुरमा

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग बुढानीलकण्ठ नगरपालिकाकी उपप्रमुख अनिता लामाको नेतृत्वमा आएको टोलीले भेट गऱ्यो । उक्त भेटमा ख्वप अस्पतालको सञ्चालन, व्यवस्थापन विषयमा अनुभव आदानप्रदान भयो ।

भेटको क्रममा नगर प्रमुख सुनिल प्रजापतिले सरकारद्वारा सञ्चालित अस्पताल, विद्यालय, कलेज तथा विश्वविद्यालयहरू नाफा कमाउने उद्देश्यले नभई जनसेवाका लागि सञ्चालन गरिनुपर्ने बताउनुभयो । उहाँले ख्वप अस्पताल पनि सोही उद्देश्यअनुसार स्थापना भई सञ्चालन भइरहेको उल्लेख गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले कोभिड १९ को महामारीको बेला जनसहभागितामार्फत अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गरिएको उल्लेख गर्दै त्यसले कोभिडको समयमा धेरै बिरामीको ज्यान जोगाउन महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

उहाँले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत सरकारले सोधभर्ना रकम उपलब्ध गराउन ढिलाइ गरे पनि ख्वप अस्पतालले जनतालाई सेवा दिन कुनै अवरोध हुन नदिई निरन्तर सेवा प्रवाह गरिरहेको जानकारी दिनुभयो ।

उपप्रमुख अनिता लामाले बुढानीलकण्ठ नगरपालिकाअन्तर्गत दुई वर्षअघि स्थापना भएको १५ शय्याको बुढानीलकण्ठ नगर अस्पतालले हालसम्म करिब एक लाख सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रदान गरिसकेको जानकारी दिनुभयो ।

उहाँका अनुसार अस्पतालले ओपीडी, सामान्य उपचार, मातृ तथा शिशु स्वास्थ्य सेवा, खोप, प्रयोगशाला परीक्षणलगायत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउँदै नगरपालिकाले अस्पतालको पूर्वाधार तथा सेवाको गुणस्तर सुधारमा निरन्तर लगानी गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाको अनुशासित कार्यशैली र सेवा व्यवस्थापनबाट आफूहरू प्रभावित भएको बताउँदै ख्वप अस्पतालको सञ्चालन प्रणालीबाट सिक्न अध्ययन भ्रमणमा आएको स्पष्ट पार्नुभयो ।

विशेष गरी स्वास्थ्य बीमा कार्यक्रम हाल समस्याग्रस्त रहेको अवस्थामा पनि ख्वप अस्पतालले कसरी सेवा प्रवाहलाई निरन्तरता दिएको भन्ने विषय बुझ्न आफूहरू इच्छुक रहेको उहाँको भनाइ थियो ।

उपप्रमुख लामाले भक्तपुरको भ्रमणबाट अस्पताल सञ्चालन, व्यवस्थापन र स्वास्थ्य सेवा प्रवाहका सम्बन्धमा उपयोगी अनुभव प्राप्त भएको बताउँदै आगामी दिनमा ती सिकाइलाई बुढानीलकण्ठ नगर अस्पतालको सेवा सुधारमा उपयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

भेटपश्चात् नगर प्रमुख प्रजापतिले उपप्रमुख लामालाई मयुरको झ्याल र नगरपालिकाका प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो ।

उक्त भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, बुढानीलकण्ठ नगरपालिका वडा नं. १० का वडाध्यक्ष नवराज भट्टराई, कार्यकारी अधिकृत गोपाल पोखरेल र अस्पताल निर्देशक सुधाँशु झालगायतको उपस्थिति थियो ।

बुढानीलकण्ठ नगरपालिकाकी उपप्रमुख अनिता लामाको नेतृत्वमा आएको टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको स्थलगत निरीक्षण गरेको थियो । निरीक्षणको क्रममा टोलीले अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाहरू, अत्याधुनिक उपकरण, अक्सिजन प्लान्ट, प्रयोगशाला, सिटी स्क्यान, आकस्मिक सेवा तथा अस्पतालको समग्र व्यवस्थापनबारे जानकारी लिएको थियो ।

# प्रथम नगर प्रमुख साँयुजुको निधनमा श्रद्धाञ्जली व्यक्त



भक्तपुर । भक्तपुर नगरपालिकाका प्रथम मेयर (प्रमुख) रत्नसुन्दर साँयुजुको निधनमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले श्रद्धाञ्जली व्यक्त गर्नुभयो ।

नगर प्रमुख प्रजापति बुधबार दिवङ्गत साँयुजुको निवासमा पुगी शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभएको थियो ।

दिवङ्गत नगर प्रमुख साँयुजुको जन्म विसं १९८१ असोज २९ गते भक्तपुर नगरको नासमनाःस्थित मङ्गलाछेँमा भएको थियो ।

उहाँले भक्तपुर नगरपालिकामा विसं २०१० सालदेखि विसं २०१४ सालसम्म नगर प्रमुख भई सेवा गर्नुभएको थियो । जनप्रतिनिधि मात्र नभई उहाँले जनकपुर चुरोट कारखाना, बाँसबारी छाला जुत्ता कारखाना, हुलाक विभाग र वाणिज्य विभागको प्रमुख भई सेवा गर्नुभएको थियो ।

प्रथम नगर प्रमुख साँयुजुले उद्योग मन्त्रालय र श्रम मन्त्रालयमा पनि सरकारी कर्मचारीको रूपमा सेवा गर्नुभएको थियो । भक्तपुर विकास सहयोग संस्थाका संस्थापक सदस्य एवं वरिष्ठ सल्लाहकार भई सेवा गर्नुभएका साँयुजुका धर्मपत्नी राजेश्वरी साँयुजु, छोराहरू - ओम, अशोक र राजेश तथा पाँच जना छोरीहरू हुनुहुन्छ ।

काठमाडौँ महानगरपालिकाको नारायणगोपाल चोक चक्रपथमा बस्दै आउनुभएका साँयुजुको असार १७ गते १०२ वर्षको उमेरमा निधन भएको थियो । परिवारजनका अनुसार उहाँमा कुनै रोग थिएन ।

बुधबारै प्रमुख प्रजापतिले भक्तपुर विकास सहयोग संस्थाका संस्थापक अध्यक्ष राजाराम जोशीसँग पनि भेटवार्ता गर्नुभयो ।

# बैठक सञ्चालन, मिसन पत्रकारिता र समाचार सम्प्रेषण कार्यशाला गोष्ठी

सुर्खेत । कर्णाली कला साहित्य समाज नेपाल, सुर्खेतको आयोजनामा मध्यपश्चिम विश्वविद्यालयमा बैठक तथा सभा सञ्चालन, मिसन पत्रकारिता र समाचार सम्प्रेषण विषयक एकदिवसीय कार्यशाला गोष्ठी शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विकले वर्तमान पुँजीवादी व्यवस्थाको विकल्प अर्को पुँजीवाद हुन नसक्ने विचार व्यक्त गर्नुभयो । हिजोका पुराना दलहरूको विकल्प नयाँ भनिएका शक्तिहरू हुन नसक्ने जिकिर गर्दै उहाँले राजनीतिक दलहरूको जनविरोधी गतिविधिका कारण देशमा समाजवादी व्यवस्था र नेमकिपाको आवश्यकता झनै बढेको दाबी गर्नुभयो ।

नेमकिपा सुर्खेतका उपाध्यक्ष अक्कल रानाले कला र साहित्यको महत्वमाथि प्रकाश पार्नुभयो । रचनात्मक शैली र कलात्मक माध्यमबाट जनताले आफ्नो कुरा सरल रूपमा बुझ्ने भएकाले स्रष्टाहरूले कला-साहित्यको प्रयोगमार्फत देश र जनताको सच्चा सेवा गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यशालाको प्राविधिक तथा वैचारिक सत्रहरूमा दुईवटा विधामा आधारित रहेर प्रशिक्षण प्रदान गरिएको थियो । पहिलो सत्रमा समाजका अध्यक्ष एवं प्रशिक्षक टीकाप्रसाद पोखरेलले बैठक तथा सभा सञ्चालन र पत्राचार विषयमा प्रशिक्षण दिनुभएको थियो । उहाँले बैठक बस्ने औपचारिक विधि, सभाहरूको सञ्चालन प्रक्रिया र आधिकारिक संस्थागत पत्राचारका विषयमा सरल र शिष्ट शैलीमा प्रशिक्षण दिनुभयो ।

दोस्रो सत्रमा प्रशिक्षक प्रकाश ओझेलले मिसन पत्रकारिता र समाचार सम्प्रेषण विषयमा केन्द्रित रहेर तालिम दिनुभएको थियो । उहाँले पत्रकारिताको ऐतिहासिक पृष्ठभूमि, व्यावसायिक पत्रकारिता र मिसन पत्रकारिताबिचको भिन्नता केलाउँदै समाचार सम्प्रेषण गर्दा ध्यान दिनुपर्ने (5W 1H) को नियम र शीर्षक छनोटको कलाबारे प्रस्ट पार्नुभयो ।

प्रशिक्षणकै क्रममा उहाँले विश्व इतिहासमा क्रान्तिकारी छाप छोडेका साहसी र मिसन पत्रकारहरू जोन रिड, अन्ना लुइस स्ट्रङ, भेरोनिका ग्वेरिन र मुन्ताजर अल जैदीको अतुलनीय योगदानको चर्चा गर्दै समाज रूपान्तरणका लागि प्रतिरोधी कलमको आवश्यकतामाथि जोड दिनुभयो ।

वैचारिक मन्थनका साथै कला र साहित्यको सुन्दर संयोजन रहेको उक्त कार्यशालामा स्रष्टाहरूले विभिन्न सिर्जनाहरू प्रस्तुत गरेका थिए । साहित्यकार अङ्ग शाहीले चोटिला मुक्तक, रमा दशनामी गिरी र धनेन्द्र विकले समसामयिक कविता वाचन गर्नुभएको थियो भने छत्रिकाकुमारी बिकले देशभक्तिपूर्ण गीत प्रस्तुत गर्नुभएको थियो ।


समाजका सहसचिव शर्मिला बिकको स्वागत मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रमको सञ्चालन समाजका सचिव छत्रिकाकुमारी बिकले गर्नुभएको थियो । कार्यक्रमका सभापति एवं समाजका अध्यक्ष टीकाप्रसाद पोखरेलले कार्यशालामा सिकेका ज्ञानलाई व्यवहारमा उतार्न जोड दिँदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

# चिनियाँ क्रान्तिकारी नेतृ – याङकाइ हुई

✍ समा

चिनियाँ क्रान्तिको सुरुतिरका एकदमै कम क्रान्तिकारी महिलाहरूमध्ये एक थिइन् -याङकाइ हुई। उनी अध्यक्ष माओ त्सेतुङकी जीवनसङ्गिनी हुन्।

याङकाइ हुईको जन्म सन् १९०१ पानसाङ गाउँमा भएको थियो। पानसाङ (Pantsang) हरिया पहाडहरूले घेरिएको हुनान प्रान्तमा अवस्थित च्याङ्सा (Chyangsha) को सुन्दर गाउँ हो। उनका बुबा याङचाङ ची एक शिक्षक थिए। चीनको भ्रष्ट राजनीति फेर्न चिनियाँ समाजको मौलिक परिवर्तन आवश्यक छ भन्नेमा उनका बुबा विश्वास गर्थे। बेलायत र जापानमा अध्ययनको क्रममा आफ्नो देश निकै सम्झन्थे। त्यसकारण, उनले आफ्नो नाम नै याङ हुआइचुङ (Yang Huai Chung) राखे जसको अर्थ चीनप्रतिको प्रेम हो।



आफ्नो बुबाको प्रभावले याङकाइ हुई सानैदेखि अध्ययनमा अत्यन्त उत्सुक थिइन्। आधारभूत विद्यालय शिक्षा सकेपछि उनले घरमै चिनियाँ भाषाको गहिरो अध्ययन गरिन्। चिनियाँ भाषाको राम्रो आधार प्राप्त गरिन्। अध्ययनको स्वभावबाट विस्तारै उनले सही र गलत छुट्याउन सिकिन्। याङ हुइ चुङ सन् १९१३ मा स्वदेश फर्के। त्यसपछि च्याङसाको हुनान शिक्षक विद्यालय नम्बर १ मा पढाउनको लागि सम्पूर्ण परिवारसहित बसाइँसराइ गरे। माओ त्सेतुङ त्यतिबेला भर्खर २० वर्षको हुनुभयो। उहाँ त्यही विद्यालयमा पढ्दै हुनुहुन्थ्यो। तत्कालीन समयमा जनतामाथि सामन्तवादी युद्धसरदारहरूको शोषण चीनमाथि साम्राज्यवादी देशहरूको जनतामाथि हस्तक्षेप र आक्रमण बढ्न थालेको थियो।

माओ त्सेतुङ र अन्य प्रगतिशील विचारका युवाहरू याङ हुई चुङको घरमा तात्कालीन अवस्थाको विषयमा छलफल र देश र जनतालाई जोगाउने बाटोको खोजीका लागि सल्लाह गर्न जानुहुन्थ्यो।


'मेरो युवा उमेरमा' मा अध्यक्ष माओले याङको विषयमा लेख्नुभएको छ - "मिस्टर याङ मेरो सोचाइ र विचारलाई प्रभावित बनाउने एक व्यक्ति हुनुहुन्थ्यो। पछि पेचिङमा उनी मेरो सच्चा मित्र बने।" याङको घरमा हुने हरेक बैठक र छलफलमा याङकाइ हुई अत्यन्त उत्सुकतापूर्वक सुन्थिन्, अनुशासित भई सहभागी बन्थिन्, आफ्नो विद्यालयको राम्रा र रमाइला खबरहरू बताउँथिन्। देशको जटिल र डरलाग्दो परिस्थितिले उनको कलिलो मस्तिष्कलाई पनि निकै सताएको थियो। याङकाइ हुई चीन र चिनियाँ जनतामाथिको अत्याचारविरुद्ध आक्रोशित हुन्थिन्। अध्यक्ष माओ र युवाहरूले ल्याएका कार्यक्रम र गतिविधिहरूको प्रस्तावमा सुन्दर भविष्यका निम्ति अगाडि बढ्ने बाटोबारे छलफल हुन्थ्यो। तब याङकाइ हुईको आँखामा आशाको किरण उजेलिन्थ्यो। दृढ निश्चयको भावना चम्किलो हुन्थ्यो। ती युवाहरूको जीवन्त छलफलहरूमा उनी खुलेर आफ्ना जिज्ञासाहरू राख्थिन्। आफूलाई लागेको विषय निर्धक्क भन्थिन्।

याङकाइ हुईले अध्यक्ष माओको विचारलाई बुझ्न र आत्मसात गर्न थालिन्। उहाँको विचार प्रचारको एक संवाहक बन्न अग्रसर बनिन्। चीनलाई जोगाउन, चिनियाँ जनतालाई युगौँ युगदेखि दमन गरेको सामन्तवादी व्यवस्था फाल्न, अमेरिकी साम्राज्यवादविरुद्ध सङ्घर्ष गर्न, चिनियाँ जनताको क्रान्ति उठाउन अध्यक्ष माओको विचार र दूरदृष्टिको विकल्प छैन भन्थिन् याङकाइ हुई। त्यो समय उनको वैचारिक तथा सैद्धान्तिक आधार तयार भयो। त्यही विचारधारात्मक विकासले उनलाई पछि एक क्रान्तिकारी कम्युनिस्ट योद्धा बनायो। वर्गसङ्घर्ष र क्रान्ति नै चीन र चिनियाँ जनताको भविष्य हो भन्नेमा उनी दृढ निश्चयी थिइन्।

सन् १९१८ को ग्रीष्म ऋतुमा उनको बुबा पेचिङ विश्वविद्यालयमा अध्यापनको लागि जाँदा परिवार नै उत्तरतिर बसाइँ सर्‍यो। त्यही वर्षको शरद् ऋतुमा अध्यक्ष माओ युवाहरूलाई कार्य-अध्ययन कार्यक्रमअन्तर्गत फ्रान्स पठाउन व्यवस्थापकीय सहयोगको निम्ति पेचिङ पुग्नुभयो। प्राध्यापक याङ ( काइ हुईका बुबा) को सहयोगमा अध्यक्ष माओले पेचिङ विश्वविद्यालयको पुस्तकालयमा काम पाउनुभयो। चाङसामा जस्तै अध्यक्ष माओ र प्रगतिशील र क्रान्तिकारी युवाहरू बैठक, छलफलका निम्ति प्राध्यापक याङको घरमा आउँथे। विभिन्न विचार, दृष्टिकोण, सिद्धान्त र योजनाको विषयमा घण्टौँ विचारविमर्श चल्थ्यो। विशेषतः सन् १९१७ को रुसी समाजवादी अक्टोबर क्रान्तिको पृष्ठभूमि र परिस्थितिमा सर्वहारावर्गका महान गुरू कार्ल मार्क्स र नेता लेनिनको विचारले कसरी मार्ग प्रशस्त गर्‍यो भन्ने सन्दर्भमा लामो-लामो गन्थन चल्थ्यो। याङकाइ हुईले मार्क्सवादी विचार ग्रहण गर्न थालिन्। मार्क्सवादी विचारले उनलाई क्रान्ति र सङ्घर्षप्रति समर्पित हुन थप ऊर्जा मिलेको थियो।

याङकाइ हुईका बुबा प्राध्यापक याङको मृत्यु सन् १९२० जनवरीमा भयो। बुबाको मृत्युपछि उनको परिवार पुनः चाङसा फर्क्यो। त्यतिबेला उनी भर्खर १८ वर्षकी थिइन्। त्यसपछि उनी चाङसाको साम्राज्यवाद र सामन्तवादविरोधी सङ्घर्षमा निकै सक्रियतापूर्वक अगाडि बढिन्। उनी माओ नेतृत्वको हुनान विद्यार्थी सङ्गठनमा आबद्ध भइन्। उनलाई सङ्गठनको प्रचार तथा प्रकाशनको जिम्मेवारी दिइयो। उनले साम्राज्यवाद र सामन्तवादी व्यवस्थाविरुद्ध लेखहरू लेख्न थालिन्। त्यतिमात्र होइन उनी पत्रपत्रिका र बुलेटिनहरू प्रकाशन गरी सामन्तवाद र साम्राज्यवादविरोधी सङ्घर्षलाई विद्यार्थी र युवामाझ सञ्चार गर्दै थिइन्। सङ्गठनको प्रचार एवम् प्रकाशन संयोजकको जिम्मेवारीमा रहँदा उनले हुनान प्रान्तका सम्पूर्ण विद्यार्थी प्रतिनिधि र नेताहरूसँग भेट्ने तथा सहकार्य गर्ने मौका पाइन्। उनी निरन्तर एउटै कुरामा जोड दिन्थिन् -"सङ्घर्षले मात्र हामीलाई विजयी बनाउँछ।" सङ्घर्ष र समर्पणको बाटो चीन र चिनियाँ जनताको मुक्तिको बाटो छ।" सङ्घर्ष र समर्पणको बाटो चीन र चिनियाँ जनताको मुक्तिको बाटो हो भन्दै विद्यार्थी युवाहरूलाई हौस्याउँथिन्।

चीनमा सहशिक्षाबारे निकै कम जानकारी भएको बेला याङकाइ हुई सहशिक्षाको पक्षमा वकालत गर्थिन्। शिक्षा प्रणालीमा सामन्तवादी चिन्तनविरुद्ध उनले सङ्घर्ष गरिन्। पुरुष पढ्ने विद्यालय या विश्वविद्यालयमा



प्रवेशका लागि उनी र अन्य चिनियाँ छोरीहरूले आफ्नो चुल्ठो काटेको घटना रोचक छ। उनी र अन्य युवा नेतृहरूलाई 'कट्टरपन्थी' र 'उग्रक्रान्तिकारी' भनी निन्दा गरिन्थ्यो। तर, प्रतिक्रियावादीहरू उनीहरूको फलामे इच्छाशक्ति र सङ्घर्षको अगाडि टिक्न सकेनन्।

सन् १९२० पछिका वर्षहरूलाई याङकाइ हुईले आफ्ना क्रान्तिकारी वर्षहरू भनेकी छिन्। सन् १९२० जुलाईमा माओ त्सेतुङ चाङसा फर्कनुभयो र मार्क्सवाद-लेनिनवादी विचार प्रचारका निम्ति एउटा सांस्कृतिक पुस्तक पसल खोल्नुभयो। याङकाइ हुईले उक्त काममा सघाइन्। उनले आफ्नी आमालाई बुबाको अन्त्येष्टिमा पुरस्कार स्वरूप प्राप्त पैसाको केही अङ्क पुस्तक पसल निर्माणका लागि चन्दा या सहयोग गर्न अनुरोध गरिन्। उनले आफ्नी आमालाई भनेकी थिइन् - "आमा हामी एक छाक कम खाऔँ। एक जोर लुगा कम फेरौँ। पुस्तक पसल सुरुआतको निम्ति सहयोग गरौँ। यसले मात्र केही अर्थ राख्छ।" पुस्तक पसल निर्माणको लागि उनको भावना र योगदान गज्जबको थियो। त्यो पुस्तक पसलले बृहत् आकारमा मार्क्सवादी पुस्तक र समसामयिक प्रकाशनहरू वितरण गर्‍यो। जसले तात्कालीन समयमा परिष्कृत नयाँ आन्दोलनको आँधी ल्याइदियो। राजनीतिक पार्टी स्थापना गर्ने अध्यक्ष माओको प्रयासका निम्ति त्यो पुस्तक पसल महत्त्वपूर्ण सम्पर्क केन्द्र बनेको थियो।

सन् १९२० को शरद् ऋतुमा अध्यक्ष माओले पहिलो हुनान कम्युनिस्ट समूह निर्माण गर्नुभयो र समाजवादी युवा लिग गठन गर्नुभयो। याङकाइ हुई त्यो युवा लिगको सुरूआती सदस्यहरूमध्ये एक थिइन्। पछि त्यही वर्ष अध्यक्ष माओ र याङकाइ हुईको विवाह भयो। त्यसपछिको वर्ष जुलाइमा चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना भयो। साङ्घाईमा भएको पहिलो पार्टी अधिवेशनमा अध्यक्ष माओ हुनान र होसु हेङ (Ho shu heng) ले कम्युनिस्ट समूहको तर्फबाट प्रतिनिधित्व गर्नुभयो। याङकाइ हुई पार्टीको प्रारम्भिक सदस्यहरूमध्ये एक थिइन्।

चाङसाबाहिर चिङसुइताको घरमा हुनान क्षेत्रीय पार्टी समितिको केन्द्रीय कार्यालय थियो। पार्टीका धेरैजसो बैठकहरू त्यही हुन्थे। त्यसकारण, माओ त्सेतुङ र याङकाइ हुईले त्यसै ठाउँलाई आफ्नो घर बनाए। याङकाइ हुई पार्टी हेडक्वार्टर/कार्यालयको विश्वसनीय सचिव एवम् सम्पर्कव्यक्ति थिइन्। देशका अन्य क्षेत्रबाट आएका कामरेडहरूलाई स्वागत सत्कार गर्ने एवम् व्यवस्थापन गर्ने काम चुस्तताका साथ गर्थिन्। त्यतिमात्र होइन अध्यक्ष माओको विचार पार्टीको विचारलाई प्रवाह गर्न सञ्चार विभागलाई निर्देशन दिन्थिन् र विभिन्न मजदुर, विद्यार्थी र महिला आन्दोलनहरूलाई बाटो देखाउन सघाउँथिन्।

सन् १९२३ अप्रिल महिनामा माओ त्सेतुङ पार्टी केन्द्रीय समितिको कामका लागि साङ्घाई जानुभयो। याङकाइ हुई उहाँसँगै साङ्घाई गइन् र मजदुरहरूको रात्रि कक्षामा पढाउन थालिन्। उनको थाइकट (छोटो) कपाल, कपडाको जुत्ता र साधारण लुगा र उनको व्यक्तित्वले उनलाई त्यो महानगरले छिट्टै स्वीकार्‍यो।

सन् १९२५ फेब्रुअरीमा याङकाइ हुई आफ्नो श्रीमान् माओ त्सेतुङसँग उहाँको जन्मथलो हुनान प्रान्तको शाओशान (Shaoshan) गइन्। उहाँहरूले त्यहाँ गरिब किसानहरूसँग भेट्नुभयो। किसानहरू कसरी जमिनदारहरूबाट शोषित-पीडित छन् भन्ने प्रत्यक्ष अध्ययन गर्नुभयो। उहाँहरूले त्यहाँ किसानहरूको निम्ति करिब २० वटा रात्रि विद्यालयहरू स्थापना गर्नुभयो। ती विद्यालयहरूको प्रमुखको जिम्मेवारी याङकाइ हुईले सम्हालिन्। उनले ती विद्यालयमा स्थानीय नेताहरूको विषय, चीनको इतिहास र भूगोलको विषयसँगै साम्राज्यवादीहरूले चीनमा कसरी हस्तक्षेप गरिरहेका छन् भन्ने विषयमा पढाउँथिन्। उनले स्थानीय गीत बनाएर किसानहरूलाई सुनाइन् -"किसानहरूका लागि जीवन कठिन छ। किसानहरू मिहिनेत गरी उब्जाएको अन्न सबै जमिनदारको भखारीमा पुग्छ। हरदिन हर महिना हातगोडा खियाउनुपर्छ तर सधैं-सधैं हात रित्तो हुन्छ, पेट भोको हुन्छ, अन्नभण्डार रित्तो हुन्छ।" यही यथार्थबोध गराउँदै उनी किसानहरूलाई प्रशिक्षित गर्थिन्। मानिसले मानिसलाई शोषण गर्ने समाजमा किसानहरू बाँच्न परेको यथार्थ तस्बिर उजिल्याउँथिन्।

शोषणको व्यवस्थाविरुद्ध किसानहरू एकजुट नभएसम्म यथार्थ सङ्घर्षको बाटोमा नहिँडेसम्म शोषणबाट मुक्ति सम्भव छैन भन्दै किसानहरूलाई उत्साहित गर्नुहुन्थ्यो। किसानहरूलाई वर्गीय भावना र शिक्षा दिइयो भने चीनजस्तो किसानको देशमा वर्गीय क्रान्ति पर सर्छ भन्ने विचार याङकाइ हुईको हो। उनले किसानहरूको सङ्गठन निर्माण र विस्तारमा योगदान गरे। "साम्राज्यवादी शक्तिहरूलाई परास्त पारौँ ! राष्ट्रिय लज्जाहरूलाई फालौँ मेटाऔँ !" भन्ने नारासहित गाउँगाउँमा किसान समाजहरू निर्माण गरिए। ती सङ्गठनको मुख्य शक्ति या सदस्यहरू गोप्य या भूमिगत रूपले किसान सङ्गठनहरू निर्माण गर्दै थिए। किसान सङ्गठन, समाज र अभियानमा धेरै-धेरै किसानहरू जोडिन थालेपछि अध्यक्ष माओले त्यहाँ साओसान पार्टी एकाइ गठन गर्नुभयो। त्यो पार्टी एकाइ विकट क्षेत्रको पार्टी एकाइहरूमध्ये प्रारम्भिक अर्थात् सुरुआती प्रयास थियो। याङकाइ हुई उक्त पार्टी एकाइको प्रचार संयोजक बनाइन्। त्यो जिम्मेवारीमा याङकाइ हुईको अधिकांश समय व्यतित हुन्थ्यो। घर र बच्चाहरूलाई हुर्काउने, रेखदेख गर्ने जिम्मेवारीसँगै उनी पार्टीले दिएको जिम्मेवारीलाई इमानदारीपूर्वक पूरा गर्थिन्। पार्टीले उनको यही गुणको प्रशंसा गर्‍यो।

सन् १९२५ मा माओ त्सेतुङ क्यान्टोन जानुभयो र त्यहाँ राजनीतिक साप्ताहिक पत्रिकाको सम्पादनमा लाग्नुभयो। त्यो साप्ताहिकले तात्कालीन समयमा क्रान्तिकारी एकता मोर्चालाई गर्ने विभाजन कोमिन्ताङ दक्षिणपन्थी खेमाले गरेको षड्यन्त्रको विरोध गर्‍यो। कोमिन्ताङ दक्षिणपन्थीहरूको प्रतिक्रियावादी प्रवृत्ति तथा षड्यन्त्रविरुद्ध लड्न याङकाइ हुई पनि उक्त साप्ताहिकसँग जोडिइन्।

त्यसपछिको वर्षमा चिनियाँ कम्युनिस्ट पार्टी मात्रको नेतृत्वमा चीनको उत्तरी भाग क्वाङचाउबाट साम्राज्यवाद र सामन्तवादविरुद्धको सङ्घर्षलाई तीव्र बनाइयो। चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्व र प्रभाव बढ्दै गयो। उत्तरी भेगबाट सुरु भएको त्यो अभियान या सङ्घर्षलाई सघाउन माओ त्सेतुङले क्वाङचाउमा किसान आन्दोलनको राष्ट्रिय सङ्घ स्थापना गर्नुभयो। जसले आन्दोलनका मेरुदण्ड कामरेडहरूलाई तालिम दियो।

माओ र चाउएन लाइले नै आन्दोलनका कमान्डर र कामरेडहरूलाई तालिम गर्नुभएको थियो। कार्यालयको काम गर्नुका साथै याङका दुई प्रशिक्षक तालिम कक्षाको विद्यार्थी थिइन्। पछि उनले उत्तरी अभियानका राजनीतिक कार्यकर्ता र सेनालाई तालिम दिइन्। त्यही वर्षको हिउँदमा उनी हुनान प्रान्तको किसान अधिवेशनमा सहयोग गर्न चाङसा फर्किइन्। किसानहरूको त्यो अधिवेशनले जमिनदार र मालिकहरूको शोषणविरुद्ध नयाँ कृषि क्रान्तिको उद्घोष गर्‍यो।

हुनानको त्यो किसान अधिवेशनपछि माओले पाँच हुनान काउन्टीको अनुसन्धान थाल्नुभयो र 'हुनानमा किसान आन्दोलन' भन्ने प्रशिद्ध प्रतिवेदन तयार पार्नुभयो।

याङकाइहरूले त्यो प्रतिवेदन सम्पादन र अन्य प्रति तयारीमा सघाएका थिइन्।



बाँकी पृष्ठ ८ मा

# नवउदारवाद र बुद्धिजीवीहरू

✍ प्रभात पटनायक

तेस्रो विश्वका मुलुकहरूमा नवउदारवादी पुँजीवादका एउटा विशेषता पाइन्छ। यसले कामदार जनता र बुद्धिजीवीहरूबिच एउटा फाटो ल्याउँछ। भारतमा अङ्ग्रेजराज छँदा बुद्धिजीवीहरूले देशको दरिद्र अवस्थालाई उजागर गर्ने जिम्मेवारी वहन गरेका थिए। उनीहरूले उपनिवेशवादका कारण भारतका जनताले भोग्नुपरेको पीडालाई मुखरित गरेका थिए। धेरै बुद्धिजीवीहरूले उपनिवेशवादविरुद्ध चलेको सक्रिय प्रतिरोधमा भाग लिएका थिए। यसबिच उनीहरूले चरम कष्ट र अभाव भोगेका थिए। फलस्वरूप उनीहरूले जनताको सम्मान प्राप्त गरे। भारत स्वतन्त्र भएपछि पनि उनीहरूले जनताको सम्मान पाइरहे। स्वतन्त्रतापछि भारत सरकार योजनाबद्ध विकासको अवधिमा प्रवेश गर्‍यो। ती बुद्धिजीवीले सरकारी नीतिले जनताको जीवनमा पारेका प्रभावहरूलाई इमानदार र आलोचनात्मक भएर नियालिरहे।

पुँजीवाद अघिका समाजहरूको एउटा विशेषता हुन्छ। ती समाजमा सामान्यतया बुद्धिजीवीप्रति सर्वसाधारण जनताले सम्मान देखाउँछन्। उपनिवेशवादविरुद्ध भएको सङ्घर्ष तथा स्वतन्त्रतापछि (भारतजस्ता देशमा) अपनाइएको योजनाबद्ध विकासको अवधिमा बुद्धिजीवीहरूले खेलेको भूमिकाले जनसम्मान थप सुदृढ बनेको थियो।

नवउदावरवादी अर्थनीति आएपछि स्थिति फेरिन्छ। यसले बेरोकटोक पुँजीवादको निर्माण गर्न खोज्छ। यस नीतिले घरेलु एकाधिकार पुँजीलाई विश्वव्यापी वित्तीय पुँजीसँग जोड्छ। यसले समाजलाई पुरानो पुँजीवादी ढर्रामा ढाल्ने लक्ष्य लिन्छ। यसले विभिन्न तवरले बुद्धिजीवीहरूको धारणा फेर्छ। पहिलो, सामुहिक भावनाका सबै अवशेषलाई धुलोपिठो पार्नु र सामाजिक समूहहरूलाई स्वार्थी व्यक्तिहरूको जत्थामा सीमित पार्नु पुँजीवादको सार हो। सोही अनुसार बुद्धिजीवी तप्का पनि जनताको पहरेदार बन्नुको साटो आ-आफ्नै हितमा सीमित व्यक्तिहरूको जत्थामा परिणत हुन्छ। करियरमा जोड, देश-विदेशमा पाइने अवसरको मौका छोपेर वृत्ति विकास गर्ने चाहना आदिलाई बुद्धिजीवीहरूको पनि मूल चासोको विषय बनाइन्छ।

दोस्रो, नवउदारवादी युग सुरु हुनुभन्दा अगाडि बुद्धिजीवीहरूको सामाजिक भूमिकालाई निश्चित सैद्धान्तिक दृष्टिकोणले टेवा दिएको थियो। त्यो दृष्टिकोण थियो, साम्राज्यवादको विरोध। हुन त विभिन्न बुद्धिजीवीहरूबिच सैद्धान्तिक अडानमा छिटफुट मतभेद थिए। तर, बहुसङ्ख्यक बुद्धिजीवीहरू साम्राज्यवाद एक वास्तविकता हो भन्ने विषयमा एकमत थिए। यही बुझाइमा जनतासँग उनीहरूको घाँटी जोडियो र तेस्रो विश्वका बुद्धिजीवीहरू वर्चस्वशाली पश्चिमा सैद्धान्तिक परम्पराबाट पृथक बने। नवउदारवादी नीति आएपछि यो सैद्धान्तिक भिन्नतालाई मेट्ने तथा साम्राज्यवादी देश र तेस्रो विश्वका मुलुकहरूबिच वैचारिक सहमति कायम गर्ने जोडदार प्रयास भयो। पश्चिमा मुलुकहरूको वर्चस्वशाली विचार वा भनौं विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषले मलजल गरेको विचार नै एकमात्र विचार हो भनियो। साम्राज्यवादको प्रतिकार गरेर होइन, बरु साम्राज्यवादलाई अङ्गालेर मात्र तेस्रो विश्वका मुलुकहरूको विकास हुन सक्छ भन्ने विचारलाई अघि बढायो।

सैद्धान्तिक क्षेत्रमा विमति राख्ने स्वरहरूलाई सर्वत्र दबाइयो। तेस्रो विश्वका मुलुकहरूमा पश्चिमा बोलीमा लोली मिलाउने बुद्धिजीवीहरू देखापर्न थालेपछि तेस्रो विश्वका बुद्धिजीवीहरूको एउटा ठुलो हिस्साले साम्राज्यवादी देशमा रोजगारीका अवसरहरू पायो। यति मात्र होइन, तेस्रो विश्वका मुलुकका जनतासँग यी बुद्धिजीवीहरूको दूरी पनि बढ्दै गयो। किनभने, तेस्रो विश्वका जनताको अनुभव साम्राज्यवादी एवम् तेस्रो विश्वका बुद्धिजीवीहरूबिच पैदा भएको सैद्धान्तिक सहमतिसँग पटक्कै मेल खाँदैन। जनताको अनुभव तिनको सैद्धान्तिक मिलापभन्दा ठिक उल्टो छ।

सोभियत मोडलका आफ्नै कमजोरीहरू थिए। तर, त्यसले दशकौँसम्म एउटा वैकल्पिक र प्रेरणादायी मोडल थियो। सोभियत सङ्घको पतनले पनि साम्राज्यवादी बुद्धिजीवीहरू र तेस्रो विश्वका बुद्धिजीवीहरूबिच सहमतिको निर्माण गर्ने समग्र प्रक्रियामा भूमिका खेलेको थियो। यो तथ्यलाई नजरअन्दाज गर्न मिल्दैन।

तेस्रो, अर्थतन्त्रका महत्त्वपूर्ण हिस्साको निजीकरण र वस्तुकरण नवउदारवादी अर्थनीतिको जन्मौटे चिन्ह हो। खासगरी यसले शिक्षालाई निजीकरण गर्छ; शिक्षालाई किनबेचको वस्तु बनाउँछ। यसले आलोचनात्मक क्रियाकलाप गर्ने गरी प्राज्ञ बन्ने लालसालाई मार्न खोज्छ। नयाँ अवस्थामा निजी शैक्षिक संस्थाहरूको लक्ष्य नै बजारमा बेच्न लायक वस्तुको रूपमा विद्यार्थी उत्पादन गर्ने हुन जान्छ। एन्टोनियो ग्राम्स्कीले भने जस्तो उपनिवेशवादबाट मुक्त भएका जनताका ‘जैविक बुद्धिजीवी’ हुनपर्ने ठाउँमा तेस्रो विश्वको समाजमा शिक्षाले आफ्नो मूल लक्ष्य नै गुमाउन पुग्छ। अझ ती निजी शैक्षिक संस्थामा कार्यरत बुद्धिजीवीहरूले विद्यार्थीहरूमा आलोचनात्मक चेत भर्ने काम गरे तिनलाई सजाय पनि तोकियो। अझ यस्ता संस्थामा विद्यार्थी सङ्गठन र विद्यार्थी राजनीतिलाई निरुत्साहित गरियो। यी सबै कार्यले बुद्धिजीवीहरूलाई जनजीवनबाट झन् टाढा लगे। बरु तिनलाई लस्करै विशिष्ट बौद्धिक वस्तु उत्पादनको अलग्गै संसारमा लगियो। छोटोमा भन्नुपर्दा नवउदारवादले बुद्धिजीवीहरूलाई जनताको दैनिक जीवनबाट अलग्याउँछ।

केही दिनअघि पश्चिम बङ्गालको भाजपा सरकारका एक वरिष्ठ मन्त्रीले प्रेजिडेन्सी कलेज र कलकत्ता विश्वविद्यालयको आकर्षण घटेकोमा दुखेसो पोखे। विगतमा यी संस्थालाई भारतका बौद्धिक जागरणका दूत मान्ने गरिन्थ्यो। ती मन्त्रीले पश्चिम बङ्गालको खस्किँदो प्राज्ञिक गरिमालाई निजी क्षेत्रको मद्दतले पुन: उकास्न सकिने बताए। पश्चिम बङ्गालको प्राज्ञिक स्तर खस्केको विषयमा ती मन्त्रीले गरेको विश्लेषण सतही थियो। किनभने,



उनले शिक्षामा सरकारी लगानी घटाउनु त्यसको कारण हो भन्ने तथ्य देख्दै देखेनन्। उनी शिक्षामा सरकारी बजेट नबढाइकन पश्चिम बङ्गालमा शैक्षिक स्तर कायम गर्न चाहन्छन्! (नवफासीवादी सरकारका एक प्रतिनिधिले शैक्षिक स्तर उकास्ने कुरा गर्नु आफैँमा बाझिने कुरा थियो।)

नवउदारवादमा बुद्धिजीवी र जनताबिच आउने फाटोले अर्को दुस्परिणाम ल्याउँछ। यसले नवफासीवादी शक्तिको ढोका खोल्छ। नवफासीवादको उदयमा धेरै तत्वले भूमिका खेल्छन्। सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो, एकाधिकार पुँजी। नवउदारवादी अर्थनीति सङ्कटमा पर्दा आफ्नो दबदबा जोगाउन एकाधिकार पुँजीले नवफासीवादीहरूसँग घाँटी जोड्छ। नवफासीवादीहरूले बहुसङ्ख्यक जनताको मनमा असहाय अल्पसंख्यक जनताविरुद्ध घृणाको प्रचार गर्छन् र जनताबिच फुट ल्याएर मूल बहसलाई ओझेल पार्छन्। नवउदारवादी युगभन्दा अगाडिको जस्तो जनताबिच बुद्धिजीवीहरूले जरा गाड्न सकेको भए फासिवादी प्रचारबाजीले केही नाप्न सक्ने थिएनन्।

वास्तवमा बुद्धिजीवीहरूबिच नवफासीवादी विचारको दाल गल्दैन। तर, जनताबिच यी विचारले भाउ पाएका छन्। किनभने, फासिवादको विरोध गर्ने नाम चलेका बुद्धिजीवीहरू पनि मौन छन्। यसको एउटा कारण नवफासीवादीहरूको डरधम्की हो भने अर्को कारण हो, जनता र बुद्धिजीवीबिच नवउदारवादले जन्माएको फाटो। जनताबिच बुद्धिजीवीहरूको विश्वसनीयता हराएको छ। नवफासीवाद सत्तासीन हुनुको एउटा महत्त्वपूर्ण कारण यो पनि हो।

नवउदारवादले यसरी विभिन्न तवरले नवफासीवादको उदयका लागि मैदान तयार पार्छ। तर, सङ्कट आउनु अनिवार्य छ। नवउदारवादी शासनअन्तर्गत कूल श्रमशक्तिमध्ये जगेडा श्रमिकको सङ्ख्या घटेको छैन। बरु उल्टो यो सङ्ख्या बढ्दै छ। जिडिपी बढे पनि यो सङ्ख्यामा कमी आएको छैन। श्रमको उत्पादनशीलता बढे पनि वास्तविक ज्याला बढेको छैन। (अझ श्रमको उत्पादनशीलता बढ्नु जगेडा श्रमको आकार नघट्नुको खास कारण हो।) यसले आर्थिक उब्जनी बढाएको छ तर उत्पादनको तुलनामा उपभोगको माग कम राखेर अति उत्पादनको सङ्कट ल्याएको छ। यही सङ्कटले अहिले कर्पोरेट-हिन्दूत्व गठबन्धनको पृष्ठभूमि तयार गरेको हो। यसैले गर्दा एकाधिकार पुँजीले नवफासीवादलाई मलजल गरेको हो। नवउदारवादले अरू तरिकाले पनि यो बदलावमा योगदान दिएको छ। ती तरिकामध्ये एक हो, बुद्धिजीवीमाथि जनताको भरोसा नहुनु। नवउदारवादले नै यो भरोसा घटाएको थियो।

नवफासीवादको सत्तारोहणमा नवउदारवादको भूमिका पहिचान गर्ने श्रेय मार्क्सवादलाई जान्छ। नवफासीवादको उदय खोतल्दा उदारवादी विश्लेषकहरू सामाजिक र ऐतिहासिक कारकहरूमा मात्र केन्द्रित हुन्छन्। तर, यसको जरा राजनीतिक अर्थशास्त्रमा छ भनेर बिरलै बोल्छन्। यसरी मूल कारणबारे नबोल्दा नवफासीवादविरोधी सङ्घर्ष कमजोर हुन पुग्छ। संयोगले नवफासीवादीहरू सत्ताबाट हटेछन् पनि तिनीहरू चुनावी प्रक्रियाबाट हट्छन्। तर, अर्थतन्त्र नवउदारवादी चरित्रको छ र त्यसले ल्याउने सङ्कट पनि जारी रहन्छ भने नवफासीवाद फेरिफेरि सत्तामा फर्किनेछ। जस्तो अमेरिकामा डोनाल्ड ट्रम्प पुन: निर्वाचित भए।

तसर्थ, नवफासीवादविरोधी सङ्घर्षले फासीवाद बिउँताइरहने यो परिपाटी नै अन्त्य गर्ने लक्ष्य राख्नुपर्छ। यसको लागि नवउदारवादी अर्थनीतिभन्दा पर जाने लक्ष्य लिनुपर्छ। बुद्धिजीवीहरूले यो तथ्य बुझ्नुपर्छ। उसले जनतासँग काँधमा काँध मिलाउने ऐतिहासिक जिम्मेवारी वहन गर्नुपर्छ। जनतालाई नवफासीवादका खतराहरूबारे सचेत पारेर मात्रै पुग्दैन। एउटा वैकल्पिक आर्थिक एजेन्डामा अघि बढ्नुपर्छ। त्यो अभियानले जनतालाई नवउदारवादले ल्याएको आर्थिक गतिरोध र बेरोजगारीको सङ्कटबाट निकाल्नुपर्ने हुन्छ। नवउदारवादी अर्थनीतिभन्दा पर्तिर गएर मात्र नवफासीवादमाथि विजयी हुन सकिन्छ।

*(लेखक भारतका राजनीतिक विश्लेषक तथा विश्वविख्यात अर्थविद् हुन्। पुँजीवाद, मौद्रिक नीति र समाजवादबारे उनका अनेकौं पुस्तक प्रकाशित छन्।*
***स्रोत : एमआर अनलाइन। सम्यक)***

# आर्थिक सम्प्रभुतामा नयाँ फड्को : बुर्किना फासो

बुर्किना फासोको यातेङ्गा क्षेत्रमा नयाँ सुनखानी सञ्चालनमा आएको छ। सरकारी कम्पनी (SOPAMIB) ले यो सुनखानी सञ्चालन गर्दै छ। अबका १५ वर्षमा यस कम्पनीले सात टन सुन उत्पादन गर्ने अपेक्षा छ। यसले प्रत्यक्ष र परोक्ष गरेर १२ सय रोजगारी सिर्जना गर्नेछ।

सुनखानीको उद्घाटन भइसकेको छ। बुर्किना फासोको पछिल्लो इतिहासमा यो उद्घाटनको आफ्नै महत्त्व छ।

सुन बुर्किना फासोले निर्यात गर्ने प्रमुख वस्तु हो। सुन विदेशी मुद्राको प्रमुख स्रोत पनि हो। आजसम्म देशका तमाम सुनखानीको अधिकांश नाफा विदेशी कम्पनीहरूको हातमा जाने गरेको थियो। यसले देशको विकासमा कुनै उल्लेख्य भूमिका खेल्न सकेको थिएन।

राष्ट्रपति इब्राहिम त्राओरे रणनीतिक उद्योगमा राज्यको भूमिका बढाउने प्रयत्नमा हुनुहुन्छ। यसैको सिलसिला हो नयाँ सुनखानीको उद्घाटन। अधिकारीहरूले खानीको क्षेत्रमा जनताको बढ्दो सहभागिताले गर्दा देशको कूल राजश्व देशभित्रै रहने विश्वास लिएका छन्। देशको पैसा देशमै रहे पूर्वाधार निर्माण, सार्वजनिक सेवा, औद्योगीकरण तथा रोजगारीमा टेवा पुग्नेछ।

एक सरकारी आँकडाअनुसार नयाँ सुनखानीमा झन्डै १०७.७ लाख टन धाप छ। एक टन धापबाट औसत ०.६४ ग्राम सुन निस्किनेछ। आउँदो १५ वर्षमा यसबाट झन्डै ७.२७ टन सुन उत्पादन गर्ने अपेक्षा गरिएको छ।

यो परियोजना सरकारी कम्पनी (SOPAMIB) ले व्यवस्थापन गर्नेछ। बुर्किना फासोका रणनीतिक खानीहरूको रेखदेख गर्न यस कम्पनीको स्थापना गरिएको हो। यसै सिलसिलामा देशको खानी कानुनमा परिमार्जन गरिएको छ। देशको खनिज सम्पदामा जनताको स्वामित्व बढाउन र तिनको रेखदेखमा जनसहभागिता बढाउन यो कानुनी सुधार गरिएको हो।

ऊर्जा, खनिज तथा खानी मन्त्री याकुबा जाब्रे गौबाले यसबारे छरितो टिप्पणी गरे। उनले यसलाई स्रोतसाधनको व्यवस्थापनमा राज्यको दृष्टिमा आधारभूत परिवर्तन भने। उनले भने, “खानीको क्षेत्रमा क्रान्ति आउँदै छ। यसअघि अरुलाई छुट दिएर राज्य निस्क्रिय बस्ने मोडलमा थियौँ। अब राज्य आफै औद्योगिक खेलाडी बन्न सक्छ भन्ने सन्देश जाँदै छ।”

एउटा खबर छापियो, याको नगरपालिकामा सञ्चालनमा आएको बुबुलु सुनखानीमा nueu ३२ अर्ब FCFA (पश्चिम अफ्रिकी मुद्रा) लगानी भएसँगै देशमा प्रत्यक्ष रूपमा ३९ अर्ब FCFA (पश्चिम अफ्रिकी मुद्रा) धन आर्जन हुनेछ भने १०० प्रतिशत राष्ट्रिय नियन्त्रणमा



१२ सय रोजगारी पैदा हुनेछ।

### क्षेत्रीय परिवर्तन

सरकारी सुनखानी सञ्चालन हुनु बुर्किना फासोको उद्योगतन्त्रमा पछिल्लोपल्ट आइरहेको परिवर्तनको सिलसिला हो।

गत दुई वर्षमा सुनको उत्पादनमा सरकारी नियन्त्रण बढाउन सरकारले विभिन्न सुधार गरेको छ। खानी कानुनमा संशोधन गर्नु, सरकारी कम्पनी (SPAMIB) को स्थापना गर्नु, खानीसम्बन्धी विभिन्न पूर्वाधारलाई राज्यको मातहतमा ल्याउनु र देशको पहिलो राष्ट्रिय सुन प्रशोधन केन्द्रको निर्माण गर्नु यिनै सुधारमा पर्छन्।

अधिकारीहरूले यी कदम चालेर सरकारले देशको प्राकृतिक सम्पदाबाट थप मूल्य सिर्जना गर्न चाहेको बताए। यसको लागि सरकारले उत्पादनको प्रशोधन तथा व्यवस्थापन देशभित्रै गर्ने र विदेशीहरूमाथिको निर्भरता घटाउने सोच राखेको उनीहरूले बताए।

बुर्किना फासो अफ्रिकी महादेशको प्रमुख सुन उत्पादक देशमा पर्छ। यो बहुमूल्य धातुले देशको आर्थिक मेरुदण्डको काम गर्दै आएको छ। तर, दशकौंदेखि तीव्र रूपमा सुन उत्खनन गरे पनि यो उद्योगले देशको आर्थिक विकास तथा स्थानीय जनसमुदायको हितमा उति भूमिका नखेलेको अधिकारीहरूले बताए।

बुर्किना फासो, नाइजर र मालीले आफ्ना रणनीतिक स्रोतसाधनमा राज्यको नियन्त्रण सुदृढ बनाउनका निम्ति एकपछि अर्को नीति अवलम्बन गर्दै छन्। खानीसँग सम्बन्धित कतिपय पूर्वाधारलाई उनीहरूले आंशिक राष्ट्रियकरण गरेका छन् भने कतिपय विदेशी कम्पनीका हकमा उनीहरूले वार्ता गरेर करारपत्रमा नयाँ सर्त राखेका छन्।

बुर्किना फासोमा सरकारी स्वामित्वको पहिलो सुनखानीको उद्घाटनसँगै देश औद्योगीकरणको नयाँ अभियानमा प्रवेश गरेको मानिएको छ। यसलाई राज्य र देशको सबैभन्दा मूल्यवान प्राकृतिक सम्पदाबीच सम्बन्धमा रणनीतिक फड्को मारिएको प्रतीकको रूपमा हेरिएको छ। सुनको उत्पादनको लाभलाई देशको सीमाभित्रै राख्ने प्रयत्नका साथ देशको दीर्घकालीन विकासको एजेन्डामा आर्थिक सम्प्रभुतालाई केन्द्रमा राखिएको छ।

*(स्रोत : एमआर अनलाइन।)*

# खामेनीको अन्त्येष्टिमार्फत इरानको शक्ति प्रदर्शन

✍ मारजिय कउही-इस्फहानी

फेब्रुअरी २०२६ मा अमेरिकी-इजरायली सैन्य आक्रमणमा मारिएका इरानका सर्वोच्च नेता अली खामेनीको अन्ततः ९ जुलाईमा अन्त्येष्टि सम्पन्न भयो। अन्त्येष्टिअघि इरानले एक साता लामो सार्वजनिक शोक समारोह आयोजना गऱ्यो, जसमा दसौँ लाख नागरिक सहभागी भए। इस्लामिक परम्परामा मृतकको तुरुन्तै अन्त्येष्टि गनुपर्ने प्रावधान छ। इरानका पहिलो सर्वोच्च नेता आयातोल्लाह रुहोल्लाह खुमैनीको सन् १९८९ मा मृत्यु भएपछि तीन दिनभित्रै अन्त्येष्टि भएको थियो।

दोस्रो सर्वोच्च नेता खामेनीको अन्त्येष्टि मृत्युको चार महिनापछि हुनुपछाडि इस्लामिक गणतन्त्रका केही उद्देश्य थिए। यसै उद्देश्य हासिल गर्न खामेनीको अन्त्येष्टिलाई कुनै प्रतिष्ठित व्यक्तिको राजकीय सम्मानसाथ गरिने अन्त्येष्टिभन्दा बृहत्तर अभ्यासमा परिणत गरियो। अर्थात्, देशको शीर्षस्थ नेताको अन्त्येष्टिलाई इस्लामिक गणतन्त्रले आफ्नो वैधता प्रदर्शन गर्ने एक व्यवस्थित राजनीतिक र कूटनीतिक कार्यक्रम बनायो। यसमार्फत इरानको वर्तमान नेतृत्वले आफूहरूप्रति जनताको समर्थन र वैधता जारी रहेको प्रदर्शन गर्न खोजेजस्तो देखिन्छ।

इरानी अधिकारीका अनुसार, शोक समारोहको तेस्रो दिनसम्ममा झन्डै डेढ करोडभन्दा बढी इरानीले अन्त्येष्टि जुलुसमा भाग लिइसकेका थिए। ७ जुलाईमा 'जमकरन मस्जिद'मा खामेनीको अन्त्येष्टिका क्रममा उपस्थित हुने मानिसको लाइन हवाई फुटेज देशभरका टेलिभिजनमा प्रसारण गरिएको थियो, जुन करिब २५ किलोमिटर लामो रहेको आकलन गरिएको छ।

वर्तमान व्यवस्थाका प्रतीक बनेका व्यक्तिको शोक समारोहलाई व्यापक रूपमा प्रसारित गर्नुको स्पष्ट उद्देश्य इरानी जनता शासन परिवर्तनप्रति उत्सुक छन् भन्ने देशभित्रका एक समूह, पश्चिमी र इजरायली आवाजविरुद्ध बलियो प्रमाण दिनुजस्तो देखिन्छ। एक त, शोक समारोहमा यति ठुलो सङ्ख्यामा इरानीलाई उपस्थित हुन मनाउनु आफैँमा चुनौतीपूर्ण कार्य थियो। अमेरिका-इजरायलले आक्रमण सुरु गर्नुअघि जनवरी २०२६ मा इरानमा ठुलो विरोध प्रदर्शन भएको थियो, जसको व्यापक दमन हुँदा सयौँ जना मारिएका थिए। त्यस आघातबाट इरानी समाजको ठुलो हिस्सा अझै पनि पीडित छ।

यसका बाबजुद इस्लामिक गणतन्त्रले सरकारप्रति वफादारभन्दा बाहिरको जनसङ्ख्यालाई पनि शोक समारोहमा आकर्षित गर्नसक्नु ठुलो सफलता हो। त्यसबाहेक जुन स्तरको भिड जम्मा भयो त्यसको सफल परिचालन गर्न सक्नु र समारोहलाई छिमेकी इराकमा समेत आयोजना गर्न सक्नु इस्लामिक गणतन्त्रका लागि क्षमता प्रदर्शनको अवसर पनि बन्यो। यो स्तरको विशाल भिड व्यवस्थापन गर्न सहभागीलाई जलपान, आश्रय र यातायातसहितको विशाल रसद प्रयास आवश्यकता पर्छ। तर, यसलाई इरानले कुशलतापूर्वक पूरा गरेको छ। त्यसमाथि अमेरिका र इजरायलसँगको तनाव अन्त्य नहुँदै शोक समारोह गरेर तेहरानले दोस्रो प्रमुख लक्ष्य हासिल गरेको छ।



शोकसभाका क्रममा सहभागी दसौँ हजार इरानीले 'अमेरिका मुर्दावाद' र 'इजरायल मुर्दावादको' नारा लगाएको सुनियो। यसमार्फत इरानले आमनागरिक आफ्ना नेताको मृत्युले आक्रोशित छन् र बदला लिन तयार रहेको सन्देश दिन सफल भयो। साथै, यी नारामार्फत इरान मुख्य मुद्दामा सम्झौता गर्नेछैन भन्ने सन्देश पनि दिएको मानिएको छ।

कुनै पनि पश्चिमी सरकारी व्यक्तित्वलाई अन्त्येष्टिमा आमन्त्रित गरिएको थिएन। तर, केही क्षेत्रीय देशका हकमा भने सरकारभन्दा बाहिरका सदस्यलाई पनि निमन्त्रणा गरेको देखियो। उदाहरणका लागि अफगानिस्तानबाट शोक समारोहमा सत्तारूढ तालिवानका प्रतिनिधिमण्डलका साथै विपक्षी नेताहरू विशेषतः राष्ट्रिय प्रतिरोध मोर्चाका अहमद मसुद र जनइस्लामिक एकता पार्टीका अध्यक्ष मोहम्मद मोहकिक पनि सहभागी थिए। ७० भन्दा बढी देशका प्रत्येक प्रतिनिधिमण्डललाई कुरानका अलग-अलग 'आयत' वाचन गरेर स्वागत गरिएको थियो। वाचन गरिएका आयतमार्फत तेहरानले सो देश आफ्नो विदेश नीतिमा कहाँ पर्छ भन्ने देखाउन खोजेको मानिएको छ।

जस्तो साउदी अरबका प्रतिनिधिको स्वागत निम्न आयतवाचन गरियो : 'युद्धमा दुई सेनाबिच भेट हुँदा तिमीहरूका लागि पहिले नै सङ्केत रहेको हुनेछ।' हालैका वर्ष दुई देशबिच सम्बन्ध स्थिर पार्ने प्रयास भइरहे पनि यसलाई उनीहरूको क्षेत्रीय प्रतिद्वन्द्विताको स्पष्ट सम्झनाका रूपमा व्याख्या गरिएको छ।

पाकिस्तानका लागि थप सकारात्मक आयतवाचन गरिएको थियो, 'र भन्नुहोस्, हे अल्लाह ! मलाई सम्मानजनक प्रवेशद्वार र सम्मानजनक निकास दिनुहोस् र तपाईंबाट मलाई सहयोगीको अधिकार प्रदान गर्नुहोस्।' सम्भवतः यो युद्ध अवधिमा इस्लामाबादले गरेको मध्यस्थता प्रयासप्रतिको सङ्केत हुन सक्छ। चीन र रुसजस्ता गैरमुस्लिम देशका प्रतिनिधिमण्डललाई पनि यस्तै कुरानका आयतवाचन गरेर सम्मान गरिएको थियो। खामेनीको अन्त्येष्टिलाई इरानले उसैले भन्ने गरेको 'वैश्विक अहङ्कार' विरुद्धको अवज्ञा र निरन्तर प्रतिरोध प्रदर्शन गर्ने शक्तिशाली राजनीतिक र कूटनीतिक माध्यमका रूपमा प्रयोग गऱ्यो। पश्चिमा शत्रुले एक्ल्याउने प्रयास गरे पनि तेहरानले शोक समारोहमार्फत आफ्नो वैधता, क्षेत्रीय पहुँच, सार्वजनिक समर्थन र निरन्तर परिचालन क्षमता प्रदर्शन गर्न सफल भयो। इरान मात्र होइन सिया मुस्लिमको बाहुल्य रहेको छिमेकी इराकमा पनि दसौँ लाख मानिसले खामेनीको अन्त्येष्टिमा भाग लिए। अत्यन्त उच्च तापक्रम र नयाँ अमेरिकी आक्रमणको खतराका बाबजुद कुनै गम्भीर घटनाविना ठुलो भिडलाई सफलतापूर्वक व्यवस्थापन गर्न सक्नु यसको प्रमाण हो।

*(इस्फहानी डरहम विश्वविद्यालयमा मध्यपूर्वको राजनीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध विषयकी सहायक प्राध्यापक हुन्।)*

**- द कन्भरसेसनबाट**

# टोकियो ट्रायल: न्याय डगदैन

✍ शाओ सिया

टोकियो ट्रायल सुरु भएको ८० वर्षपछि, तिनीहरूको विरासत जीवित छ। यस ८० औँ वार्षिकोत्सवको उपलक्ष्यमा साङ्घाई र नान्जिङमा आयोजित अन्तर्राष्ट्रिय गोष्ठीमा एसिया र बाहिरका इतिहासकार, कानुनविद्, पूर्वकूटनीतिज्ञ र नीति निर्माताहरूले टोकियो परीक्षणको ऐतिहासिक महत्त्व र व्यावहारिक सान्दर्भिकताबारे छलफल गरेका थिए।

अफसोचको कुरा, जापानको मिडियामा यस्ता बहस बिरलै देखिने गर्छ। त्यो मौनताले गहिरो वास्तविकता प्रकट गर्दछ। दशकौँदेखि, टोकियो ट्रायल जापानी ऐतिहासिक संशोधनवादीहरूको लक्ष्य भएको छ, जसले फैसलालाई 'विजयको न्याय' भनी खारेज गर्छ र युद्धकालको आक्रामकताको सम्झनालाई कमजोर पार्ने प्रयास गर्दछ। त्यस अर्थमा, संगोष्ठीबाट सन्देशले विशेष वजन बोक्छः समय बित्छ तर टोकियो ट्रायलको विरासत ओइलाउँदैन।

**क. निर्णयभन्दा बाहिर**

गोष्ठीमा साङ्घाई जिओ टोङ विश्वविद्यालयका चेङ झाओकी, पेइचिङ नर्मल युनिभर्सिटीका वाङ शिउमेई र इतिहासकार वाङ चाओगुआङले टोकियो ट्रायलको महत्त्वलाई पुनः अवलोकन गरे। उनीहरूले तर्क गरे कि न्यायले युद्धपछिको आधारभूत सिद्धान्तको लागि आधार खडा गरेको छः युद्ध कानुनको शक्तिद्वारा सीमित हुनुपर्छ। उनीहरूको साझा धारणा थियो कि शान्ति र सभ्यता बचाउने प्रतिबद्धता, अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तहरूसँगै युद्धपछिको अन्तर्राष्ट्रिय न्याय र अन्तर्राष्ट्रिय व्यवस्थाको लागि महत्त्वपूर्ण आधारको रूपमा काम गरेको थियो।

चीनका लागि मलेसियाका पूर्वराजदूत माजिद खानले सो कुराको प्रतिध्वनि गरे। उनका अनुसार, बढ्दो जटिल विश्वव्यापी चुनौतीहरूको सामना गरिरहेको विश्वमा, टोकियो ट्रायलको गहिरो मूल्य विगतका अपराधहरूलाई सजाय दिनमा मात्र नभई मानवतालाई शान्ति र न्यायको लागि प्रोत्साहित गर्नमा निहित छ। जब पीडालाई सम्झिन्छ र संयम, मानव मर्यादा र अन्तर्राष्ट्रिय सहयोगको सम्मान गर्न प्रेरित गर्दछ, इतिहासले दिगो मूल्य प्रदान गर्दछ।

यसबाहेक, इन्टरनेसनल न्युरेम्बर्ग प्रिन्सिपल्स एकेडेमीका भिभियान डिट्रिच र चाइनिज एकेडेमी अफ सोसल साइन्सेसका जु चीले उल्लेख गरे कि परीक्षणहरू, पूर्व र दक्षिणपूर्व एसियाको धेरै भाग समेटिएको र दर्जनौँ मानिसहरू र पूर्वउपनिवेशहरू समावेश गरिएको, सारमा एक अन्तर-सांस्कृतिक न्यायिक अभ्यास थियो। न्युरेम्बर्ग ट्रिब्युनलको मोडेल पछ्याउँदै, परीक्षणहरूले पहिलो पटक चिह्न लगाइयो कि गैरपश्चिमी राष्ट्रहरूले समान अभियोजन राज्यहरूको रूपमा, साम्राज्यलाई आफ्नो आक्रमणको अपराधको लागि जवाफदेही ठहराए, जुन युद्धपछिको न्याय र अन्तर्राष्ट्रिय कानुन दुवैमा एउटा ल्यान्डमार्क हो।

**ख. चीनको योगदान छ**

ब्राजिलका विद्वान क्यासियस चाइले ठुलो मानवीय पीडालाई कानुनी रूपमा स्वीकार्य प्रमाण र गवाहीमा प्रस्तुत गर्न चिनियाँ अभियोजकहरूको निर्णायक भूमिकाको समीक्षा गर्नुभयो। तिनीहरूको कामले आलोचनात्मक बुझाइ बढाउन मद्दत गऱ्योः आक्रामकता कुनै पनि अर्थमा राजनीतिक कार्य होइन, तर न्यायिक छानबिन र जवाफदेहिताको अधीनमा रहेको कानुनी तथ्य हो। यसबाहेक, चिनियाँ अभियोजकहरूले आक्रामकतालाई कूटनीतिक औपचारिकताहरूद्वारा मात्र परिभाषित गर्न अनुमति दिन अस्वीकार गरे। के महत्त्वपूर्ण छ कि एक आक्रमणकारीले औपचारिक रूपमा युद्धको घोषणा गर्दछ कि होइन, तर यो जानाजानी षड्यन्त्र गर्दछ, शत्रुतापूर्ण कार्यहरूको लागि तयारी गर्दछ र दोहोऱ्याउँछ। यदि आक्रामकको सिर्जित बयानबाजीले अन्तर्राष्ट्रिय कानुनलाई अपहरण गरेको भए यसको प्रतिरोधात्मक शक्तिको अर्थहीन हुने थियो।

धेरै वक्ताहरूले जापानी युद्ध अपराधीहरूप्रति चीनको युद्धपछिको दृष्टिकोण पनि औँल्याए। इतिहासकार जिन यिलिनले चीनबाट स्वदेश फिर्ता भएका पूर्वजापानी युद्ध अपराधीहरूद्वारा आयोजित चीनबाट फर्किएकाहरूको सङ्घार शान्ति र चीन-जापान मित्रता प्रवर्द्धनमा यसले खेलेको सक्रिय भूमिकाबारे कुरा गर्नुभयो। यो विशेष गरी ध्यान दिन लायक छ कि लगभग एक हजार स्वदेश युद्ध अपराधीहरूमध्ये, केवल एकले पछि आफ्नो स्वीकारोक्तिलाई पछि अस्वीकार गरे। यो मानव इतिहासमा कुनै चमत्कारभन्दा कम छैन।

**ग. प्रतिबिम्ब र चेतावनी**

जापानी अति दक्षिणपन्थी शक्तिहरूले वैधानिकताको सिद्धान्तको आह्वान गरेको प्रतिक्रियामा, प्रोफेसर लेङ सिन्युले यो सिद्धान्तले फैसलाको वैधानिकतालाई कमजोर पार्न सक्दैन भनेर औँल्याए। पोट्सड्याम घोषणा र आत्मसमर्पणको उपकरण स्वीकार गरेर, जापान कानुनी रूपमा यसमा समावेश बाध्यकारी प्रतिबद्धताहरूको सम्मान गर्न बाध्य छ।

धेरै सहभागीहरूले चेतावनी दिए कि जापानमा ऐतिहासिक संशोधनवाद निरन्तर बलियो हुँदै आएको छ। पेइचिङ नर्मल युनिभर्सिटीका लियाओ सिपिङले परीक्षणको महत्त्वलाई अस्वीकार गर्ने प्रयास जापानी समाजमा लामो समयदेखि चलिरहेको अन्डरकरेन्ट भएको बताए। विडम्बनाको रूपमा, त्यस्ता प्रयासहरूले मात्र परीक्षणहरू कति सान्दर्भिक रहन्छन् भनेर देखाउँछन्। संशोधनवादीहरू इतिहासबाट उम्कन सक्दैनन् र तिनीहरूको सङ्घर्षले कारण मात्र देखाउँछ।

जापानी विद्वान हिरोशी शिरातोरीले टोकियो ट्रायललाई जापानको युद्धपछिको शान्तिवादको जगको रूपमा वर्णन गरे। उनले बढ्दो सैन्य निर्माण र बढ्दो रक्षा खर्चले इतिहासका गल्तीहरू दोहोरिने खतरा रहेको चेतावनी दिए।

प्रोफेसर मसाताका मोरीले अझ कडा चेतावनी दिए। जापानका अति दक्षिणपन्थी सेनाहरूले यो फैसलालाई विजयीहरूको एकतर्फी निर्णयको रूपमा चित्रण गरिरहन्छन् र जापानले आक्रमणको सट्टा आत्मरक्षाको युद्ध लडेको दाबी गर्दछ। यी कथाहरू बढ्दो रूपमा यासुकुनी युद्ध मन्दिरको भ्रमण, सैन्य पुनः सशस्त्रीकरण र संविधान संशोधनको प्रयासको साथमा छन्।

उच्चस्तरीय चिनियाँ कूटनीतिज्ञ क्यू दहाईले उल्लेख गरेझैँ, 'पूर्वव्यापी कानुन' वा 'विजयको न्याय' को दाबीको साथ फैसलाको वैधतालाई कमजोर पार्ने कार्यले अन्ततः आक्रमणको इतिहास ढाक्न र जिम्मेवारीबाट बच्न खोज्छ। यदि यस्तो संशोधनवादलाई बेवास्ता गरियो भने इतिहासका पाठहरू पूरै बिर्सन सकिन्छ।

**घ. न्यायको प्रतिक्षा**

८० वर्षपछि विश्वमा समुद्री परिवर्तन भएको छ। तैपनि टोकियोमा पुष्टि गरिएका सिद्धान्तहरू युद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्थाको आधारशिलाको रूपमा काम गर्छन्। आक्रामकता अपराध हो। अत्याचारीलाई सजाय हुनुपर्छ। शान्तिलाई जवाफदेहिता चाहिन्छ। जापानका कतिपयले आक्रामकतालाई सेतो पार्ने, ऐतिहासिक जिम्मेवारीलाई धमिलो पार्ने र दोस्रो विश्वयुद्धपछिको निष्कर्षलाई कमजोर पार्न खोज्दा, ऐतिहासिक सत्यको रक्षा गर्नु अझ आवश्यक हुन्छ।

साङ्घाई र नान्जिङका सहभागीहरू साधारण निष्कर्षमा पुगेः टोकियो ट्रायल इतिहासको विगतको अध्याय होइन। सैन्यवादलाई अवरोध नहुँदा के हुन्छ भन्ने कुराको पुनःस्मरण बनेको छ र किन शान्ति र कानुन दुवैमार्फत रक्षा गर्नुपर्छ। ठ्याक्कै यही कारणले गर्दा अस्सी वर्षमा, टोकियो ट्रायलमा दिइएको न्यायको म्याद सकिएको छैन र किन यो कहिल्यै हुनेछैन।

***(लेखक अन्तर्राष्ट्रिय मामिलाका टिप्पणीकार हुन्, सिन्ह्वा समाचार, ग्लोबल टाइम्स, चाइना डेली, सीजीटीएन, इत्यादिमा नियमित रूपमा योगदान गरिरहेका छन्।)***

***अनुवाद : प्रकाश***
***पिपल्स डेली अनलाइनबाट***

# समाज परिवर्तनको लागि योगदान दिनु आवश्यक




भक्तपुर । हामीले ग्रहण गर्ने शिक्षाले अन्याय, अत्याचार, असमानता र अपराधविरुद्ध आवाज उठाउन सिकाएमात्र त्यसको औचित्य हुन्छ । शिक्षाले बोल्न सिकाउने, असमानताविरुद्ध आवाज उठाउन सिकाउनुपर्दछ । समाजको वर्गीय विभेदलाई कम गर्नको लागि गरिबीबाट पिल्सिएकाले अझ धेरै अध्ययन गरी समाज परिवर्तनको लागि योगदान दिनु आवश्यक छ ।

उक्त भनाइ बाग्मती प्रदेश सांसद सृजना सैंजुले विद्यार्थी निकेतन माध्यमिक विद्यालयद्वारा आयोजित एसईई उत्तीर्ण विद्यार्थीलाई बधाई तथा मार्गदर्शन कार्यक्रममा प्रमुख अतिथिको आसनबाट राख्नुभएको हो ।

उहाँले राज्यले गलत निर्णय गर्दा सचेत र देशभक्त विद्यार्थीहरूले खबरदारी गर्नु आवश्यक रहेको विचार राख्नुभयो । उहाँले राज्यले आफ्नै स्वाधीन अर्थतन्त्र विकास गरी देशमै युवा विद्यार्थीलाई रोजगारी सिर्जना नगरी वैदेसिक ऋण लिई देश सञ्चालन गर्न खोज्दा देश डुब्न सक्ने कुरा उल्लेख गर्दै त्यसले देशको सार्वभौमिकता झन् कमजोर हुने बताउनुभयो ।

कार्यक्रमका सभापति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले सामाजिक ज्ञान नै सर्वोत्तम ज्ञान भएको हुँदा विद्यालयले सिकाइको घेरा फराकिलो बनाई समाजलाई कक्षाकोठाको रूपमा प्रयोग गर्न अब ढिला गर्न नहुने विचार राख्नुभयो ।

उहाँले विद्यालय अनुगमन भनेको शिक्षकलाई तर्साउने औपचारिक कार्यक्रम नभई विद्यालयको वातावरण थप प्रगतिउन्मुख बनाउने प्रोत्साहनमुखी प्रक्रिया भएको हुँदा हरेक विद्यालयले व्यवहारिक ज्ञानलाई प्रश्रय दिई सामाजिक ज्ञान प्रदान गर्नु आवश्यक रहेको विचार राख्नुभयो । उहाँले अङ्ककेन्द्रित ज्ञानभन्दा संवेगात्मक ज्ञानमा जोड दिनुपर्ने कुरा राख्नुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरूले जीवनमा अगाडि बढ्न निरन्तर मेहेनत गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले जीवनमा परिश्रम गर्दा सफलता हासिल भयो भनी विश्राम नलिई निरन्तर अगाडि बढिरहनुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा विद्यार्थी प्रतिनिधि सुस्मिता चौलागाई र अस्मिता तामाङले आ-आफ्नो विचार राख्नुभएको थियो । विद्यालयका प्रधानाध्यापक एन.बी. खाताखोले स्वागत, शिक्षिका सङ्गीता कायष्ठले धन्यवादज्ञापन तथा शिक्षक उद्धव दाहालले सञ्चालन गर्नुभएको थियो ।

एसईईमा उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो तथा सम्मानपत्र वितरण गरिएको थियो ।

# स्थानीय जनताको प्रतिनिधित्व नरहने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्नु समुदायलाई बेवास्ता गर्नु हो

गत शुक्रबार मन्त्री परिषद्ले शिक्षा नियमावलीको दशौँ संशोधन गरेको जानकारी बाहिरिएको छ । राजपत्रमा प्रकाशित भएपछि यो संशोधन लागू हुँदै छ । उक्त संशोधनमा राजनैतिक व्यक्तित्वहरू सहभागी नहुने गरी सामुदायिक विद्यालयको व्यवस्थापन समितिको गठन गरिने, स्थायी नियुक्ति भएको ३ वर्षपछि सरुवा हुन सकिने, प्रअको नियुक्ति स्थानीय पालिका प्रमुखले गर्ने, सरुवा प्रक्रिया पारदर्शी गर्नुपर्नेजस्ता विषयहरू उल्लेख छन् ।

सामुदायिक विद्यालयको सफलता विद्यालयमा सक्षम शैक्षिक नेतृत्व, जिज्ञासु र कर्तव्यनिष्ठ शिक्षक, सक्रिय अभिभावकको सहकार्य, स्थानीय बुद्धिजीवी, समाजसेवीहरूको सहयोगमा भर पर्दछ । समुदायको आवश्यकताअनुसार स्थानीय समुदायले विद्यालय स्थापना र सञ्चालन गर्छन्, गरेका छन् । स्थानीय जनताको आवश्यकतालाई स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले मद्दत गरी पूरा गर्नुपर्छ र गरिरहेको छ । स्थानीय जनताको प्रतिनिधित्व नरहने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्नु समुदायलाई बेवास्ता गर्नु हो । स्थानीय पालिकामा जनप्रतिनिधिहरू निर्वाचित भएका हुन्छन् । समुदायमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सडक, ढल निकास, विद्युत्, तार टेलिफोनलगायतका सामाजिक र पूर्वाधार निर्माणका कार्यहरूमा स्थानीय पालिकाले बजेट विनियोजन गर्दछ र कार्यान्वयनको लागि सरोकारवालाहरूसँग सहकार्य गर्दछ ।

विद्यालयको व्यवस्थापनमा जनप्रतिनिधिहरू नराख्नुको रहस्य स्थानीय पालिकाबाट विद्यालयलाई अलग्याउनु हो । समाजमा पढेलेखेका, बुद्धिजीवी, समाजसेवी र शिक्षाप्रेमीहरू कुनै न कुनै राजनैतिक दर्शनबाट प्रभावित भएका हुन्छन् । त्यस्ता व्यक्तित्वहरूको सहभागिताबिनाको विद्यालय व्यवस्थापन समितिले स्थानीय समुदायको सहयोग पाउन सक्दैन । विद्यालयका प्रधानाध्यापक एक्लैले विद्यालयको प्रशासनिक, शैक्षिक र भौतिक निर्माण सुधारका सबै काम गर्न सक्दैन ।

**विद्यालय व्यवस्थापन समितिमा वर्तमान नियमावलीमा व्यवस्था भएजस्तै शिक्षक प्रतिनिधि, स्थानीय समुदायको प्रतिनिधि, स्थानीय पालिकाको प्रतिनिधि, वडा कार्यालयको प्रतिनिधि र अभिभावकहरूको प्रतिनिधि आवश्यक हुन्छ । साथै स्थानीय पालिकामा जनशक्ति व्यवस्थापन गरिएको छ भने शिक्षाविद् वा विद्यालय निरीक्षकसमेतलाई आमन्त्रण गर्न सकिने व्यवस्था हुनु जरुरी छ ।**

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकहरूबाट प्रतिनिधित्व भएका व्यक्तित्वहरू लामो समयसम्म विद्यालय व्यवस्थापन समितिमा रहिरहन सक्छ भन्ने कुनै निश्चितता छैन । आफ्ना छोराछोरीहरू विद्यालयमा अध्ययनरत हुँदासम्म मात्र तिनीहरू अभिभावक हुन्छन् । तर, छोराछोरीहरू विद्यालय छोडेर अर्कै विद्यालयमा जाँदा, माथिल्लो कक्षामा अध्ययन गर्न अर्कै कलेज र विद्यालयमा जाँदा स्वत: अभिभावक हुँदैन । सहरी क्षेत्रका सामुदायिक विद्यालयमा स्थानीय बासिन्दाका छोराछोरी मात्र अध्ययन गर्दैनन् । कामको शिलशिलामा सहरमा आएका टाढाका अभिभावकहरूले विद्यालयको वास्तविकता नबुझ्न सक्छ र तिनीहरूको बसाइँसराइ छिटो भइरहेको हुन्छ । त्यस्ता अस्थायी अभिभावकबाट विद्यालय व्यवस्थापन गर्नु दिगो हुँदैन ।

प्रअको नियुक्ति स्थानीय पालिका प्रमुखबाट हुने व्यवस्थाले स्थानीय राजनैतिक नेतृत्व (पालिका प्रमुख) लाई धेरै अधिकार दिएको ठहरिन्छ । पालिका प्रमुख चुनावबाट जितेर आउने व्यक्ति हुन् । चुनावमा भाग लिने र चुनाव जित्ने व्यक्ति अराजनैतिक व्यक्ति हुनै सक्दैन । प्रअ राजनैतिक व्यक्तिबाट नियुक्ति पाउने भएपछि ऊ कसरी राजनीतिबाट अलग्ग हुन सक्ला ?

विद्यालय व्यवस्थापन समितिमा वर्तमान नियमावलीमा व्यवस्था भएजस्तै शिक्षक प्रतिनिधि, स्थानीय समुदायको प्रतिनिधि, स्थानीय पालिकाको प्रतिनिधि, वडा कार्यालयको प्रतिनिधि र अभिभावकहरूको प्रतिनिधि आवश्यक हुन्छ । साथै स्थानीय पालिकामा जनशक्ति व्यवस्थापन गरिएको छ भने शिक्षाविद् वा विद्यालय निरीक्षकसमेतलाई आमन्त्रण गर्न सकिने व्यवस्था हुनु जरुरी छ ।

# गोप्यता थाहा पाउन पनि विदेशी चलेखल हुने

देशको राजनीतिक व्यवस्था असफल पार्न, गोप्यता थाहा पाउन र आन्तरिक कलह मच्चाएर सरकार र राजनीतिक दललाई कमजोर बनाउन देश विदेशका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सञ्चालन भइरहेका छन् । कहिले आर्थिक सहयोग, कहिले विकासको जालो फ्याकेर त कहिले धर्मको नाउँमा साम्प्रदायिक भावना फैलाएर उनीहरूले युवाहरूलाई भड्काइरहेका हुन्छन् । धर्मको नाउँमा देशविरोधी र देश अलग्ग गर्ने कुरा फलाक्ने कुनै पनि राजनीतिक नेता र धार्मिक नेताहरूलाई सुहाउँदैन । नेपालमा बस्दै आएका तिब्बती समुदायले दलाई लामाको ९१ औँ जन्मदिन नागार्जुन नगरपालिका वडा नं. २ स्थित नामग्याल विद्यालयमा मनाइएको कार्यक्रमले नेपालको कूटनीतिक क्षेत्र मात्र होइन नेपाली जनतामा तरङ फैलिएको छ ।

चीनको स्वशासित क्षेत्र तिब्बतलाई अलग्ग देश बनाउन लागिपरेका दलाई लामाको जन्मोत्सव मनाएर तिब्बती समुदायले एक चीन नीतिको विरोध गरेको स्पष्ट हुन्छ । तिब्बतीहरू नेपाली भूमिमा बसेर स्वतन्त्रताको नाउँमा देश अलग्ग गर्ने कुरा फलाक्नु देशविरोधी कदम हो । कुनै पनि देशभक्त समूह या सङ्घ संस्थाले देश अलग्ग गर्ने कुरा गर्दैन; गर्नु हुँदैन । नेपालमा संविधानसभा निर्वाचनताका मधेसवादी दलका नेताले एक मधेस एक प्रदेश नभए देशै नरहने, नेपालको तराई क्षेत्र अलग्ग गर्ने र काठमाडौँ उपत्यकालाई आर्थिक नाकाबन्दी गर्ने चेतावनी दिएका थिए । आफ्नो दलको माग सरकारले पूरा नगर्दैमा देश नै अलग्ग गर्ने धम्की दिनु देशविरोधी कदम हो । देशविरोधी निर्णय गर्ने र असमान सन्धि-सम्झौता गर्नेहरू कारबाहीमा पर्नुपर्छ ।

देशमा उपद्रव गर्न, आन्तरिक द्वन्द्व चर्काउन र द्वेष भावना फैलाउन नै प्रत्यक्ष या अप्रत्यक्ष रूपमा गुप्तचरहरू लागिरहेका हुन्छन् । यस्तो काममा विदेशी शक्ति राष्ट्रले अनेक जाल बुनिरहेको हुन्छ । विदेशी शक्ति राष्ट्रको उठबसमा चलेका कुनै पनि समूह या व्यक्तिहरूबाट सरकार चनाखो भएन; राजनीतिक दलका नेताहरू सचेत भएनन् भने देश गलत दिशामा जान बेर लाग्दैन । नेपाली भूमि प्रयोग गरेर एक चीन नीतिको विरोधमा लागेको देखिएकोले पूर्वराजदूतहरू चिन्तित भएका हुन् । पूर्वराजदूतहरू राजेश्वर आचार्य, महेन्द्र पाण्डे, टङ्क कार्की, महेश मास्के, लीलामणि पौड्याल, विष्णुपुकार श्रेष्ठ र कृष्णप्रसाद ओलीले एक चीन नीति र मित्रराष्ट्रविरूद्ध नेपालको भूमिबाट हुने गतिविधिको विरोध जनाएका छन् ।

नेपालको विभिन्न गुम्बाहरूमा हुने गतिविधिमा धर्मको प्रचारभन्दा 'स्वतन्त्र तिब्बत' को नारा गुञ्जिएको हुन्छ । 'स्वतन्त्र तिब्बत' को नारा फलाकिएको सो कार्यक्रममा विदेशी राजदूतहरूको सहभागिताले पनि एउटा काम एउटा उद्देश्य रहेको स्पष्ट हुन्छ । 'स्वतन्त्र तिब्बत' को प्रचार गर्ने, प्रचार गर्न प्रेरित गर्ने र त्यस्तो कार्यक्रममा संलग्न कूटनीतिक निकायका व्यक्तिहरू नेपालको परराष्ट्र नीतिको विरोधमा उभेको स्पष्ट हुन्छ । नेपालको परराष्ट्र मूल्य, मान्यता र असंलग्न परराष्ट्र नीतिको विरोधमा उभिने व्यक्तिहरूबाट नेपाल सरकार गम्भीर हुनुपर्छ । दलाई लामाको जन्मोत्सव मनाउने कार्यक्रम कसको अनुमतिमा भएको हो, सोको छानबिन गरी सत्य तथ्य कुरा सरकारले सार्वजनिक गर्नुपर्छ; सार्वजनिक गरेर सचेत पार्नुपर्छ ।

**चिनियाँ...**

सन् १९२७ वसन्त र ग्रीष्मतिर क्रान्ति तीव्ररूपमा अघि अढ्दै थियो । कोमिन्ताङ प्रतिको प्रतिक्रियावादी एवम् साम्राज्यवादी शक्तिका पिछलग्गू च्याङकाईसेकले संयुक्त क्रान्तिकारी मोर्चा भङ्ग गर्ने र कम्युनिस्टविरुद्ध हमला गर्ने नीति लियो । चिनियाँ कम्युनिस्ट पार्टीभित्रकै दक्षिणपन्थी अवसरवादी नेता चेन तुश्यु (Chen Tuhsiu) ले प्रतिक्रियावादी च्याङकाईसेकसामु आत्मसमर्पण गर्ने लाइन अघि सार्‍यो । हजारौँ-हजार कम्युनिस्ट पार्टी सदस्य र क्रान्तिकारीहरूको हत्या गरियो र पहिलो महान् क्रान्तिको अगुवाइ असफलतामा टुङ्गियो ।

अगस्ट १ मा कोमिन्ताङ प्रतिक्रियावादीहरूविरुद्ध चिकपाको नेतृत्वमा भएको नानचिङ (Nanchang) विद्रोहले देशैभरि कम्युनिस्टहरूबिच उत्साहको सञ्चार गर्‍यो । अगस्ट ७ मा तत्काल चिकपाको पूर्ण बैठक बोलाई पार्टीभित्रको अवसरवादी लाइनको विरोध र कोमिन्ताङ प्रतिक्रियावादीविरुद्ध ससस्त्र सङ्घर्षको घोषणा गरियो ।

त्यसपछि माओले शरद्कालीन बाली काट्ने आन्दोलन या विद्रोहको घोषणासँग छियाङसी (Kiangsi) प्रान्तमा क्रान्तिकारी आधार स्थापना गर्नुभयो । याङकाइ हुई त्यतिबेला चाङसाको गाउँगाउँमा क्रान्ति र सङ्घर्षका निम्ति काउन्टीहरूलाई निर्देशन दिने कान गर्थिन् ।

कोमिन्ताङ प्रतिक्रियावादी धमाधम क्रान्तिकारी किसानहरूको हत्या गरिरहँदा याङकाइ हुई किसानहरूलाई प्रतिकार गर्न र शत्रुविरुद्ध जाइलाग्न परिचालन गर्दै थिइन् । उनी हरेक दिन पार्टी कार्यकर्ता र किसान कार्यकर्ताहरूको बैठक राख्न एक ठाउँबाट अर्को ठाउँ धेरै माइल हिँड्थिन् । जहाँ गए पनि जमिनदार र कोमिन्ताङ प्रतिक्रियावादीहरू हतियारसहित गाउँ र बस्तीहरूमा हमला गर्न आइपुग्थे । त्यस्तो परिस्थितिमा उनले निडर भई पार्टी जिम्मेवारी पूरा गर्थिन् । उनी शत्रुको अखडाबाट गोप्य सूचनाहरू पार्टी केन्द्रसम्म पुर्‍याउँथिन् । शत्रुहरूबाट हातहतियार खोसेर शत्रुविरुद्ध जाइलाग्ने महिला नेतृ थिइन् याङकाइ हुई । 'तपाईंकी छोरी सैन्य सङ्घर्षका लागि एक्लै पर्याप्त थिइन् ।' याङकाइ हुईकी काकासँग भेट्दा अध्यक्ष माओले काइ हुई लाई यसरी सम्झनुभएको थियो ।

कोमिन्ताङ प्रतिक्रियावादीहरूको आतङ्कले सीमा नाघ्दै थियो । सन् १९३० मा कोमिन्ताङले याङकाइ हुई बन्दी या पक्राउ गर्न सक्ने जोकोहीलाई १००० सिल्भर युआनको पुरस्कार घोषणा गर्‍यो । पार्टीका साथीहरूले उनलाई आफ्नो श्रीमान्सँगै छियानसी (Kiangsi) को क्रान्तिकारी आधारमा जोडिन सल्लाह दिए । उनले माओ त्सेतुङको निर्देशनबिना आफ्नो जिम्मेवारीको क्षेत्र हुनान नछोड्न अडान लिइन् ।

दुईपटक उनी कोमिन्ताङको घेराउमा परिन् तर दुवैपटक जनताको सहयोगमा उनी शत्रुको घेराबाट उम्कन सफल भइन् । उनी हरेक जटिल, कठिन परिस्थितिमा धैर्यले काम गर्थिन् । आफ्ना कामरेडहरूलाई पहिला सुरक्षित हुन निर्देशन दिन्थिन् र पार्टी दस्तावेज सुरक्षित राख्न भन्थिन् । क्रान्ति या मुक्तिपछि एउटा तरकारी बारीमा एउटा जारमा पार्टीका दस्तावेज राखी जमिनमुनि गाडिएको भेटिएको थियो ।

सन् १९३० अक्टोबर २४ मा उनी पानसाङको आफ्नो घरमा एउटा दस्तावेज सम्पादन सकाएर आफ्ना तीन सन्तान राम्ररी सुते नसुतेको हेरिरहँदा बाहिर बाँसको झ्याङबाट गोली चलेको आवाज सुनियो । याङकाइ हुईलाई आफ्नै सूचनाबाहकले धोका दिएको थियो । करिब ६० जना कोमिन्ताङ प्रतिक्रियावादीहरूले उनको घर घेरे । त्यसपछि उनले सम्पूर्ण पार्टी दस्तावेज घरभित्र जलाइन् । कोमिन्ताङ प्रतिक्रियावादीहरू ढोका फोडेर भित्र छिर्दा उनी तयार थिइन् र निर्भिक आवाजमा भनिन् - "जाऔँ ! म तयार छु !" उनको जेठो छोरो माओ आन यिङ (Mao An-Ying) लाई पनि साथै लग्यो । उनलाई चरम यातना दिइयो ।

"अध्यक्ष माओसँग वैवाहिक सम्बन्ध परित्याग गरेको घोषणा गर । हामी तिमीलाई छोड्छौँ ।' उनले जवाफ दिएकी थिइन्- "तिमीहरूले चाहेको कुनै पनि काम मबाट हुनसक्दैन ।"

उनलाई भेट्न आउने साथी र नातेदारहरूलाई उनी भनी पठाउँथिन्- "मृत्यु केही होइन । म क्रान्ति सफल भएको हेर्न चाहन्छु ।"

सन् १९३० नोभेम्बर १४ मा उनलाई बन्दीगृहबाट बाहिर ल्याइयो । आफ्नो कामरेड देखेर भनेकी थिइन् - "कामरेडहरू, दु:खी नहुनु, हाम्रो सङ्घर्षको बाटोमा प्रतिबद्ध हिँड्नु । एकदिन हामी विजयको टाकुरामा पुग्नेछौँ ।" उनलाई चाङसाको पहाडमा उभ्याइयो । उनले शीतल हावाको स्पर्श महसुस गरिन् र चिच्याइन्, "कोमिङ्ताङ प्रतिक्रियावादीहरू मुर्दावाद ! चिनियाँ कम्युनिस्ट पार्टी जिन्दावाद !" उनी भर्खर २९ वर्षकी थिइन् । उनको हत्याले अध्यक्ष माओ दु:खी हुनुभयो । भाइलाई लेखेको पत्रमा उहाँले भन्नुभयो, "याङ्काई हुइको मृत्युबाट पार्टी र क्रान्तिमा अपूरणीय क्षति भएको छ ।"

**योग स्वस्थ जीवनको आधार**

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# यहाँ सङ्घीयता शासक दलहरूकै कारण बदनाम छ

✍ सृजना सैंजू

अनि यहाँ अर्थमन्त्रीहरू बजेटमा लेख्छन्, "युवालाई सीपमूलक तालिम दिई विदेश जान योग्य बनाइनेछ।" प्रदेश सरकार कहिलेसम्म दूधको साक्षी बिरालो बन्छ ? सरकारहरू कहिलेसम्म युवाविरोधी बन्छन् ? युवा विदेश पठाएर देश समृद्ध बनाउने बकम्फुसे कुरा कहिलेसम्म ? यहाँ सबैभन्दा ज्यादा युवाहरू प्रदेश सरकार खोज्दै छन्। बिरामीहरू प्रदेश खोज्दै छन्। विद्यार्थीहरूले प्रदेश खोजेका छन्। किसान मजदुरहरूले खोज्दै छन् प्रदेश, सरकारको उपस्थिति खोज्दै छन्। कता छ प्रदेश सरकार ?

यहाँ रेबिजको भ्याक्सिन अभाव हुन्छ, बिरामी मर्न बाध्य हुन्छन्, आम जनता सडक कुकुरबाट आतङ्कित हुन्छन् तर प्रदेश सरकार हात बाँधेर बस्छ।

यहाँ असार लाग्छ, रोपाईको चटारो हुन्छ किसानलाई रासायनिक मलको हाहाकार हुन्छ तर प्रदेश सरकार बजेटमा स्वदेशमै रसायनिक मल कारखानाको कुरा उठाउँदैन। यहाँ मौसम किसान प्रतिकूल भइदिन्छ, आकाशबाट पानी पर्दैन, त्यसैको भर परेका किसान मारमा पर्छन् तर प्रदेश सरकार नहर निर्माणको कुरा गर्दैन, सिँचाइको बन्दोबस्त गर्दैन। असारको आधाआधीमा समेत वाग्मती प्रदेशमा ५ प्रतिशत पनि रोपाइँ नभएको तथ्याङ्क छापिन्छ। बदलामा प्रदेश सरकार हर्षउल्लासका साथ असार १५ मनाउँछ, दही चिउरा खान्छ र हातमा पनि दही जमाएर बस्छ, किसानका लागि केही प्रयास गर्दैन।

उता कक्षा १२ सकेका विद्यार्थीहरू आफ्नो मेहनतको मूल्य खोज्न माइतिघर मण्डलामा उभिन्छन्, चिच्याउँछन्, सरकारसँग पुकार्छन् तर प्रदेश सरकार भेट्दैनन्। आफ्नो भविष्यको चिन्तासँगै सिङ्गो शिक्षा प्रणालीविरुद्ध आगो ओकल्दै छन् तर प्रदेश सरकार चुपचाप बस्छ। मेरो अधिकार क्षेत्र होइन यो भनेर पन्छिन्छ। जानकारी रहोस् १२ कक्षाको नतिजा रिटोटलिङ अर्थात् पुनर्योगका लागि ३२ हजार विद्यार्थीले आवेदन दिएका छन्। एसईई पुनर्योगमा ५ प्रतिशतभन्दा बढी विद्यार्थीको नतिजा परिवर्तन भएको छ।



यहाँ आइतबार स्वास्थ्य संस्था या अस्पतालसमेत बन्द गरिन्छन्। सर्वसाधारण जनता मारमा पर्छन्, दूरदराजका बिरामी काठमाडौं या हाम्रो प्रदेशमा आई अलपत्रमा पर्छन्। निजी अस्पताल या स्वास्थ्य सेवालाई खुलमखुला प्रोत्साहन मिल्छ। केन्द्र सरकार स्वास्थ्य समता शुल्क भन्दै बिरामीसँग थप ३ प्रतिशत कर असुल्छ र लाज पचाएर कुल बजेटको जम्मा ४.८ प्रतिशत मात्र स्वास्थ्य क्षेत्रमा विनियोजन गर्छ। यति बजेटले देशको स्वास्थ्य अवस्था कसरी सुधार हुन्छ भन्ने सामान्य प्रश्न पनि प्रदेश सरकार गर्न सक्दैन। गरिबलाई अलिकति भए पनि राहत मिलिरहेको बीमा सेवा कटौती गर्छ केन्द्र सरकार तर प्रदेश सरकार आँखा चिम्लिन्छ। जनतालाई राहतको एजेन्डा ल्याउँदैन, बजेटमार्फत बीमासहरको विकल्प दिन सक्दैन।

यहाँ बर्ड फ्लु फैलन्छ। रोकथामको उपाय तत्काल दिइन्न। सबैभन्दा बढी ससाना किसान व्यापारी मारमा पर्छन्, लगानी टाट पल्टन्छ। स्वदेशी उत्पादन 'डम्प' हुन्छ। अनि प्रदेश सरकार मुकदर्शक बन्छ।

यहाँ खोकनावासी जनता फास्ट ट्रायक्कै कारण पीडित हुन्छन्। रैथाने किसान विस्थापित गर्ने, एक हिसाबले जातीय सफायाको नीति लिइन्छ। त्यहाँका किसान प्रदेशतिर हेरेर हामीलाई फास्टट्रायक चाहिएको होइन, फिर्ता गर भनिरहन्छन् तर प्रदेश सरकार पीडित खोकना बुङ्गमतीसम्म पनि पुग्न सक्दैन।

यहाँ वाग्मती प्रदेश वायु, खानेपानी प्रदूषणको केन्द्र बन्छ। राज्यसँग समाधानको उपाय छैन। अनि प्रदेश सरकारलाई वातावरण, जलवायु परिवर्तनले सर्वसाधारण जनताको जीवनमा परेको जटिल प्रभावबारे वास्तै छैन।

यहाँ सुकुमवासीको समस्या नजरअन्दाज हुन्छ। होल्डिङ सेन्टरको दु:ख या प्रताडना प्रदेश देख्दै देख्दैन। यहाँ पत्रपत्रिकाको हेडलाइनमा छापिन्छ, "गएको आर्थिक वर्षमा ८ लाख ३९ हजार युवा श्रमकै लागि बिदेसिए", अनि अर्को पत्रिकामा छापिन्छ, "विदेशमा दैनिक चार नेपालीको ज्यान गुम्छ। पछिल्लो ११ महिनामा मात्र १ हजार ४ सय ३८ युवा नेपालीले विदेशी भूमिमा रगत पसिना बगाउँदा बगाउँदै प्राण त्यागे।"

अनि यहाँ अर्थमन्त्रीहरू बजेटमा लेख्छन्, "युवालाई सीपमूलक तालिम दिई विदेश जान योग्य बनाइनेछ।" प्रदेश सरकार कहिलेसम्म दूधको साक्षी बिरालो बन्छ ? सरकारहरू कहिलेसम्म युवाविरोधी बन्छन् ? युवा विदेश पठाएर देश समृद्ध बनाउने बकम्फुसे कुरा कहिलेसम्म ? यहाँ सबैभन्दा ज्यादा युवाहरू प्रदेश सरकार खोज्दै छन्। बिरामीहरू प्रदेश खोज्दै छन्। विद्यार्थीहरूले प्रदेश खोजेका छन्। किसान मजदुरहरूले खोज्दै छन् प्रदेश, सरकारको उपस्थिति खोज्दै छन्। कता छ प्रदेश सरकार ?

जनताको वास्तविक समस्यामा सबैभन्दा पहिला प्रदेश सरकार पुग्नुपर्ने होइन र ? जनताको समस्या सम्बोधन गर्न सक्दैन भने कसको लागि हो यो प्रदेश सरकार ? आफ्नो जीवनमा प्रदेश सरकारको उपस्थिति अनुभव नभएरै त होला प्रदेशको अस्तित्वमाथि प्रश्न उठ्न थालेको। जनता प्रश्न गर्दै छन् ९ वर्षमा सङ्घीयताको मर्मअनुरूप खै काम भएको वाग्मती प्रदेशमा ? खोइ आफ्नो मौलिक उत्पादन या आम्दानीको स्रोत खोजी भएको ? उत्पादन र आम्दानीको आत्मनिर्भर बाटो नदेखाउने बजेटले समृद्धिको हल्लाबाजी गर्नु निरर्थक छ। बजेट वक्तव्यमा स्वदेशमै या प्रदेशमै रोजगारी सिर्जनाको प्रत्याभूति छैन। नौ वर्षमा कति युवालाई रोजगारी दिइयो ? प्रदेशबाट श्रमको विकास खोइ ? नौ वर्षमा कति कलकारखाना खोलिए यहाँ ? खोइ प्रदेश उद्योगहरू ? ससाना घरेलु उद्योग या हस्तकला ग्रामको अवधारणा खोइ ? ९ वर्षमा कृषि उत्पादकत्व कति प्रतिशतले वृद्धि भयो, बजेटमा यसको हिसाबकिताब खोइ, समीक्षा खोइ ? सबैभन्दा महत्त्वपूर्ण कुरा त वाग्मती प्रदेशले एक वर्षमा मूर्त काम के गर्छ भन्ने प्रश्नको मूर्त जवाफ नै छैन यो बजेट वक्तव्यमा। यहाँ सङ्घीयता शासक दलहरूकै कारण बदनाम छ।

*(वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले असार १७ गते वाग्मती प्रदेश सभाको बजेट अधिवेशन २०८३ मा भएको बजेट वक्तव्यबारे छलफलको क्रममा राख्नुभएको विचारको सम्पादित अंश)*

# युद्धविराम भङ्ग गर्नु विश्वासघातको दृष्टान्त

काठमाडौं। संसारका राष्ट्र प्रमुखहरूमध्ये सबभन्दा बढी वचन फेर्ने र झूट बोल्नेमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प रहेको खबर बेलाबखत सञ्चारमाध्यममा आएकै हो। शक्तिको हुङ्कार गरेर झूटको राजनीति गरेको पछिल्लो उदाहरण 'इरानसँगको युद्धविराम समाप्त भएको घोषणा' शीर्षकको समाचारले पुष्टि गर्छ। युद्धविराम भएको महिना दिन नबित्दै युद्धविरामको उल्लङ्घन गर्दै इरानमा आक्रमण गर्ने अमेरिकी राष्ट्रपति ट्रम्प विश्वका शान्तिविरोधी नायक साबित भएका छन्। अमेरिका-इरान युद्धविराम भयो भनी अमेरिकी र इरानी जनताका साथै विश्वका देशभक्त र शान्तिकामी जनताले खुसी मनाइरहेको बेला या खुसीको खबर गाउँ बस्तीमा पुग्न नपाउँदै अमेरिकाले इरानमा आक्रमण गर्‍यो। उक्त अमेरिकी आक्रमणको इरानले प्रत्याक्रमण गरेको रिसइविमा अमेरिकी राष्ट्रपति ट्रम्पले अब तेहरानसँग वार्ताको कुनै औचित्य नरहेको धारणा व्यक्त गरे। युद्धविरामको उल्लङ्घन गरेर आफैले आक्रमण गर्ने अनि आफै युद्धको पिपासु बनेर फेरि आक्रमण गर्ने अमेरिकी राष्ट्र प्रमुख र अमेरिकी प्रशासनको के नियत रहेछ भन्ने कुरा थाहा हुन्छ।

छिनछिनमा विचार र बोली फेर्ने अमेरिकी राष्ट्रपति ट्रम्पको यो पाइलाले उनी विश्वासघाती भएको विश्लेषण राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन्। यो विश्वका देश र जनतामाथि गरिएको विश्वासघात पनि हो। संसारका स्वाधीन र सार्वभौम देशमाथि आक्रमण गरेर राष्ट्र प्रमुखहरूको हत्या गर्ने, फाँसी दिन सघाउने अमेरिकी सरकार र अमेरिकी राष्ट्र प्रमुख कसरी देशभक्त र प्रजातान्त्रिक हुन्छन् ? अमेरिकाले आक्रमण गरेपछि इरानले प्रत्याक्रमण गर्नु के गल्ती हो ? अमेरिकाले अचानक आक्रमण गर्न पाउने तर त्यसको प्रतिकार गर्‍यो भनेर शान्ति बिथोलेको आरोप लगाउने अमेरिकी राष्ट्रपति ट्रम्प मानव अधिकार उल्लङ्घनविरोधी र शान्तिविरोधी हुन् भन्ने कुरा घटनाक्रमले पुष्टि गरेको छ। युद्धविराम भएको मसी सुक्न नपाउँदै युद्ध थालनी गरेर विश्वमा फेरि आतङ्क मच्चाउने, आतङ्क मच्चाएर आफ्नो प्रभुत्व जमाउने ट्रम्पको विश्वका जनताले फेरि विरोध गर्न थालेका छन्।

अमेरिकी सेनाले मङ्गलबार इरानविरुद्ध नयाँ आक्रमण गरेको थियो। अमेरिकाले इरानलाई तेल बिक्री गर्न दिइएको सहुलियतसमेत रद्द गरेको थियो। इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको शोक मनाउन लाखौं जनता भेला भइरहेको बेला अमेरिकी सेनाले इरानको विभिन्न स्थानमा आक्रमण गरेको थियो। यो आक्रमण युद्धविरामको स्पष्ट र खतरनाक उल्लङ्घन हो; इरान र इरानी जनतामाथिको विश्वासघात हो। अमेरिकी सेना र प्रशासनको यो आक्रमणले राष्ट्रपति ट्रम्पको स्पष्ट अडान नभएको देखाउँछ। अडान फेर्ने, विश्वासघात गर्ने, बोली वचन फेर्ने, झूटको खेती गर्ने र निर्णय उल्लङ्घन गर्ने राष्ट्र प्रमुख ट्रम्पको इमानदारिता खोइ ?

युद्धविराम घोषणा भङ्ग गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पको अभिव्यक्तिबारे संयुक्त राष्ट्र सङ्घ र विश्वका राष्ट्र प्रमुखहरूले खबरदारी गर्नुपर्ने आवश्यकता छ। निर्णय उल्लङ्घन गरे पनि कसैले टुलुटुलु हेरेर बसे या मौन समर्थन गरे त्यसले आक्रमणकारीहरूलाई झन् मौका मिल्छ या प्रोत्साहन मिल्छ। अत: अमेरिकी राष्ट्रपतिको अभिव्यक्ति फिर्ता लिन लगाउन या युद्धको अन्त्य घोषणा गराउन संयुक्त राष्ट्र सङ्घ लाग्नुपर्छ। संयुक्त राष्ट्र सङ्घ अमेरिकी प्रशासनको कठपुतली बन्नु हुँदैन। संसारमा साम्राज्यवादी देश रहेसम्म, साम्राज्यवादी नीति कायम भएसम्म विश्वका जनताले सुख, शान्तिका साथ बाँच्न पाउने छैनन्; देशको धन सम्पत्ति सुरक्षित हुनेछैन। यसमा संयुक्त राष्ट्र सङ्घ सचेत हुनुपर्छ; विश्वमा शान्ति, न्याय र समानताको लागि गम्भीर हुनुपर्छ।

# पदको दुरुपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउनेदेखि सावधान !

काठमाडौं। पदको दुरूपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउने नेता, मन्त्री, सांसद या अन्य व्यक्तिहरू कारबाहीमा पर्नुपर्छ, कारबाही गरेर जनतासामु उदाङ्ग्याउनुपर्छ। यसरी अपराधीहरूलाई जनतासामु उदाङ्ग्याउँदै कारबाही गर्दै गयो भने मात्र देशमा भइरहेको अन्याय, अत्याचार, बेथिति, भ्रष्टाचार, अनियमितता कम गर्न सकिन्छ। अपराधी या दोषीमाथि कुनै कारबाहीको प्रक्रिया अघि बढाइँदैन, जनतासामु उदाङ्ग्याउने काम गरिँदैन भने भ्रष्टाचारी, कमिसनखोरहरू भ्रष्टाचार र अनियमित गर्न फेरि लाग्नेछन् र पदको दुरूपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउने छन्। असार २४ गते प्रकाशित विभिन्न पत्रपत्रिकामा पूर्वमन्त्रीद्वय रायमाझी र खाणसहित एक दर्जनभन्दा बढी नेता तथा उच्चपदस्थ कर्मचारीहरू दोषी ठहर भएको समाचार प्रकाशित भयो।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर मन्त्री र उच्चपदस्थ व्यक्तिहरूले अमेरिकामा पठाएर अमानवीय काम गरेका थिए। यो गलत काम हो। ढिलो भए पनि त्यसमा संलग्न व्यक्तिहरू दोषी ठहर भएका छन्। यो राम्रो पक्ष हो। 'भुटानी शरणार्थी प्रकरण : पूर्वमन्त्रीसहित २३ जना दोषी ठहर' शीर्षकको समाचार 'गोरखापत्र' मा प्रकाशित भयो। समाचारमा नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका लगिएको प्रकरणमा जिल्ला अदालत काठमाडौंले दुई पूर्वमन्त्री टोपबहादुर रायमाझी र बालकृष्ण खाणसहित पूर्वगृह सचिव टेकनारायण पाण्डेलगायत दोषी ठहर भएको उल्लेख छ। उक्त प्रकरणमा भुटानी शरणार्थी नेता टेकनाथ रिजालले नक्कली भुटानी शरणार्थीको परिचयपत्र बनाएर सहयोग गरेका थिए।

यस्ता प्रकरणका मुद्दा अन्य दर्जनौं छन्। हरेक मुद्दाको फाइल खोलेर छानबिन गरी दोषीमाथि कारबाहीको प्रक्रिया अघि बढेमा यस्ता मुद्दाहरू घट्नेबाहेक बढ्ने छैन या अनियमितता गर्ने काम कम हुँदै जानेछ। देश विकास नहुनुका अनेक कारणमध्ये भ्रष्टाचार र अनियमितता पनि हो। विकास योजनाको रकम बाँडीचुँडी खाने, योजनाअनुसार गर्नुपर्ने काम नगरी गरेको देखाउने, गुणस्तरहीन सामान प्रयोग गरी गुणस्तरीय सामानको मूल्याङ्कन गर्ने, आधा काम गरेर पूरा गरेको भनी मूल्याङ्कन गर्नेजस्ता बेथितिले भ्रष्टाचार बढेको हो। विकासको कुरा गरेर पैसा कमाउन पल्केका कुनै पनि दलका नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कार्यकर्ताहरूकै कारण देश बढी भ्रष्टाचार हुने सूचीमा परेको हो; नेपाल विश्वमा बदनाम भएको हो। भ्रष्टाचार बढी हुने सूचीमा नेपाल परेकै कारण विदेशी दातृ राष्ट्रहरूले गर्ने अनुदान घट्दै गएको हो। नेपालप्रति विश्व समुदायको विश्वास गुम्दै गएको हो।

सरकार र सत्तासीन दलका नेता र मन्त्रीहरू इमानपूर्वक लागेको खण्डमा देश विकास गर्न नसकिने होइन; जनताको जीवनस्तर नउठ्ने होइन। नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कर्मचारी तथा कार्यकर्ताहरू नि:स्वार्थी र इमानदार हुनुपर्छ। देश र जनताप्रति समर्पित भएर आ-आफ्नो पदअनुसारको जिम्मेवारी पूरा गर्नुपर्छ। दलगत र व्यक्तिगत स्वार्थ छोडेर देश र जनताको सेवा गर्न जुट्नुपर्छ। यसरी सबै इमानपूर्वक जुटेमा देश विकास हुन्छ; देशको मुहार फेर्न सकिन्छ।

# अपराधीलाई श्रम शिविरमा राखेर उत्पादनमूलक कार्य गराउनु आवश्यक

'सिभिल बचत तथा ऋण सहकारी संस्था', 'सुमेरू बचत तथा ऋण सहकारी संस्था', 'लालीगुराँस बचत तथा ऋण सहकारी संस्था', नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था' तथा 'दर्शन बचत तथा ऋण सहकारीहरूको वाग्मती प्रदेशको 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' को कार्यालयले साना बचतकर्ताको ऋण फिर्ता गरेको समाचारले सबै सहकारीको ध्यान आकर्षित गर्‍यो।

राससको समाचारअनुसार असार मसान्तसम्ममा सबै साना बचतकर्ताको रकम फिर्ता गर्ने योजनाअनुसार बन्दोबस्त गरिँदै छ।

तर, १० हजारदेखि एक लाखसम्मको बचतकर्ताको बचत फिर्ता गर्दा यदि १० वर्षदेखि बचत गरेका बचतकर्ताको साँवा मात्र फिर्ता बचतकर्ताले आफ्नो 'पुँजी' लगानीको 'ब्याज' वा 'नाफा' के हुन्छ भन्ने पहिलो प्रश्न आउनेछ।

दोस्रो प्रश्न हो, आजको १० हजारदेखि १ लाख रकम फिर्ता दिँदा हिजो 'बचत' राख्दाको बचतको तुलना नभए पनि प्रतिवर्ष ३ प्रतिशतले मात्र मुद्रास्फीतिको हिसाब गर्दा १ लाख राख्ने बचतकर्ताले ७० हजार मात्र रकम पाएको बराबर हुन्छ।

तेस्रो, बचतलाई प्रयोग गर्ने व्यक्तिले करोडौं रकम देश वा विदेशमा लगानी गर्दा उनले पाएको 'नाफा' बचतकर्ताहरूलाई कसले दिने ? प्रतिवर्ष ३ प्रतिशत मात्र त्यस बचतको नाफा हुने भए पनि बचतकर्ताले अर्को ३० हजार रकम 'गुमाउने' वा 'त्याग' गर्नुपर्ने भयो !

रु. १ लाखको बचतकर्ताले ४० हजार मात्र पाएको अर्थ लाग्छ। लाखौं, करोड मात्र होइन अर्बौं रूपैयाँको रकमको 'ब्याज' र 'नाफा' कसले तिर्ने ?

खबरदारी गर्नुपर्ने मुख्य विषय हो - 'नीतिगत भ्रष्टाचार गर्ने मन्त्री, सचिव र सम्बन्धित विशेषज्ञहरू' र 'सहकारी संस्थाका सञ्चालकहरूको आकाश छुने सम्पत्ति शोषण र भ्रष्टाचार गरी थुपारेको अर्बौं रकम के गर्ने ?

यसबारे टुङ्गो लगाइएन भने 'चोरलाई सिँढी' हुनेछ। सरकारी रकम नदिई भ्रष्टाचारीहरूकै घर घरानाबाट असुलउपर गर्ने र अपराधीलाई श्रम शिविरमा राखेर उत्पादनमूलक कार्य गराउनु आवश्यक छ। जनतामा यसबारे ठुलो चर्चा छ।

# उद्योग र उत्पादनका हर क्षेत्रमा विद्युतीकरणको प्रयोग अत्यन्त सकारात्मक

पहिलेका शिक्षकहरूले आफ्ना कक्षाहरूमा मन्त्र पढेर सुनाए जस्तै 'हे, बाबु-नानीहरू जहिले पनि समय र परिस्थितिको ध्यान दिनुपर्छ र सोचेर गर्नु हुन्न' भनी पाठहरू बारम्बार नयाँ पुस्तालाई स्मरण गराउँछन् । आँखा चिम्लेर नक्कल गर्दा धेरै धनजनको क्षति भएको इतिहास र समाचारपत्रले जानकारी दिएरै आएका छन् । तर, कहिलेकाहीँ समय र परिस्थितिको मूल्याङ्कन नगर्दै नक्कल गर्दा पहिले काठमाडौँ उपत्यकामा उत्तरका नेपालीहरूले बख्खु लगाएर हिँडेको देखेर असार-साउनमा बख्खु लाएर हिँडेमा व्यक्तिले उद्देश्यको विपरीत परिणाम भोग्नुपर्ने हुन्छ ।

'विद्युत्बाटै मुलुकको समृद्धि (२५ असार २०८३ को नागरिक दैनिक) मा छापिएको रिपब्लिक हेर्दा केही वर्षदेखि नेपालको धेरै जलविद्युत् उत्पादनको कारण भ्रममा पर्ने अनुभव धेरैले गरे होलान् । दिउँसो काठमाडौँको एक गल्लीमा देखेको डोरीलाई राति त्यही डोरीलाई सर्प सम्झन बेर लाग्दैन । सोभियत सङ्घमा १९१७ को समाजवादी क्रान्तिपछि पश्चिमी देशका विद्वान र सरकारका ठुला-ठालुहरूसमेत युरोपको सबभन्दा पिछडिएको भूदासहरूको देशमा कसरी समाजवादको स्थापनाको 'कल्पना' गरेको होला भनी आश्चर्य मिश्रित जिज्ञासामा थिए । त्यसकारण, त्यसबेलाका नाउँ चलेका बेलायती बुद्धिजीवी एच.जी.वेल्सलाई मस्को पठाइएको थियो ।

वार्ता र छलफलको सिलसिलामा लेनिनले भन्नुभयो, "विद्युतीकरणले समाजवाद ल्याउँछ ।" लेनिनको भनाइ र एच.जी.वेल्सको अर्थ्याइँमा फरक भएरै होला पत्रकारहरूले उहाँलाई भन्नुभयो, "लेनिन क्रेमलिनका स्वप्नदर्शी हुनुहुन्छ ।"

तर, परिणामले सोभियत सङ्घको विद्युतीकरणले आखिर समाजवादको सफलतामा ठुलो भूमिका खेल्यो । उद्योग र उत्पादनका हर क्षेत्रमा विद्युतीकरणको प्रयोगले अत्यन्त सकारात्मक परिणाम दियो - वस्तुको लागत र द्रुततर विशाल उत्पादनको परिणामको कारण । २०-३० वर्षभित्र संसारको सबभन्दा पुरानो पुँजीवादी देशलाई केही वर्षभित्रै विभिन्न वस्तुको उत्पादनमा पछि पारेर सबभन्दा अगाडि बढेको पुँजीवादी देशका प्रतिनिधि संरा अमेरिकासँग प्रतिस्पर्धी बन्न पुग्यो । सोभियत रुस त्यसबेला संसारको सबभन्दा ठुलो कारखाना साबित भयो ।

त्यो समय हो १०० वर्ष अगाडिको र ठाउँ समाजवादी सोभियत सङ्घको । जहाँ उत्पादनका विशाल उत्पादन साधनहरू निजी नभई सारा देश र जनताको हुन्थ्यो । तर, हाम्रो यहाँ भ्रष्टाचारले ग्रस्त निजी भन्नेहरू नै वास्तवमा विदेशी पुँजी भाग खाने एजेन्टहरू हुन्छन् । दोस्रो, ठुलठुला हाम्रा जलस्रोत र विद्युत् उत्पादनका मालिकहरू विदेशी छन् । माथिल्लो कर्णालीदेखि देशका सबै जलविद्युत्को बैङ्कसमेत भारतीय र एमसीसीको नाममा संरा अमेरिकी पुँजीको हातमा छ । नेपाली जलविद्युत् बङ्गलादेशसँग व्यापारको चाँजो-पाँजोमा भारतले भाँजो हालेको जगजाहेर छ । यसले बताउँछ - हाम्रो जलविद्युत् हाम्रो हातमा रहेन र जसरी भेनेजुयलाको तेलको खानी निजी नगरेकै कारण भेनेजुयलाका राष्ट्रपति र श्रीमती राष्ट्रपतिसमेत ट्रम्प प्रशासनले अचानक त्यस देशमा आक्रमण गरी अपहरण गरी लगेको हिजोकै कुरा हो ।

महाकाली सन्धिको सिलसिलामा नेपालका प्रधानमन्त्रीलाई वार्ताको अन्तिम निष्कर्षमा एक्लै लगेर दिल्लीको दरबारमा सेनाको पहरामा राख्दा नेपाली प्रतिनिधिमण्डल आश्चर्यमा पर्दै प्रधानमन्त्रीलाई पर्खेर बसेको थियो ।

अमेरिका र भारतमा राजदूत नेपालको अनुसार हुने होइन, तिनीहरूकै अनुरोधलाई पालन गर्ने हो । एमसीसीमा सबभन्दा पहिले नेपाली राजदूतले हस्ताक्षर गरेका थिए । अनि, नेपाली मन्त्री र संसद्ले अनुमोदन गरेका थिए । त्यही अमेरिकीहरू राजदूत नेपालै नआई भारतमा राजदूत भए; उनी पहिले योजना आयोगका सदस्य थिए । यसकारण, नेपालको प्राकृतिक स्रोत नेपालको हुँदैमा राजनीतिमा नेपालीकै हातमा नपुगेसम्म त्यसले 'समृद्धि' आउने होइन बरु देशमा गरिबी, विध्वंश र अरुको खेलको मैदान हुन सक्ने हुँदा नेपाली जनता रातमा मस्तसित नसुती चनाखो हुनुपर्छ !

---

**शिक्षा...**

वटा विद्यालय मर्ज गर्नुपर्ने अवस्था आएमा विकट ठाउँका विद्यार्थीहरू मावि तहसम्मको शिक्षाबाट समेत बञ्चित हुने त होइन ? यसबारे पनि चिन्तन मनन गर्नु आवश्यक छ ।

आ.व. २०८३/८४ को कुल बजेट २१ खर्ब २४ अर्बमध्ये शिक्षाको लागि २ खर्ब १८ अर्ब मात्र विनियोजन गरिएको छ । शिक्षा बजेटमध्ये पनि विद्यालय शिक्षालाई १ खर्ब ५१ अर्ब ६९.४९ प्रतिशत विनियोजन गरिएको छ । कुल बजेटको २० प्रतिशत बजेट शिक्षाको लागि विनियोजन गर्नुपर्ने अन्तर्राष्ट्रिय मापदण्डमा सहमति जनाएको सरकारले जम्मा १०.२८ प्रतिशत मात्रै राखिएको छ । त्यो पनि अधिकांश बजेट तलब भत्तामा खर्च हुने हो । यस्तो अवस्थामा शिक्षा विकासको कसरी आशा गर्ने ?

विद्यालयका शिक्षकहरूलाई तलब खुवाउने स्थानीय तह, शिक्षक सरुवा, बढुवा, दण्ड सजाय गर्ने सङ्घ सरकार यो अत्यन्त नमिल्ने विषय हो । सिद्धान्ततः तलब खुवाउने र नियन्त्रण एकै ठाउँबाट हुनुपर्छ । यसबारे बारम्बार कुरा उठे पनि त्यसलाई वर्तमान सरकारले पनि निरन्तरता दिइरहेको छ ।

स्थानीय तहहरूले संविधानबमोजिम एकल अधिकारको प्रयोग गरी शिक्षा ऐन बनाएर विद्यालय सञ्चालन गर्दै आएका छन् । नगर शिक्षा ऐनबमोजिम व्यवस्थापन समिति गठन, विद्यालय सञ्चालन र व्यवस्थापन गर्दै आएकोमा त्यसलाई प्रभावित हुने कुनै पनि काम नहोस् । स्थानीय र सङ्घ सरकारबिचको द्वन्द्वले विद्यालयहरू चेपुवामा पर्ने अवस्था आउनु हुन्न । शिक्षाको विकासमा सबैले आ-आफ्नो क्षेत्रबाट योगदान गर्ने वातावरण बनोस् । शिक्षामा योगदान गर्न सक्ने र चाहनेहरू कसैलाई पनि व्यवस्थापन समितिमा बसेर काम गर्न निषेध नगरौँ !

# पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दलले श्रमजीवीवर्गको हित नगर्ने

राष्ट्रिय स्वतन्त्र पार्टी पनि नेकाझैँ श्रमजीवीवर्गको प्रतिनिधित्व गर्ने पार्टी होइन । पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने दलले श्रमजीवीवर्गको हितमा काम गर्दैन; काम गर्न अघि बढ्दैन । शोषित पीडित जनताको पक्षमा काम गर्ने सरकार नआउञ्जेल देश विकासको काँचुली फेर्ने छैन । यो सरकार कसको पक्षमा छ भन्ने कुरा सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटले देखाइसकेको छ । नयाँ सरकार गठन भएपछि देशमा सुशासन होला, शान्ति सुरक्षा होला, काममा ढिलासुस्ती हुनेछैन; कार्यालयमा अनियमितता र भ्रष्टाचार हुनेछैन भन्ने जनताले आशा र विश्वास गरेका थिए ।

यसको ठीक उल्टो महँगी बढेको छ; शान्ति सुरक्षा छैन; विदेसिने क्रम चालू छ । सरकारी कार्यालयमा पहिलेझैँ ढिलासुस्ती छ; घुसबिना काम हुँदैन । खानेपानीको समस्या ज्यूँका त्यूँ छ; रोपाइँको बेलामा पनि रासायनिक मल आइपुगेको छैन । उखु कृषकहरूले भुक्तानी पाएका छैनन्; उद्योगहरू बन्द छन् । शिक्षकहरू पनि सन्तुष्ट छैनन् । प्राध्यापक, चिकित्सक र नर्स ( स्वास्थ्यकर्मी) हरू आन्दोलित छन् । सुकुमवासीहरूको त उठिवासै भएको छ । बस्ती उठिवासको कारण सहन नसकी ६ जनाको ज्यान गइसकेको छ । पछिल्लो चरणमा मुगु निवासी गणेश नेपालीले प्रहरीको अनावश्यक दबाब र जरिवानाको कारण आत्मदाह गरेर ज्यान गुमाउनुपर्‍यो । यसै विषयमा सदन र सडकमा विरोध प्रदर्शन भयो; प्रधानमन्त्री बालेनको राजीनामा माग भयो । 'सहिद' को घोषणा माग गर्दै परिवारको जीवन सुनिश्चित गर्न र बच्चाको पढाइको व्यवस्था गर्नुपर्ने मागसहित काठमाडौँलगायत विभिन्न स्थानमा प्रमको पुतला दहनसहित प्रदर्शन भयो । घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको माग भयो ।

यो सरकारले भदौ २३ गते भएको शान्तिपूर्ण आन्दोलनमा गोली हान्ने अपराधीहरूलाई न कारबाही गरेको छ न त भदौ २४ गते सिंहदरबार, राष्ट्रपति भवन, संसद् भवन, सर्वोच्च अदालतलगायत देशको सम्पत्ति ध्वस्त पार्ने उपद्रवहरूलाई नै कारबाही गर्न सकेको छ । सम्पत्ति ध्वस्त पार्न अघि बढेका, आन्दोलनकारीलाई उक्साउने व्यक्तिहरू नै अहिलेको सरकारमा मन्त्री बनेका छन् । सरकारमा रहेका मन्त्रीहरू नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थामा आबद्ध छन् । विदेशी शक्तिराष्ट्रद्वारा सञ्चालित गैरसरकारी सङ्घ संस्थाले के नेपाल र नेपाली जनताको हितमा काम गर्ला ? सत्तारूढ दलका नेताहरूको अहङ्कार, दमनकै कारण संसद्मा रहेका र नरहेका दलहरू सरकारको विरोधमा लागेका छन् । जनतामा असन्तोष बढेको छ । कति दलका नेताहरूले साउनदेखि सरकारविरोधी आन्दोलन गर्ने चेतावनी दिन थालेका छन् ।

देशका कम्युनिस्ट पार्टीहरूले सरकारी दमन र अत्याचारको विरोधमा मात्र होइन; परिवर्तनको निम्ति कम्युनिस्ट पार्टीको आन्दोलन अघि बढाउनुपर्छ । साँच्चै समाजवादी क्रान्ति गर्ने लक्ष्यअनुरूप काम गर्नुपर्छ । कम्युनिस्ट पार्टीले अरू पुँजीवादी पार्टीले जस्तै सत्ताको वरिपरि रहेर पुँजीवादी सरकारको नेतृत्व गर्ने राजनीति छोड्नुपर्छ । कम्युनिस्ट पार्टीले वर्गीय शत्रु र मित्र चिनेर जनतालाई सचेत र सङ्गठित गर्नुपर्छ । अबको आन्दोलन बहुमत प्राप्त सरकार ढाल्ने आन्दोलनभन्दा कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार जनतामाझ लगेर वर्गीय आन्दोलन छेड्नुपर्छ ।

एउटा पुँजीवादी सरकार ढालेर अर्को पुँजीवादी सरकार गठन गर्दा शोषितपीडित जनताको निम्ति केही फरक हुनेछैन । बरू, हामीले आमूल परिवर्तनको निम्ति पूर्वाधार तयार गर्दै जानुपर्छ । देश र जनताको पक्षमा निःस्वार्थ र इमानदारीपूर्वक सेवा गर्नुपर्छ भन्ने भावनाका साथ काम गर्नुपर्छ । यसको निम्ति देशका किसान, मजदुर, विद्यार्थी, युवा, महिला, शिक्षक, साहित्यकार, कर्मचारी, सर्वसाधारण जनता, बुद्धिजीवी, व्यवसायीहरू अघि बढ्नुपर्छ; अघि बढेर जनतालाई तयार गर्नुपर्छ ।

# संसारमा सबभन्दा लागूपदार्थको व्यापार अमेरिकामै

जानकारहरूका अनुसार ८० वर्ष पहिलेदेखि नै नेपालमा गाँजा खुला थियो । मन्दिर-मन्दिर र भजन घरमा 'हरेराम, हरेकृष्ण' को भजनपछि गाँजा खानु अत्यन्त स्वाभाविक थियो । त्यस्तै पसल पसलमा चियामा समेत 'चरेस' राखेर 'ग्राहक' र 'उपभोक्ता' हरू तान्ने गर्थे । काठमाडौँ उपत्यकामा समेत खेतखेतका डिलहरूमा गाँजा उम्रिन्थ्यो र त्यही उपयोग गर्थे । तर, चराचुरूङ्गीहरूले खाएको 'बियाँ' र 'विष्टा' ले घाम-पानी पाएर हरेक झिङ्गटी छाना भएका मन्दिरहरूमा र साधारण जनताको घरको छानामा गाँजा उखेल्ने झन्झट हुन्थ्यो ।

सम्भवतः त्यसैले मन्दिर र घरको हेरचाहको निम्ति वर्षाभन्दा अघिल्लो महिनामै र असार-साउन-भदौपछि असोज-कार्तिक महिनामा 'पोल्हँ वाय्केगु' अर्थात् 'छाना मर्मत' गर्ने गर्थे । त्यसैबेला वर्षाको पानीले झिङ्गटीको तलका काठ र चुकुलहरूको स्याहार वा फेर्ने काम पनि गर्थे । त्यो एउटा नियम र सांस्कृतिक सम्पदाको संरक्षणको एक नियम र सभ्यताकै अङ्ग थियो ।

अहिले गुठी अड्डा, पुरातत्त्व विभाग, नगरपालिका र वडा समितिहरूको ध्यान जानु आवश्यक छ । नत्र, हाम्रा कला-संस्कृति 'जोगाउनु' भन्दा 'यो पुस्ताले कला संस्कृति संरक्षणको नाममा र उपभोक्ता समितिको नाममा 'ठेकेदारहरू' पोस्ने काम हुनेछ भन्ने व्यापक चर्चा छ । सबै सचेत रहनु आवश्यक छ ।

'गण्डकीमा गाँजालाई वैधता दिने कानुन बन्यो' (अन्नपूर्ण पोस्ट, २६ असार २०८३) । पञ्चायतकालदेखि नै भित्रभित्र विदेशीहरूले 'लागूऔषध'लाई छुट दिने कोसिस गर्दै थिए । तर, प्रजातन्त्र र गणतन्त्रपछि पनि यो 'लागूपदार्थको व्यापार बढ्दै गएको सबैलाई थाहा छ ।

नेपालमा आज पनि संरा अमेरिकाकै 'गाँजा' र 'लागूपदार्थ' भित्रिरहेको व्यापक चर्चा छ । अङ्ग्रेजीमा त्यसलाई 'खुलमखुला र गुप्त' (ओपन सेक्रेट) भनिन्छ । संसारमा सबभन्दा लागूपदार्थको व्यापार अमेरिकामै हुने बताइन्छ । अमेरिकी सरकार भने मन नपरेको हरेक सरकार र राष्ट्रपतिहरूलाई लागू औषधिको कारोबारी भन्ने आरोपको क्रममा पनामाका राष्ट्रपतिलाई थुनेर हत्या गरियो । आज भेनेजुयलाका राष्ट्रपति माडुरो र उहाँकी जहान श्रीमती माडुरोलाई अपहरण गरेर बन्दीगृहमा राखिएका छन् । यसकारण, लागूऔषधको विरोध गर्नुभन्दा 'लागूऔषध कारोबार राष्ट्रिय चुनौती' र 'सहकार्यमा मात्र नियन्त्रण सम्भव' बताइन्छ । नागरिक दैनिक, २६ असार २०८३)

# अमेरिकी प्रशासन संसारको निन्दाबाट छटपटिएको छ

संरा अमेरिकी राष्ट्रपति ट्रम्पको बारेमा अब संसारका सचेत नागरिक र बुद्धिजीवीहरूमाझ साह्रै विवादास्पद नेताको रूपमा लिइआएको पहिलो निर्वाचनपछि नै हो । अन्य मित्र देशहरूसमेतको आश्वासन, निर्णय र भनाइलाई विश्वास नगर्नुको कारण - उनको भनाइ र गराइमा समानता नहुनु, उनको स्वभावमा एक राष्ट्रको राष्ट्रपति (नेता) को भन्दा पनि एक कडा व्यापारीको व्यवहारसँग मिल्ने देख्छन्, मित्र देशहरूको सम्बन्धबारे पनि उनको कार्यशैली कूटनैतिक र राष्ट्रिय नेताको गरिमाबाट साह्रै तल झरेर धम्कीको भाषा र व्यवहार गर्छन् - एक गाउँले गुण्डा र टोलका मुल्याहाजस्तो ।

इरानसँग हालै गरेको वार्ता, समझदारी र सम्झौतालाई ट्रम्पले 'अन्तरिम सम्झौता समाप्त भएको' दाबी गरे, जसलाई इरानले निन्दा गर्‍यो । *('कान्तिपुर' - २५ असार, २०८३)*

समाचारमा बताइएअनुसार ट्रम्पले इरानसँग लडाइँ बन्द गर्ने उद्देश्यले 'सम्झौता' गर्नुभन्दा इरानलाई अप्ठेरो परेको विषय थाहा पाउने र त्यसमा हान्ने जालसाजी देखियो । समाचारले पोल खोल्यो - "इरानलाई अन्तर्राष्ट्रिय बजारमा तेल बिक्री गर्न दिने निर्णय फिर्ता ।" इरानको भित्री समस्या बुझेर सम्झौता फिर्ता लियो किनभने अमेरिकाको निर्णयपछि कच्चा तेलको मूल्यमा ३ प्रतिशतभन्दा बढीले वृद्धि हुँदा सबै एसियालीहरूबाट इरानमाथि दबाब बढाउने उद्देश्य देखियो ।

आफ्नो बढ्दै गएको आर्थिक सङ्कटबाट पार पाउन ट्रम्पले 'उत्तर एटलान्टिक सन्धि सङ्गठन' नाटोका सदस्यहरूलाई आ-आफ्नो रक्षा बजेटको ५ प्रतिशत रकम अमेरिकालाई तिर्न दबाब दिएको हुँदा 'नाटो' का महासचिव मार्क रुट्टीले ट्रम्पलाई आक्रमणको विरोध गर्नुभन्दा इरानलाई दोष दिएको देखियो। यसकारण, अमेरिकी प्रशासन संसारको निन्दाबाट छटपटिएको प्रस्ट छ ।

# कार्यकर्ताहरू योग्य, शिष्ट र भ्रष्टाचारविरोधी भावनाबाट शिक्षित र दीक्षित गर्नुपर्ने

राष्ट्रपति, प्रधानमन्त्री वा नेताहरूको नाउँमा अस्पताल, शिक्षालय, सामाजिक संस्था वा अन्य भवनहरूको नाम राख्दा अनेक विवाद हुने र अर्को दलको सरकार आउँदा हिसाबकिताब तथा राखिएका कर्मचारीबारे अनेक झमेला आउनेबारे नेपालीहरू अनभिज्ञ छैनन् ।

यसकारण, विदेशी सहयोगले बन्ने अस्पतालजस्ता संस्थाहरूमा शासक दलहरूले अयोग्य कार्यकर्ता र नातागोता राखेर अस्पतालमा स्वास्थ्य उपचारका सामानलाई जानाजान बिगारेर पछि बजारबाट महँगो मूल्यका सामान राख्ने गरेका हुन्छन् । एक दुई ठाउँको मात्र यो समस्या होइन- पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणसम्मै यो स्थिति देखिएको छ । यसको निम्ति राजनैतिक दलका केन्द्रीय नेताहरूको प्राथमिकतामा देश र जनता आउनुपर्छ र तिनीहरूबाटै जिल्ला र स्थानीय निकायका कार्यकर्ताहरू योग्य, शिष्ट र भ्रष्टाचारविरोधी भावनाबाट शिक्षित र दीक्षित गर्नुपर्ने देखिन्छ । अनेक आश्वासन र आर्थिक सहयोगमा लागेर नयाँ पार्टीमा प्रवेश गरिएका कार्यकर्तालाई तह लगाउन समय लाग्नु स्वाभाविक हो । अनेक आन्दोलन, सैद्धान्तिक सङ्घर्ष र प्रहरीको दमन नसहेका कार्यकर्ता अलि छाडा हुनु स्वाभाविक हो ।

यसकारण, स्वतन्त्रता र मुक्ति पाएका केही देशका नेताहरूको नामबाट सहर र भवनहरू, शिक्षालय, अस्पताल, संस्था आदिको नाम राख्दा र शालिकहरू स्थापना गर्दा अनेक समस्या आउने हुँदा निषेध गरिएको थियो ।

अहिले सुनसरीका बीपी प्रतिष्ठान पुनः विवादमा आएको छ । 'सङ्कटमा बीपी प्रतिष्ठान, सास्ती भोग्दै बिरामी' शीर्षकमा केही पीडितहरूको गुनासो छ । *( 'नागरिक' दैनिक - २५ असार, २०८३)*

अर्को शीर्षक छ - 'ठगी आरोपमा १२ पक्राउ ।'

# अन्तर्राष्ट्रवादी पत्रकार एड्गर स्नो (सन् १९०५–१९७२)

चिनियाँ जनता र संसारलाई चिनियाँ क्रान्तिका नेता को हुन् र कस्ता छन् भन्ने जानकारी दिने अमेरिकी पत्रकार एड्गर स्नो थिए । २२-२३ वर्षको उमेरमा उनी अमेरिकाबाट चीन पुगे । उनले त्यहाँ ७ वर्ष चिनियाँ भाषा र चीनको अध्ययन गरे तथा येनचिङ (Yenching) विश्वविद्यालयमा अध्यापन गरे । शिकागो ट्रिब्युन (Chicago Tribune), न्युयोर्क सन (The New York Sun) र न्युयोर्क हेराल्ड ट्रिब्युन (The New York Herald Tribune) जस्ता अमेरिकी पत्रिका र बेलायतको 'द लण्डन डेली' (The London Daily) को संवाददाताको रूपमा कार्य गरे ।

एड्गर स्नो संरा अमेरिकाको मिसौरी (Missouri) राज्यको केन्सास (Kansas) महानगरमा १७ जुलाई १९०५ मा जन्मेका थिए ।

**परिवार**

एड्गर स्नोका जिजुबाजे सामुयल फ्रोस्ट स्नो (Samuel Frost Snow) ले अमेरिकाको दासमोचनको गृहयुद्धभन्दा पहिले नै आफ्ना दासहरूलाई मुक्त गरेका थिए ।

उनका बुबा जेम्स एड्गर (James Edgar) सन् १८७३ मा जन्मेका थिए । उनकी आमा आइरिश जर्मनी आमाबाबुबाट जन्मेका अन्ना क्याथेरिन इडेल्मान (Anna Catherine Edelman) थिइन् । अन्नाका बुबा जर्मनीको सिलेसिया (Silesea) मा जन्मेका थिए र उनी दुई वर्षको हुँदा अमेरिका पुगेका थिए ।

एड्गर स्नोका बुबाले एक सानो छापाखाना र प्रकाशन गृह स्थापना गरेका थिए । त्यस छापाखाना कम्पनीले 'केन्सास नगर नक्षेत्र' (Kansas City Star) पत्रिका छाप्थ्यो । उनका आमाबुबाको दुई छोरा र एक छोरी थिए । उनी कान्छा छोरा थिए । धर्ममा उनको बुबा उदार थिए ।

सानोमा उनले फ्रान्सेली उपन्यासकार भिक्टर ह्युगोका 'अभागी' (Des–Miserables), रोबिन्सन क्रुसो (Robinson Crusoe), स्वीस परिवार रोबिन्सन (The Swiss Family Robinson), 'धनको टापु' (Treasure Island) जस्ता पुस्तकहरू पढेका थिए । उनले मिसौरी विश्वविद्यालयमा पत्रकारिताको अध्ययन गरे । विश्व भ्रमणको निम्ति पैसा जम्मा गर्न उनी न्युयोर्क पुगे तथा सन् १९२८ मा उनी चीनको साङ्घाई पुगे । त्यसबेला उनी २३ वर्षका युवा थिए ।

साङ्घाईको अर्थ 'समुद्रभन्दा माथि' हो - राजनैतिक र आर्थिकरूपले राष्ट्रभन्दा माथि । साङ्घाईको एक भाग फ्रान्सेलीहरूको क्षेत्र थियो । त्यो क्षेत्र १० हजार एकडको थियो, ३० लाख चिनियाँ मजदुर र विदेशीहरू त्यहाँ बस्थे । त्यसमा धेरै चिनियाँ महिलाहरूको चिया पसल, रिक्सा तान्ने व्यवसाय र वेश्यालयहरू थिए । सारमा, साङ्घाई अत्यन्त फोहर थियो, भोका नाङ्गा, शरणार्थीहरूको स्थल थियो । राम्रा केटाकेटीहरू बेचिने ठाउँ साङ्घाई थियो । तर, साङ्घाईमा शक्तिशाली देश बेलायती, फ्रान्सेली, अमेरिकी र जापानी बासिन्दा र तिनीहरूका वाणिज्य दूतहरू हुन्थे । फ्रान्सेली क्षेत्र मुट्ठीभर फ्रान्सेलीहरूको हातमा थियो र चिनियाँहरूले फ्रान्सेलीहरूलाई सबै प्रकारको कर तिर्नुपर्दथ्यो ।

उनले चीनमा रहेर 'शिकागो ट्रिब्युन' (Chicago Tribune) का लागि काम गरे । उनले न्युयोर्कको 'हेराल्ड ट्रिब्युन' (Herald Tribune) भन्ने साप्ताहिकमा पनि योगदान गरे । पछि 'हेराल्ड ट्रिब्युन' दैनिक भयो । उनले त्यसमा काम गर्दै गए र उनी चीनको उत्तरी भागको यात्रामा पठाइए । अमेरिकामा सँगै पत्रकारिता पढेका साथी जे. बी. पावेल (J.B. Powell) को सम्पादनमा निस्कने अङ्ग्रेजी 'चिनियाँ साप्ताहिक समीक्षा' (China Weekly Review) मा उनले काम गरे । उनी पुनः दक्षिणी चीन हुँदै भारततिर पठाइए ।

एड्गर स्नोले निङ्पो (Ningpo) देखि हान्को (Hankow), नानकिङबाट हार्बिन (Harbin), पेइचिङबाट ठूलो पर्खाल (Great Wall) र त्यहाँबाट मन्चुरिया र कोरियाको ८ हजार माइलको रेलयात्रा गरे । कुब्ला खाँले शासन गर्दाको मार्कोपोलो पुल, चीनको भेनिस भनिने हांगचाउ, नानकिङ, कन्फ्युसियसको जन्मस्थल आदिको भ्रमण गर्दै चीनको विदेशी समाज र माथिल्लो स्तरका मानिसहरूबारे जानकारी हासिल गरे । त्यसबेला चीनको जनसङ्ख्या ४० करोड थियो ।

बिस्तारै उनी दक्षिण-पूर्वी एसियाको समेत संवाददाता भए र साङ्घाईबाट सानो जापानी जहाजबाट उनी फार्मोसा (Farmosa) पुगे । तुलनात्मकरूपमा उनले फार्मोसा अर्थात् ताइवान (Taiwan) राम्रो पाए । सफा, समृद्ध र माग्नेहरू फाट्टफुट्ट मात्रै उनले देखे । स्वास्थ्य सेवा र शिक्षा राम्रो, जीवनस्तर र साक्षरता प्रतिशत धेरै माथि थियो ।

फार्मोसाबाट उनी फूचो (Foochow), अमोई (Amoy) र स्वाटो (Swatow) हुँदै क्वान्तुङ प्रान्तको क्यान्टन (Canton) पुगे । क्यान्टन चीनको गणतन्त्रवादी र पहिलो राष्ट्रपति सन यात सेनको जन्मथलो र राष्ट्रवादी क्रान्तिको थलो थियो । त्यो ठाउँ त्यसबेला होनोलुलुका चिनियाँहरूको प्रभावमा थियो । क्यान्टन चीनको तेस्रो र सबभन्दा ठूलो महानगर थियो । त्यहाँ 'सत्य चीन' (China Truth) भन्ने पत्रिका चल्थ्यो । तर, क्यान्टन सोचेजस्तो राष्ट्रवादीहरूको उदाहरण या नमुनाको भने उनले पाएनन् । त्यहाँ कर्मचारी, साहुमहाजन, बैङ्कका मालिक र गुण्डाहरूको दबदबा थियो । भूमि, यातायातको साधन, नुन, सुती, रक्सी, वेश्यालय, रेष्टुराँ र अन्य मनोरञ्जनका साधनहरूमा कर छलिन्थ्यो र भ्रष्टाचार हुन्थ्यो ।

क्यान्टनबाट उनी सानो पोर्चुगाली उपनिवेश मकाओ (Macao) पुगे । त्यहाँको आम्दानीको स्रोत पनि जुवा, अफिम र वेश्यावृत्ति थियो । मकाओबाट सानो पानीजहाज चढेर एड्गर स्नो उत्तर भियतनामको टोन्किन (Tonkin) खाडीतिर लागे । ४५० किलोमिटरको यात्रापछि उनी राजधानी हनोइको पूर्वको बन्दरगाह हाइफोङ (Haiphong) ओर्लिए ।

फ्रान्सेली उपनिवेशवादीहरू कुराकानीमा हिन्द- चीनमा परोपकारी वा सभ्य ढङ्गले उपनिवेश चलाएको धाक लाउँथे । दुई चारजना माथिल्लो खान्दानीहरूलाई फ्रान्समा अध्ययन गर्न पठाई, केही महिलाहरूलाई फ्रान्सेली भाषा र संस्कृतिमा अभ्यस्त गराउनुलाई नै तिनीहरू ठूलो काम गरेको सम्झन्थे । तर, साँचो अर्थमा तिनीहरू साधारण भियतनामी जनतालाई पशुसरह व्यवहार गर्ने र दमनको कारण टोन्किनका जनतामा हाँसो भन्ने कुनै उनले देखेनन् ।

पूर्वी एसियामा जापानबाहेक हनोइका सडक चौडा र दायाँबायाँ बिरुवा रोपिएको राम्रो देखिन्थ्यो । दक्षिणको सैगोन सहर ठूलो भए पनि कठिन भूगोल थियो । यसकारण, विदेशी कार्यालयहरू हनोइमा थिए । भियतनाममा एउटा मात्रै रेलको बाटो थियो । दुई करोड जनता भएको भियतनाममा हजारौं जनता रोग, भोक, अज्ञानता र हिलोमैलोमा डुबेका थिए ।

**युनानबाट बर्मा**

भियतनामबाट एड्गर स्नो युनानफु (Yunanfu) पुगे । कुन्मिङ (Kunming) त्यसको राजधानी थियो । अफिमको व्यापार, डकैतीको बिगबिगी, केटीहरूको बेचबिखन, युद्ध सरदारहरूजस्ता



सिद्धान्तहीन राजनैतिक नेताहरू, अमेरिकी बैङ्कमा पैसा जम्मा गर्ने धनीहरू र पाँच लाख दासहरूको प्रान्त थियो । क्रान्ति, प्रतिक्रान्तिकारी र राष्ट्रवादबारे माथिल्ला स्तरका व्यक्तिहरू र क्षेत्रहरू विभाजित हुँदै थियो । युनान (Yunnan) को अर्थ हो- बादलको दक्षिण ।

धेरै भरियाहरू राखेर एड्गर स्नो येनान, तिब्बतको सीमा हुँदै केही दिनपछि बर्माको सरहद पुगे । बर्माको सरहदबाट रङ्गुन जाने बाटोमा खच्चरबाट लडेर उनको घुँडामा ठूलो चोट पर्‍यो र केही दिन उनले त्यहीं उपचारमा बिताए । बर्माका नेताहरूमा चिनियाँ कम्युनिस्टको प्रभाव नपरून् भनेर अङ्ग्रेजहरू समाजवादको प्रचारमा लागेका थिए र बर्माका जनता र नेताहरूमा भारतविरोधी भावना थियो र बर्माले स्वतन्त्रता पायो ।

**चीन फर्के**

एड्गर स्नो बर्माबाट भारत पुगे । भारतको उनले पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणसम्मको यात्रा गरे । भारतमा उनले दार्शनिक, विचारक, लेखक, कवि-कलाकारहरूसँग भेट गरे तथा छलफल गरे । तिनीहरूकै माध्यमबाट गान्धीजी, नेहरू र अन्य नेताहरूसम्म उनी पुगे । केही स्थानीय तहका भूमिगत महिला कम्युनिस्ट कार्यकर्ता सुहासिनी (Suhasini), युवा कम्युनिस्ट लीग, मजदुर सङ्गठनका अधिकारी आदिसँग कुराकानी गरे । भारतका मजदुरहरूको स्थिति अत्यन्त दयनीय थियो । गरिब महिलाहरू आफूलाई बेच्न बाध्य थिए र भारतमा मार्क्सवादलाई त्यसबेला धर्मको रूपमा लिन्थे ।

गान्धीजीको सत्याग्रह अहिंसा धर्म मिश्रित राजनीति उनलाई दुरुह लाग्यो भने नेहरूको समाजवाद समस्याको समाधान लाग्यो, पछि उनलाई अफिमको व्यापारी, तस्कर र कमिन्टर्नको एजेन्टको झूटा आरोपमा पक्राउ पर्ने सम्भावना हुँदा उनी चीन फर्के । सन् १९३२ मा अमेरिकी वाणिज्य दूतावासमा काम गर्ने हेलेन फोस्टर स्नो (Helen Foster Snow) सँग उनको प्रेम भयो । त्यसबेला उनी २७ वर्षका थिए ।

**हेलेन फोस्टर (Helen Foster)**

सन् १९३३ तिर जापानले साङ्घाईमा दोस्रो पटक आक्रमण गर्‍यो । साङ्घाईमा अमेरिकी वाणिज्य दूतावासमा काम गर्ने हेलेन फोस्टरसँग एड्गर स्नोको सम्बन्ध गाढा हुँदै गयो र त्यो सम्बन्ध विवाहमा परिणत भयो । मधुमास मनाउन एड्गर स्नो आफ्नी पत्नीसँग जापान पुगे तथा त्यहाँबाट फर्केर पेइचिङ पुगी 'सुदूर पूर्वको मोर्चा' (Far Eastern Front) पुस्तक तयार गर्न लागे । साथसाथै येनचिङ विश्वविद्यालयमा अध्यापन गरे । विश्वविद्यालयकै पुस्तकालयमा उनले मार्क्सवादी सिद्धान्तको अध्ययन गरे । त्यहीं उनले कम्युनिस्ट आन्दोलनका युवा विद्यार्थी कार्यकर्ताहरूसँग परिचय बढाए । ती युवाहरूमार्फत उनको सम्बन्ध कम्युनिस्ट पार्टीको प्रधान कार्यालयका नेताहरूसम्म पुग्यो । उनले चीनमै बस्ने निर्णय गरे तथा 'जिउँदो चीन' (Living China) पुस्तक लेखे ।

उनी 'शनिबारे सन्ध्या समाचार' (The Saturday Evening Post) मा काम गर्दै थिए र इन्डोनेसियाका टापुहरूमा हेलेनसँगै भ्रमणमा गए । बोर्नियो र सेलेबेसका कति टापुमा हल्याण्डले उपनिवेश बनाएको थियो । नरिवल, काठ र रबर त्यहाँको प्राकृतिक स्रोत थियो । जाभा, पापाउ, न्युगिनी, बालि आदि टापुहरूका आदिवासीहरूको २१० दिने पात्रो र तिनीहरूको सभ्यता, रीतिरिवाज, शिक्षा-संस्कृति अत्यन्त प्राकृतिक र विकसित थियो । डचहरूले त्यसैबेला ती आदिवासी तथा त्यहाँको संस्कृतिलाई पर्यटन उद्योगको रूपमा प्रयोग गरेका थिए ।

इन्डोनेसियाबाट फर्केर स्नो परिवारले पेइचिङमा घरजम गर्‍यो । पेइचिङ अफिसरहरू विद्वान्हरू, जमिनदारहरू, खान्दानीहरू, साहुमहाजन, रिक्सा चालकहरू र साधारण चिनियाँ जनता र विदेशी कूटनीतिज्ञहरू बस्ने, बगैंचा, पोखरी र फूलैफूलको महानगर थियो ।

पेइचिङमा स्नोले आफ्नो चिनियाँ भाषाको जानकारीलाई अझ राम्रो बनाउने अवसर पाए । साङ्घाईमा बस्दा उनले चिनियाँ विद्वान्, शिक्षक र महान् लेखक लू सुन (LuShun) सँग भेटघाट र छलफल गर्ने मौका पाएका थिए । लू सुनको 'आह क्यूका साँचो कथा' भन्ने रचनालाई अङ्ग्रेजीमा अनुवाद गर्न अनुवादक याओ सिन नुङ (Yao Hsiii–Nung) लाई सघाएका थिए । याओ सूचाओ विश्वविद्यालयका जातक र अङ्ग्रेजी भाषामा राम्रो दख्खल भएका व्यक्ति थिए । स्नोले मिलेर काम गर्न याओलाई पेइचिङ बोलाए । त्यसबेला अनुवादकहरूलाई कम पारिश्रमिक दिने गरिन्थ्यो । लू सुनसँगको सम्झना गर्दै उनले आफ्नो रचना 'सुरुका यात्रा' (Journey to the Beginning) मा गणतन्त्रबारे लू सुनको टिप्पणीलाई उल्लेख गरे - 'गणतन्त्रभन्दा पहिले जनता दास थिए । पछि हामीहरू पूर्व दासहरूका दास भयौं ।'

"सोभियत रुसबारे मलाई केही थाहा छैन, तर रुसबारे पढेको छु, चीनसँग केही समानता थियो । रुसबाट सिक्नेबारे कुनै शङ्का छैन । त्यस्तै हामीले अमेरिकाबाट पनि सिक्न सक्छौं । तर, चीनको निम्ति आफ्नै किसिमको क्रान्ति अर्थात् चिनियाँ क्रान्तिको आवश्यकता छ । हाम्रै इतिहासबाट पनि सिक्नुपर्छ ।"

**फासीवाद र च्याङ काइ शेक**

राष्ट्रवादी दल (कोमिनताङ), फासीवाद, इटाली र हिटलरको जर्मनीबाट प्रभावित थियो । सिद्धान्ततः तीनवटैको शासन मिल्दोजुल्दो थियो । च्याङ काई-शेकले आफ्नो हवाई सेनालाई तालिम दिन इटालीको जनरल चेनौल्ट (Clair Chenault) बाट र पछि सेनाको तालिम दिन जर्मन अफिसरहरू ल्याएका थिए । त्यस सेनालाई जर्मनहरूको जस्तो 'कालो कमिज' भन्ने राजनैतिक संयन्त्र र गुप्तचर विभाग (Gestapo) को जस्तै बनाइयो । कोमिनताङ आफ्नै सैनिक तालिमहरूलाई जर्मनीको सैनिक एकेडेमीले नेताप्रति बफादार भएजस्तै च्याङप्रति बफादार हुन सिकाइयो । त्यसैलाई विद्यालयहरूमा र कोमिनताङको युवा सङ्गठनमा पनि सिकाइयो ।

हजारौंहजार कम्युनिस्ट र विरोधीहरू पक्राउमा पर्थे । तर, अदालतमा पुऱ्याइन्नथ्यो, हरेक दिन हत्या हुन्थ्यो, त्यसको जानकारी कसैलाई दिइँदैनथ्यो ।

**चीनको दोस्रो युवा आन्दोलन**

सन् १९३५ मा जापानले मन्चुरिया र भित्री मङ्गोलिया कब्जामा लियो र ठूलो पर्खालको दक्षिणको होपै चाहार क्षेत्रलाई 'स्वायत्त' बनाउन खोज्यो । च्याङ काई शेक जापानसँग लड्नुको अर्थ कम्युनिस्टको विजय सम्झन्थ्यो । जापान ठूलो पर्खालको दक्षिण र पेइचिङको बिचको भागलाई 'असैनिक क्षेत्र' घोषणा गराउन चाहन्थ्यो । त्यसको अर्थ अर्को पटक ती क्षेत्र जापानको नियन्त्रणमा जान्थ्यो । कोमिन्ताङ जापानसँग लड्ने पक्षमा थिएन र एक पुरानो राष्ट्रवादी सिपाही जनरल सुङ चे युयान (Sung Cheh–Yuan) लाई होपै चाहार 'स्वायत्त' क्षेत्रको जिम्मा सुम्पियो ।

सरकारको पछि हट्ने त्यस नीतिले उत्तरी चीनका सबै संवेदनशील जनता आत्तिए । अमेरिकी क्रिश्चियन येनचिङ विश्वविद्यालयका विद्यार्थीहरू रोई कराई गरी देशलाई बचाउन आफ्ना विदेशी प्राध्यापक र पत्रकारहरूसम्म पुगे ।

सन् १९३५ को डिसेम्बर महिना थियो, विद्यार्थीहरूको त्यो भावना स्नो परिवारले बुझ्यो र देश बचाउन विद्यार्थीहरूलाई उत्साहित गर्न थाल्यो । ९ डिसेम्बरको दिन पेइचिङका हजारौं युवा विद्यार्थीहरूले 'नक्कली स्वाधीनता आन्दोलन मुर्दावाद !', 'विश्वासघातीहरूलाई पक्राउ गर !', 'जापानी साम्राज्यवाद मुर्दावाद !', 'चीनलाई बचाऊ !' जस्ता नाराहरू लगाएर प्रदर्शन, पर्चा, पोस्टर, पताका, उपचार दल, सम्चारकर्ताहरू र सञ्चालन समिति बनिसकेका थिए । प्रहरीले लाठी प्रहार गर्‍यो, हावामा गोली हान्यो, स्थिति भन् चर्क्यो । प्रदर्शनमा पसले, स्वास्नीमानिसहरू, किसान र ज्यामी, भिक्षुहरू, शिक्षक, साहुमहाजन, रिक्सावाल सबैले भाग लिए । त्यो आन्दोलन देशभरि फैलियो । देश-विदेशमा त्यही मुख्य समाचार बन्यो ।

१७ डिसेम्बर १९३५ का दिन पेइचिङ र थेनचिनमा दोस्रो व्यापक प्रदर्शन भयो । त्यसले व्यापकता लियो । जापान जिल्लियो, जनरल सुङले जापानको माग जनताको विरोधका कारण केही गर्न नसक्ने बतायो । जापानी जनेरल केन्जि डोइहारा (Kanji Doihara) लाई फिर्ता बोलाइयो । सन् १९१९ को मई महिनाको युवा आन्दोलनपछि ९ डिसेम्बर १९३५ को युवा आन्दोलन अत्यन्त महत्त्वपूर्ण रह्यो ।

त्यसबेला कम्युनिस्टहरूको लाल इलाकालाई घेरामा राख्न राष्ट्रवादी सरकारको राष्ट्रपति च्याङ काई शेकले सियान (Xian) मा बलियो मन्चुरियाली सेना राखेको थियो । त्यसको उत्तरतिर शान्सि (Shansi) प्रान्तको येनान (Yenan) लाई चिनियाँ कम्युनिस्ट सरकारको राजधानी बनाइएको थियो । एड्गर स्नोलाई लाल इलाकाको प्रधान कार्यालयबाट बोलावट आइपुग्यो । उनी र उनका एकजना घनिष्ठ साथी जर्ज हाटेम (George Hatem) सियान पुगे । त्यहाँबाट लुकीछिपी तिनीहरू शान्सि प्रान्तको येनान र पाओ आन (Pao An) पुगे । अहिलेको रोमन वर्णमालामा दिएको उच्चारणअनुसार (Bao'an) लेखिन्छ ।

**फासीवाद र च्याङ काइ शेक**

राष्ट्रवादी दल (कोमिनताङ), फासीवाद, इटाली र हिटलरको जर्मनीबाट प्रभावित थियो । सिद्धान्ततः तीनवटैको शासन मिल्दोजुल्दो थियो । च्याङ काई-शेकले आफ्नो हवाई सेनालाई तालिम दिन इटालीको जनरल चेनौल्ट (Clair Chenault) बाट र पछि सेनाको तालिम दिन जर्मन अफिसरहरू ल्याएका थिए ।

त्यस सेनालाई जर्मनहरूको जस्तो 'कालो कमिज' भन्ने राजनैतिक संयन्त्र र गुप्तचर विभाग (Gestapo) को जस्तै बनाइयो । कोमिनताङ आफ्नै सैनिक तालिमहरूलाई जर्मनीको सैनिक एकेडेमीले नेताप्रति बफादार भएजस्तै च्याङप्रति बफादार हुन सिकाइयो । त्यसैलाई विद्यालय र कोमिनताङको युवा सङ्गठनमा पनि सिकाइयो ।

हजारौं हजार कम्युनिस्ट र विरोधीहरू पक्राउमा पर्थे । तर, अदालतमा पुऱ्याइन्नथ्यो, हरेक दिन हत्या हुन्थ्यो, त्यसको जानकारी कसैलाई दिइँदैनथ्यो ।

**चीनको दोस्रो युवा आन्दोलन**

सन् १९३५ मा जापानले मन्चुरिया र भित्री मङ्गोलिया कब्जामा लियो र ठूलो पर्खालको दक्षिणको होपै चाहार क्षेत्रलाई 'स्वायत्त' बनाउन खोज्यो । च्याङ काई शेक जापानसँग लड्नुको अर्थ कम्युनिस्टको विजय सम्झन्थ्यो । जापान ठूलो पर्खालको दक्षिण र पेइचिङको बिचको भागलाई 'असैनिक क्षेत्र' घोषणा गराउन चाहन्थ्यो । त्यसको अर्थ अर्को पटक ती क्षेत्र जापानको नियन्त्रणमा जान्थ्यो । कोमिनताङ जापानसँग लड्ने पक्षमा थिएन र एक पुरानो राष्ट्रवादी सिपाही जनरल सुङ चे युयान (Sung Cheh–Yuan) लाई होपै चाहार 'स्वायत्त' क्षेत्रको जिम्मा सुम्पियो ।

सरकारको पछि हट्ने त्यस नीतिले उत्तरी चीनका सबै संवेदनशील जनता आत्तिए । अमेरिकी क्रिश्चियन येनचिङ विश्वविद्यालयका विद्यार्थीहरू रोई कराई गरी देशलाई बचाउन आफ्ना विदेशी प्राध्यापक र पत्रकारहरूसम्म पुगे ।

सन् १९३५ को डिसेम्बर महिना थियो, विद्यार्थीहरूको त्यो भावना स्नो परिवारले बुझ्यो र देश बचाउन विद्यार्थीहरूलाई उत्साहित गर्न थाल्यो । ९ डिसेम्बरको दिन पेइचिङका हजारौं युवा विद्यार्थीहरू 'नक्कली स्वाधीनता आन्दोलन मुर्दावाद !', 'विश्वासघातीहरूलाई पक्राउ गर !', 'जापानी साम्राज्यवाद मुर्दावाद !', 'चीनलाई बचाऊ !' जस्ता नाराहरू लगाएर प्रदर्शन, पर्चा, पोस्टर, पताका, उपचार दल, सम्चारेहरू र सञ्चालन समिति बनिसकेका थिए । प्रहरीले लाठी प्रहार गर्‍यो, हावामा गोली हान्यो, स्थिति भन् चर्क्यो । प्रदर्शनमा पसले, स्वास्नीमानिसहरू, किसान र ज्यामी, भिक्षुहरू, शिक्षक, साहुमहाजन, रिक्सावाल सबैले भाग लिए । त्यो आन्दोलन देशभरि फैलियो । देश-विदेशमा त्यही मुख्य समाचार बन्यो ।

१७ डिसेम्बर १९३५ का दिन पेइचिङ र थेनचिनमा दोस्रो व्यापक प्रदर्शन भयो । त्यसले व्यापकता लियो । जापान जिल्लियो, जनरल सुङले जापानको माग जनताको विरोधका कारण केही गर्न नसक्ने बतायो । जापानी जनेरल केन्जि डोइहारा (Kanji Doihara) लाई फिर्ता बोलाइयो । सन् १९१९ को मई महिनाको युवा आन्दोलनपछि ९ डिसेम्बर १९३५ को युवा आन्दोलन अत्यन्त महत्त्वपूर्ण रह्यो ।

त्यसबेला कम्युनिस्टहरूको लालइलाकालाई घेरामा राख्न राष्ट्रवादी सरकारको राष्ट्रपति च्याङ काई शेकले सियान (Xian) मा बलियो मन्चुरियाली सेना राखेको थियो । त्यसको उत्तरतिर शान्सि (Shansi) प्रान्तको येनान (Yenan) लाई चिनियाँ कम्युनिस्ट सरकारको राजधानी बनाइएको थियो । एड्गर स्नोलाई लालइलाकाको प्रधान कार्यालयबाट बोलावट आइपुग्यो । उनी र उनका एकजना घनिष्ठ साथी जर्ज हाटेम (George Hatem) सियान पुगे । त्यहाँबाट लुकीछिपी तिनीहरू शान्सि प्रान्तको येनान र पाओ आन (Pao An) पुगे । अहिलेको रोमन वर्णमालामा दिएको उच्चारणअनुसार (Bao'an) लेखिन्छ ।

***स्रोत: चार अन्तर्राष्ट्रवादी पत्रकार***

# पुरानो जगातीको ऐतिहासिक पुल उद्घाटन



भक्तपुर। भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनील प्रजापतिले असार २७ गते एक समारोहबिच पुरानो जगातीस्थित ऐतिहासिक पुलको उद्घाटन गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले 'हाम्रो ठाउँ हामीले नै बनाउने' भन्ने भावनाअनुसार स्थानीय स्रोत, साधन र जनसहभागिताबाट विकास निर्माणको काम गर्दा दिगो हुने बताउनुभयो।

उहाँले नेपालको पहिचान पुर्खाले छोडेर गएको कला, संस्कृति र सम्पदा भएकोले तिनको संरक्षण र मौलिक शैलीमा पुनर्निर्माण गर्नु आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँले ऐतिहासिक महत्त्व बोकेको पुल पुनः सञ्चालनमा आउनु सुखद भएको बताउँदै नेपाल मजदुर किसान पार्टीको जनमुखी सोचअनुसार भक्तपुर नगरपालिकाले सधैँ जनताको हितमा काम गर्दै आएको धारणा राख्नुभयो।

सम्पदाहरूको मौलिक शैलीमा पुनर्निर्माणले नगरको पहिचान जोगाएको र प्रचारभन्दा पनि जनतालाई प्रत्यक्ष लाभ पुग्ने कामलाई प्राथमिकता दिइएको उहाँको भनाइ थियो। साथै अनुशासित समाज निर्माणमा सबैको सक्रिय सहभागिता आवश्यक रहेको उहाँले बताउनुभयो।

वडा नं. ८ का अध्यक्ष कृष्णप्रसाद कोजूले पुल पुनर्निर्माणको लागि ५३ लाख रुपैयाँ लागत अनुमान गरिएकोमा ४४ लाख रुपैयाँमा निर्माण सम्पन्न भएको जानकारी दिनुभयो। उहाँले निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण स्थानीयवासीप्रति धन्यवाद व्यक्त गर्दै लिबालीमा चिस्यान केन्द्र पनि अब छिट्टै सञ्चालनमा ल्याइने जानकारी दिनुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी वडा नं. ८ का संयोजक लक्ष्मीनारायण दुवाल, उपभोक्ता समितिका अध्यक्ष बालगोविन्द तचामोले निर्माण कार्यको बारेमा बोल्नुभएको थियो। उक्त कार्यक्रममा स्थानीय रामप्रसाद किसी र जगतसेर गोसाईंले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। वडा सदस्य कृष्णलाल किसीले पनि बोल्नुभएको थियो।

# आदर्श आजादमा मार्गनिर्देश एवम् बिदाइ कार्यक्रम

भक्तपुर। आदर्श आजाद माध्यमिक विद्यालय भक्तपुर नपा - ५ बाट कक्षा १२ को परीक्षामा सफल भएका विद्यार्थीलाई आइतबार बधाईज्ञापन, मार्गनिर्देशन एवम् बिदाइ कार्यक्रम गरियो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले भन्नुभयो, "प्रत्येक मानिस सफल हुने एउटा आधार अनुशासन हो। विद्यालय शिक्षा पार गरिसकेपछि विश्वविद्यालय शिक्षाको लागि औपचारिक प्रमाणपत्र मात्र भएर पुग्दैन; व्यवहारिक ज्ञान, सीप र क्षमता हुनुपर्छ। ज्ञानलाई सही ढङ्गले प्रयोग गर्न पाठ्यपुस्तकमात्र होइन, साहित्य, लेख रचना, दर्शन पढ्नुपर्छ।"

आदर्श आजाद कलेजका प्राचार्य श्रीकृष्ण किसीले स्वदेशमा नै उच्च शिक्षा अध्ययन गर्नुपर्दछ र देशभित्र नभएका विषयमात्र विदेशमा गई अध्ययन गरी सिकेका कुराहरू आफ्नै देशमा प्रयोग गर्नुपर्छ भन्नुभयो।

आदर्श आजाद माविका पूर्वप्रधानाध्यापक चक्रबहादुर चाकतुले हरेक व्यक्तिले देशको रक्षा गर्न, विकास गर्न र जनताको सेवा गर्न देशभक्त भई काम गर्नुपर्छ भन्नुभयो।

आदर्श आजाद कलेज एवम् माविका शिक्षक प्रेमजन थापा श्रेष्ठले शिक्षाशास्त्र सङ्कायको महत्त्वबारे प्रकाश पार्नुभयो।

कार्यक्रममा कक्षा ११/१२ का इन्चार्ज शिवराज बोहजु र शिक्षक पुण्यश्वरी सुलुले पनि बधाई मन्तव्य तथा मार्गनिर्देश गर्नुभयो। विद्यार्थी प्रतिनिधि प्रतिमासिंह ठकुरीले मन्तव्य दिनुभएको थियो।

कार्यक्रम विद्यालयका प्रधानाध्यापक सुभद्रा दुवालको सभापतित्वमा भएको थियो।

**ऐतिहासिक....**

उहाँले जनता सचेत भएकै कारण त्यसबेलाका भ्रष्टाचारीलाई उल्टो टोपी लगाएर कारबाही गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, "जबसम्म जनता सचेत हुँदैनन् तबसम्म देशमा भ्रष्टहरू चलबलाइरहेका हुन्छन्। सचेत र सङ्गठित भएमा हरेक कार्यक्रम र आन्दोलन सफल हुन्छ।"

उहाँले वर्तमान सरकारले पुराना ठूला भनिएका पार्टीहरूले जस्तै जनता र देशको हितमा काम नगरी देशलाई ऋण् ऋणको भार बोकाएको, जनताको अति आवश्यक शिक्षा, स्वास्थ्य र बत्तीमा कर लगाउने नीति लिएको, स्वास्थ्य बीमा खारेज गर्न खोजिएको, पेट्रोलियम पदार्थ र खाद्यान्नमा महँगी पारेको, किसानलाई राहत दिनुको सट्टा धनीलाई पोस्ने हिसाबले २ करोड लगानी गर्ने किसानलाई ४० प्रतिशतसम्म अनुदान दिने खालको योजना अघि सारेर जनविरोधी काम गरिरहेको बताउनुभयो।

नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले विगतको इतिहासलाई सम्झेर वर्तमान युवा पुस्ताले शिक्षा लिनुपर्ने उल्लेख गर्दै हिजो थोरै भ्रष्टाचार हुन्थ्यो भने अहिले करोडौँ करोडको नीतिगत भ्रष्टाचार भइरहेको छ भन्नुभयो।

उहाँले सिंहदरबारको भ्रष्टाचार गाउँ-गाउँसम्म पुगेको विचार व्यक्त गर्दै जबसम्म जनताको शासन समाजवाद आउँदैन तबसम्म जनताको हित नहुने बताउनुभयो। उहाँले जनता सचेत र सङ्गठित हुनुपर्नेमा जोड दिनुभयो।

सो कार्यक्रममा सूनपा नेमकिपा नगर समितिका सचिव महेन्द्र बखुन्छैं, नेक्राकिसङ्घ नगर अध्यक्ष राजेन्द्र बखुन्छैं, प्रेम तामाङ र प्रकाश तामाङले पनि बोल्नुभएको थियो।

**सूर्यविनायकमा भ्रष्टाचारविरोधी आन्दोलनको संस्मरण**

भक्तपुर। नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नगर वडा नं. ५ समितिको आयोजनामा 'भ्रष्टाचारविरोधी आन्दोलन'को संस्मरण कार्यक्रम आइतबार भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य कमलमैयाँ सुवालले इतिहासबाट सिक्नुपर्ने र अग्रजहरूको योगदानलाई कदर गर्नुपर्ने बताउनुभयो।

२०२५/२६ सालको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण गर्दै उहाँले भ्रष्टाचारविरोधी आन्दोलनको सार्थकता आज पनि उत्तिकै रहेको बताउनुभयो।

हिजोका शासकहरूले देश र जनताको इमानदारीपूर्वक सेवा नगरेको कारण भदौ २३-२४ को घटना भएको उल्लेख गर्दै उहाँले अहिलेको सरकारले पनि जनताको भावनाअनुसार नभई विदेशीको इसारामा काम गरिरहेको छ भन्नुभयो।

नेमकिपा सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छैंले पार्टीका अग्रज कार्यकर्ताहरू सचेत र सङ्गठित भएकै कारण २०१९ साल र २०२४ सालको भ्रष्टाचारविरोधी आन्दोलन सफल भएको बताउनुभयो।

भ्रष्टाचार निर्मूल नभएसम्म देश र जनताको हित नहुने उहाँले उल्लेख गर्नुभयो।

रामकृष्ण बखुन्छैंको सभापतित्वमा भएको उहाँ कार्यक्रममा राजेन्द्र बखुन्छे र राधेश्याम भुजुले पनि बोल्नुभएको थियो।

**सुकुमवासी...**

र सहर तथा वार्डका नागरिक हुन् भन्ने थाहा पाउनासाथै तिनीहरूका वर्ग थाहा पाएपछि समस्या समाधान सजिलो हुनेबारे दुईमत नहोला।

छिमेकी भारतको विहार र उत्तर प्रदेशका सहरभन्दा र ठूलठूला घाटबाट टाढा भएपछि यस्तै दृश्य देखिन्छन्। त्यहाँ गरिब जनता पाउँछन् भने यहाँ सुकिला लुगा लगाएका भेटिन्छन्। भारतीय समाचारपत्रहरू 'शङ्कर' नामका व्यङ्ग्य चित्रकारको 'टाइम्स अफ इन्डिया' र अरू पत्रपत्रिकामा पाइन्थ्यो, 'प्रहरीले जाऊ जाऊ पाल हटाऊ', मैले यो पाल बाढी पीडितहरूलाई बाँड्न ल्याउँदा किनेर ल्याएको' जवाफ दिन्छन्।

नदी किनार र सहरको ढल बनाउने योजनामा फमेला भएपछि त्यस्ता ढलको पाइपमा परिवारै बसेकालाई प्रहरीले धपाउनको लागि भन्छन्, "कसले भन्यो यहाँहरू बस्न ?" "यहाँ पाइप ओसार्ने ज्यामीहरूले केही नभनेर हामी परिवार बस्न आएको, हाम्रो कुनै घरबार छैन।" उनीहरूले भने।

यदि प्रहरीले यहाँ बस्न कुन कानुनले दियो तिमीलाई भनेको भए ती शरणार्थीहरूले भन्ने थिए, "कुन कानुनले यसमा घर-परिवार नचलाउनु भन्ने लेखेको छ।"

'सरकारले खोला छेउबाट उठाएर सुकुमवासीलाई खोला छेउमै राख्यो, मध्यरातमा बाढी पसेर बिल्लीबाठ' शीर्षकमा छाप्यो (नयाँ पत्रिका, २८ असार २०८३)

मध्यरातमा, बिहान र दिउँसो तराईका जिल्ला जिल्लामा मुसहर, अन्य 'तल्लो जात' र गरिब जनताको दृष्टिमा कहिले यस्ता समस्या समाधानको उपाय बनाएको जनतालाई बताएका छन् र ? काठमाडौँको विष्णुमती खोला किनारमा एक आना भूमि कानुनी रीत पुऱ्याई एक काङ्ग्रेस मन्त्रीले लालपुर्जा बनाए। तर, एक वर्षपछि रोपनीका रोपनी भूमि चर्चेको लगापात बनाइयो। 'नेताजी' को भनाइमा काठमाडौँका 'ज्यापू' किसानहरूले जग्गाको महत्त्व बुझेका छैनन्; त्यसको मैले उपयोग गरेर देखाएको हो। के यहाँ पनि सुकुमवासी शब्द उपयुक्त छ ?

कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

❖ कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
❖ आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
❖ उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
❖ जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
❖ कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
❖ विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
❖ स्थानीय जातका धानहरूको संरक्षण र प्रवर्द्धन गरौं,
❖ व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण** प्रधान

# सरकारको चाल न हाँसको न कुखुराको !

नेताहरूको भाषण र दलको आकारले सिद्धान्त, नीति र व्यवहारलाई राम्रो प्रदर्शन गर्दैन। हिजोका नेका, एमाले, कम्युनिस्ट पार्टी, राप्रपा र मधेसवादी दलहरू हिजो आन्दोलनबाटै आएका दलहरू हुन् र निर्वाचनमा विजयी भएर बरोबर सत्तामा पुगेका पनि थिए। राजनीतिक दल र तिनीहरूको खोटो र छिपछिपे चिन्तनले न आफ्नो न देशको भलो हुन्छ भन्ने कुरा परिणामले देखायो।

आज नसुल्फिएका समस्या र अप्ठ्याराहरू आजको सरकारको होइन बरु ती पुराने सरकारहरूले पालेका समस्याहरू हुन्। ती समस्याहरूको डङ्गुर देखेरै आजको सरकारका मन्त्रीहरूको सातो-पुतलो हराइसकेका छन्, सम्हाल्ने र सुल्झाउन थप समय लाग्नेछ। केही उदाहरण तल छन् -

(क) हुलाकी सडक - 'चार किमि सडक बनाउन चारै पटक ठेक्का'
(ख) मुगुको समाचार हो - '६० करोडको सडक योजना तीन वर्षमा दुई प्रतिशतमात्रै प्रगति'
(ग) 'सरकार पुँजीगत बजेट खर्चिन असफल', 'पुँजीगत खर्च ४४.५२ प्रतिशत, ढुकुटी ३ खर्ब घाटामा'
(घ) 'प्रदेशमा पेचिलो बन्दै सत्ता किचलो'
(ङ) राष्ट्रिय स्तरको गम्भीर विवाद पुनः बल्भिँदै छ 'स्थानीय सरकार गैरदलीय' (नागरिक, २९ असार २०८३)

## नेपाल-भारत सम्बन्धबारे

'नेपालले सुस्तामा बढायो सुरक्षा उपस्थिति, भारतले देखायो चासो।' (कान्तिपुर, २९ असार, २०८३) तर यो समस्या आजको होइन।

२०१९ असार १५ गते भारतमा उपपरराष्ट्र मन्त्री दिनेश सिंहको भारतीय लोकसभामा भनेका थिए, "नेपाली पुलिसहरूले भारतीय सीमामा बाह्र पटक अतिक्रमण गरेर सात पटक भारतीय नागरिकलाई दुःख दिए।"

यसप्रति तत्कालीन श्री ५ को सरकार परराष्ट्र मन्त्रालयका प्रवक्ताको भनाइ "नेपाली प्रहरीहरूलाई भारतीय सीमाभित्र अनाधिकार प्रवेश नगर्नु भन्ने स्पष्ट निर्देशन दिइएको छ र प्रहरीका जवानहरूले उक्त आदेशको पूर्णतया पालन गरेका छन्" भन्ने थियो। (नेपालको राजनीतिक दर्पण' दोस्रो भाग, पृष्ठ ४०४) ग्रीष्मबहादुर देवकोटाको तेस्रो भाग पुस्तक विसं २०४० सन् १९८३ मा प्रकाशित भएको थियो।

## सुकुमवासीको घर छैन, राज्यको भर छैन - अन्नपूर्ण पोस्ट, २८ असार २०८३

तर, हिजोदेखि प्रश्न उठेको उठेकै छ - सुकुमवासीहरू कुन जिल्ला, गाउँ र वार्डका हुन् ? घर नहोला, तर जन्मेको ठाउँ, आमा-बाबुको घरको ठेगाना त पक्कै होला।

साथै ती सुकुमवासीहरूलाई काठमाडौँ उपत्यकाजस्तो जटिल ठाउँमा कुन दलको सरकारले ल्याएको हो - कुन अवसर र उद्देश्यको निम्ति निर्क्योल गर्नु आवश्यक थियो। यति प्रश्नको उत्तर आए पनि समस्या समाधानको आधा कुरा टुङ्गिन्छ।

सत्य के हो भने घर र जग्गा नहुँदै मानिस गरिब हुँदैन। के काठमाडौँ उपत्यका आउने नेपालका धनाढ्यहरूको काठमाडौँमा घर होला र ! ठूलठूला र अग्ला अग्ला घरहरूका आजका सबै व्यक्तिहरू हिजो धनीमात्र थिए र आज एक तला वा एक-कोठा लिएर बसेका छन्।

पुस्तौँदेखि काठमाडौँकै व्यक्तिहरूको घर थिएन र आज काम पाएपछि घर बनाउन थालेका छन्।

२९ असार २०८३ को 'अन्नपूर्ण पोस्ट' ले लेख्यो - 'मन्त्रिपिच्छे आश्वासनका पोका, सुकुमवासीलाई छैन भरोसा।' यसरी एक ठाउँबाट अर्को ठाउँमा सार्दैमा के समस्याको समाधान होला ?

२०/२५ वर्षअगाडि एक आना जग्गाको मूल्य रू. ६० हजार थियो भने अहिले ४५ लाख पुग्यो। यसरी उपत्यकाको कुनै पनि ठाउँको एकदेखि ४ आनासम्म जग्गा पाउने लोभ पलायो र पूरा भयो भने त्यो कल्पना र परिणाम दुर्भाग्यपूर्ण हुन्छ। यसकारण, सुकुमवासीहरूको पहिचान महत्त्वपूर्ण छ।

**कविता**

## आत्मदाह गरायो कसले ?

● स्नेह

ऋणमा चौडा पार्ने सुरु भयो
सूर्यविनायक-साँगा सडक
नक्कली बिल पेस गरायो कसले ?
मिलेमतोमा भुक्तानी भयो कसरी ?

आत्मदाह गरायो कसले ?
हवील लक लगायो कसले ?
खरानीमा टेकेर को को आए ?
उनीहरूले दिनुपऱ्यो जवाफ

लालपुर्जा दिनु सजिलो हो ?
सुकुमवासी छुट्याउनु गाह्रो हो ?
वैदेशिक रोजगारी सजिलो हो ?
देशभित्र रोजगारी पो गाह्रो ?

(२०८३ असार २९)

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३